| १४४ | श्री गिता अधिकारी (घिमिरे) | सेवा निवृत्त राष्ट्रसेवक (ब.पुस्त. अधिकृत) | लोक सेवा आयोग |
| १४५ | श्री नवराज लम्साल | सेवा निवृत्त राष्ट्रसेवक (तथ्याङ्क उपसचिव) | लोक सेवा आयोग |
| १४६ | श्री प्रेमबहादुर श्रेष्ठ | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४७ | श्री गंगाराम प्रजापति | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४८ | श्री रेवती के.सी. | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४९ | श्री रामप्रसाद ढुंगाना | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५० | श्री बालकुमार खतिवडा | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५१ | श्री रामप्रसाद आचार्य | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५२ | श्री प्रेमनारायण पन्थी | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५३ | श्री विष्णुदास हाडा | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५४ | श्री राजकुमारी मल्ल | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५५ | श्री चतुरे रेग्मी | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५६ | श्री ऋषिकेश चम्लागाईं | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५७ | श्री लक्ष्मी प्रसाद पराजुली | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५८ | श्री रविन्द्रकुमार भण्डारी | सेवा निवृत्त राष्ट्रसेवक (अ.प्रेस सुपरभाइजर) | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १५९ | श्री रामकुमारी श्रेष्ठ | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १६० | श्री गीतादेवी माली | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १६१ | श्री प्रेमकुमार सैंजू | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १६२ | श्री देबेन्द्र बैद्य | सेवा निवृत्त राष्ट्रसेवक (सि.बुक बाइन्डर) | लोक सेवा आयोग |
| १६३ | श्री अशोककुमार गुरूङ | सेवा निवृत्त राष्ट्रसेवक (सि. कम्पोजिटर) | लोक सेवा आयोग |
| १६४ | श्री चिरन्जीवी ज्ञवाली | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६५ | श्री इन्दिरा सुवेदी | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६६ | श्री सविता निरौला | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६७ | श्री रश्मी सिंह | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६८ | श्री ऋषिराम धिताल | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६९ | श्री शिवनाथ अर्याल | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १७० | श्री बलराम खत्री | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १७१ | श्री मणिरामप्रसाद उपाध्याय | सेवा निवृत्त राष्ट्रसेवक (लेखापाल) | लोक सेवा आयोग |
| १७२ | श्री विष्णुबहादुर कुँवर | सेवा निवृत्त राष्ट्रसेवक (का.स.) | लोक सेवा आयोग |
| १७३ | श्री माधवप्रसाद भट्टराई | सेवा निवृत्त राष्ट्रसेवक (का.स.) | लोक सेवा आयोग |
| १७४ | श्री रत्ना चौधरी | सेवा निवृत्त राष्ट्रसेवक (का.स. सुर्खेत) | लोक सेवा आयोग |
| १७५ | श्री शिवकुमार पाण्डे | सेवा निवृत्त राष्ट्रसेवक (का.स.) | लोक सेवा आयोग |
| **स्मारिका प्रकाशनमा लेख प्रकाशन भएका महानुभावहरू** *(माथि समावेश भएका बाहेक)* | | | |
| १ | श्री आनन्दमोहन भट्टराई | | |
| २ | श्री काशीराज दाहाल | | |
| ३ | श्री केदारभक्त माथेमा | | |
| ४ | श्री गीताकुमारी होमेगाई | | |
| ५ | श्री घनश्याम भट्टराई | | |
| ६ | श्री जया पाण्डे | | |
| ७ | श्री दिनेश पन्त | | |
| ८ | श्री द्वारिकानाथ ढुङ्गेल | | |
| ९ | श्री बालानन्द पौडेल | | |
| १० | डा. भगवान कोईराला | | |
| ११ | श्री भोजराज पोखरेल | | |
| १२ | श्री मधुरमण आचार्य | | |
| १३ | श्री महेन्द्रनाथ अर्याल | | |
| १४ | श्री रामचन्द्र मान सिंह | | |
| १५ | श्री लक्ष्मीविलास कोईराला | | |
| १६ | डा. लवदेव अवस्थी | | |
| १७ | श्री विमल वाग्ले | | |
| १८ | श्री शंकरप्रसाद कोइराला | | |
| १९ | प्रा.डा. श्रीकृष्ण श्रेष्ठ | | |
| २० | श्री सुरेन्द्रबहादुर शाह | | |
| २१ | डा. सुवर्ण शाक्य | | |

# अनुसूची -२: विशेष प्रकाशन

योग्यता
निष्पक्षता
स्वच्छता

# सन्दर्भः लोक सेवा आयोगको ७६औँ वार्षिकोत्सव

७६औँ वार्षिकोत्सव

## सङ्क्षिप्त परिचय

सम्वत् २००७ सालको ऐतिहासिक राजनीतिक परिवर्तन पश्चात सोही वर्ष जारी भएको नेपालको अन्तरिम शासन विधानको धारा ६४ बमोजिम वि.सं. २००८ साल आषाढ १ गते "नेपाल पब्लिक सर्भिस कमिसन" को नामबाट लोक सेवा आयोगको विधिवत् स्थापना भएको हो। वि.सं. २००८ देखि हाल वि.सं. २०८३ सालसम्म आइपुग्दा निष्पक्ष र स्वच्छ कार्यप्रणालीको माध्यमबाट आयोग आम नेपालीको विश्वास र भरोसाको केन्द्रका रूपमा निरन्तर स्थापित भएको छ।

लोक सेवा आयोग सार्वजनिक प्रशासनका लागि उपयुक्त र योग्य उम्मेदवार छनोट गर्ने विशिष्टीकृत संवैधानिक निकाय हो। आयोगको गठन, काम, कर्तव्य र अधिकारका सम्बन्धमा नेपालको संविधानको भाग २३ अन्तर्गत धारा २४२ र धारा २४३ मा व्यवस्था गरिएको छ। यस अनुसार, आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य गरी कुल ५ जना पदाधिकारी रहने व्यवस्था छ। उक्तमध्ये कम्तीमा पचास प्रतिशत सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म सरकारी सेवामा रहेका अनुभवी व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका लब्धप्रतिष्ठित विज्ञहरू मध्येबाट नियुक्त हुने संवैधानिक प्रावधान रहेको छ। आयोगका अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने र पुनः नियुक्ति हुन नसक्ने प्रावाधानले यसको स्वायत्तता र निष्पक्षतालाई थप सुदृढ बनाएको छ।

नेपालको संविधानको धारा २४३ बमोजिम निजामती सेवाका पदहरूमा उपयुक्त उम्मेदवार छनोटका लागि परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको मुख्य कर्तव्य हो। संविधानले संघीय निजामती सेवाका सर्तसम्बन्धी कानुन, स्थायी नियुक्ति, बढुवा, विभागीय कारबाही, सेवा परिवर्तन वा स्थानान्तरण, तथा निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनुपर्ने अनिवार्य व्यवस्था गरेको छ। साथै, धारा १५४ बमोजिम न्याय सेवा आयोगको परीक्षा सञ्चालन गर्ने र सो सेवाको राजपत्राङ्कित पदमा नयाँ भर्ना वा बढुवाका लागि सिफारिस गर्ने अधिकार समेत यसै आयोगमा निहीत छ।

## सुरक्षा निकाय र सङ्गठित संस्थाको पदपूर्ति

नेपालको संविधानको धारा २४३ को उपधारा (२) अनुसार सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्दछ। सोही धाराको उपधारा (३) र (४) मा सरकारी सुरक्षा निकाय र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा र संगठित संस्थाको सेवाका पदमा बढुवा र विभागी कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ।

विज्ञापन प्रकाशनका लागि लोक सेवा आयोगले सहमति प्रदान गरेपछि सम्बन्धित संस्थाले विज्ञापन प्रकाशन गरी दरखास्त आह्वान गर्दछन्। तत्पश्चात, लिखित परीक्षा सञ्चालन गर्ने र लिखित नतिजा प्रकाशन गर्ने कार्य लोक सेवा आयोगले गर्दछ भने अन्तर्वार्ता लिने र अन्तिम छनोट गर्ने कार्य सम्बन्धित संस्थाका पदपूर्ति समितिहरूबाट हुने गर्दछ। हाल आयोगका पदाधिकारी तथा कर्मचारीहरूले ४ वटा सुरक्षा निकाय र ९९ वटा सङ्गठित संस्थाका यस्ता पदपूर्ति समितिहरूमा प्रतिनिधित्व गर्दै आएका छन्। आर्थिक वर्ष २०८१/८२ को अवधिमा त्यस्ता संस्थाका कुल १७,४९२ पदहरूको विज्ञापनका लागि सहमति प्रदान गरिएको छ।

## आयोगको ऐतिहासिक विकासक्रम




## कार्यसम्पादनका सिद्धान्त

योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, द्वि-अन्ध सिद्धान्त, परिचय-शून्यता, असंलग्नता र गोपनीयतालाई आयोगको कार्यसम्पादनका मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरिएको छ। यी सिद्धान्तहरूले आयोगबाट सञ्चालन हुने परीक्षा एवम् निर्णय प्रकृयाहरू गुणस्तरीय, स्वच्छ र पूर्वाग्रहरहित हुने सुनिश्चितता प्रदान गर्दछन्। कामकारबाहीमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व कायम गर्दै आयोगका विज्ञापनहरूमा योग्यता पुग्ने सवै नेपाली नागरिकको पहुँच सुनिश्चत गरिन्छ।

यसका साथै, द्वि-अन्ध सिद्धान्त मार्फत पदपूर्ति प्रक्रियाको कुनै गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाका अन्य चरणमा पहुँच नहुने सुनिश्चित गरिन्छ। त्यसैगरी, दरखास्त दिने उम्मेदवारको परिचय अलग गरी उत्तरपुस्तिकाको परीक्षण गरिन्छ भने आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार उम्मेदवार भएको अवस्थामा उनीहरूलाई गोप्य कार्यबाट अलग राखिन्छ। यस कार्यप्रणाली मार्फत आयोगले निजामती सेवामा उपयुक्त उम्मेदवार छनोट गर्ने लगायतका संवैधानिक जिम्मेवारीहरू प्रभावकारी ढंगले निर्वाह गर्दै आएको छ।




## आयोगमा भएका सुधार तथा नवप्रवर्तन

लोक सेवा आयोगले तीन मूल मन्त्र 'योग्यता, निष्पक्षता र स्वच्छता' अवलम्वन गर्दै कार्यसम्पादन गरिरहेको छ। निजामती सेवामा उपयुक्त उम्मेदवार छनोट गर्ने संवैधानिक जिम्मेवारीलाई प्रभावकारी ढंगले पूरा गर्न आयोगले विभिन्न नवीन प्रविधिहरू समेत अवलम्बन गर्दै उम्मेद्वार छनोट प्रणालीमा निरन्तर सुधार गर्दै आएको छ।

**अनलाइन दरखास्त प्रणाली**: वि.सं. २०७१/१२/२३ देखि विद्युतीय माध्यमबाट दरखास्त संकलन गर्ने गरी अनलाइन दरखास्त प्रणाली लागू गरिएको छ। महालेखा नियन्त्रक कार्यालयको 'Revenue Management Information System (RMIS)' सँग उक्त प्रणालीलाई आबद्ध गरी Mobile Wallet e-Sewa लगायतका माध्यमहरूको प्रयोगबाट दरखास्त दस्तुर बुझाउन सकिने e-payment व्यवस्था लागू गरिएको छ।

**उत्तरपुस्तिका परीक्षण प्रणाली**: आयोगको परीक्षालाई बढी निष्पक्ष बनाउन राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका सबै सेवाका उत्तरपुस्तिकाहरू दुई जना विज्ञबाट परीक्षण गराउने र दुई जनाको परीक्षणको प्राप्ताङ्कमा ठूलो अन्तर देखिएमा तेस्रो विज्ञबाट परीक्षण गराउने व्यवस्था, आयोगकै कार्यकक्षमा उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था गरिएको छ। वस्तुगत बहुवैकल्पिक उत्तरपुस्तिका परीक्षण कार्यमा प्रविधिको प्रयोग गर्दै Optical Mark Reader Machine (OMR) मार्फत स्वचालित रूपमा वस्तुगत उत्तरपुस्तिका परीक्षण गर्ने कार्य हुँदै आएको छ।

**परीक्षण विधि**: नवीन विधिको रूपमा विकसित 'Assessment Centre Methodologies (ACM)' लाई क्रमशः लागू गर्दै जाने नीति अनुरूप राजपत्राङ्कित प्रथम श्रेणीमा 'मामिला प्रस्तुतीकरण (Case Presentation)' र राजपत्राङ्कित द्वितीय श्रेणीका लागि 'In Basket Exercise' को व्यवस्था, राजपत्राङ्कित तृतीय श्रेणीका लिखितमा सफल उम्मेदवारहरूका लागि सामूहिक छलफल जस्ता परीक्षण प्रविधिलाई प्रयोगमा ल्याइएको छ।

**लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन**: आयोगको स्थापित कार्यप्रणालीलाई प्रदेशस्तरमा संस्थापन एवं संवर्द्धन गर्ने उद्देश्य सहित प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा वि.सं. २०७७ साल देखि हरेक वर्ष फागुन महिनामा लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन सञ्चालन गर्ने गरिएको छ। हालसम्म वि.सं. २०७७ सालमा काभ्रेपलाञ्चोक जिल्लामा, २०७८ सालमा रूपन्देही जिल्लामा, २०७९ सालमा कैलाली जिल्लामा, वि.सं. २०८० सालमा सुर्खेत जिल्लामा, २०८१ सालमा मोरङ जिल्लाको विराटनगरमा र २०८२ सालमा कास्की जिल्लाको पोखरामा गरी ६ वटा सम्मेलनहरू सम्पन्न भएका छन्।

## आयोगको कार्यसम्पादनः इन्फोग्राफिक्स

### गत १० वर्षमा विज्ञापन, दरखास्त र सिफारिस

| आ.व. | विज्ञापित पद | दरखास्त | सिफारिस (अघिल्ला आ.व.का विज्ञापनबाट) |
|---|---|---|---|
| २०८१/८२ | ३१८१ | ४५९८३४ | २५९२ |
| २०८०/८१ | ३६६० | ४७३४९० | २६८८ |
| २०७९/८० | ३३५७ | ४८३२०३ | ३६७५ |
| २०७८/७९ | ३७२७ | ३६५४३४ | २६७२ |
| २०७७/७८ | ३७५४ | ५३३५४८ | १३८ |
| २०७६/७७ | ४७५४ | ४५१५२६ | ३०४ |
| २०७५/७६ | ११७४ | १४३८४० | ४५७४ |
| २०७४/७५ | ५९७० | ५६७८५३ | ७७१८ |
| २०७३/७४ | १०३६८ | ८४४२९७ | ९५६५ |
| २०७२/७३ | १३०४७ | ५९५०३१ | ५६३८ |

### विज्ञापनको प्रवृत्ति




### दरखास्तको प्रवृत्ति




### उम्मेदवार सिफारिसको प्रवृत्ति




## समावेशी समूहका लागि लक्षित विज्ञापनबाट हालसम्म भएको पदपूर्ति

| आर्थिक वर्ष | समावेशी विज्ञापनमा सिफारिस | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | जम्मा |
| २०८१/०८२ | ३६५ | २७३ | २३३ | ९६ | ४६ | ४३ | १,०५६ |
| २०८०/०८१ | ३४१ | २८२ | २४८ | १०४ | ४९ | ४२ | १,०६६ |
| २०७९/०८० | ५०० | ४०१ | ३१० | १३३ | ५८ | ५८ | १,४६० |
| २०७८/०७९ | ३८० | २८८ | १९१ | ७४ | ५३ | ३७ | १,०२३ |
| २०७७/०७८ | ९ | ६ | २ | १ | २ | ० | २० |
| २०७६/०७७ | ३९ | २६ | २४ | ७ | ३ | ४ | १०३ |
| २०७५/०७६ | ६२५ | ५०९ | ४०९ | १६८ | ९५ | ७७ | १,८८३ |
| २०७४/०७५ | १,०८८ | ८५८ | ७११ | २९२ | १६३ | १३२ | ३,२४४ |
| २०७३/०७४ | १,३८३ | १,०२६ | ९०१ | ३८५ | १८९ | १४२ | ४,०२६ |
| २०७२/०७३ | ७९७ | ६२९ | ५०३ | २१३ | १०१ | ९५ | २,३३८ |
| २०७१/०७२ | ६३९ | ५४७ | ४५४ | १६८ | ९५ | ७६ | १,९७९ |
| २०७०/०७१ | ६२६ | ५०९ | ३८४ | १७३ | ९१ | ७१ | १,८५४ |
| २०६९/०७० | ३७२ | ३१८ | २५४ | १०६ | ५१ | ३५ | १,१३६ |
| २०६८/०६९ | ३५२ | २८० | २१२ | ९९ | ४० | ३० | १,०१३ |
| २०६७/०६८ | ४७१ | ३७१ | ३०० | १०५ | ५९ | ४३ | १,३४९ |
| २०६६/०६७ | ४९५ | ३६८ | ३१९ | १४२ | ६४ | ४३ | १,४३१ |
| २०६५/०६६ | ११७ | ९४ | ९१ | ३६ | १५ | १२ | ३६५ |
| २०६४/०६५ | ३६६ | २४५ | १८३ | ८४ | ३३ | १७ | ९२८ |
| कुल जम्मा | ८,९६५ | ७,०३० | ५,७२९ | २,३८६ | १,२०७ | ९५७ | २६,२७४ |

## समावेशी समूहका उम्मेदवार सिफारिसको अवस्था

| आ.ब. | विवरण | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. |
|---|---|---|---|---|---|---|---|
| २०८१/०८२ | खुलाबाट सिफारिस | ३१६ | ११७ | ११७ | ३२ | १६ | १९० |
| | समावेशीबाट सिफारिस | ३६५ | २७३ | २३३ | ९६ | ४६ | ४३ |
| २०८०/०८१ | खुलाबाट सिफारिस | २६२ | ७३ | १३४ | ३३ | १६ | ९७ |
| | समावेशीबाट सिफारिस | ३४१ | २८२ | २४८ | १०४ | ४९ | ४२ |
| २०७९/०८० | खुलाबाट सिफारिस | ३७२ | २०५ | २४२ | ३३ | २७ | १५८ |
| | समावेशीबाट सिफारिस | ५०० | ४०१ | ३१० | १३३ | ५८ | ५८ |
| २०७८/०७९ | खुलाबाट सिफारिस | २३७ | १३९ | १०६ | २५ | २४ | ९४ |
| | समावेशीबाट सिफारिस | ३८० | २८८ | १९१ | ७४ | ५३ | ३७ |
| २०७७/०७८ | खुलाबाट सिफारिस | ४ | ७ | ० | ० | ० | १ |
| | समावेशीबाट सिफारिस | ९ | ६ | २ | १ | २ | ० |
| २०७६/०७७ | खुलाबाट सिफारिस | ८ | ९ | १७ | १ | ० | ० |
| | समावेशीबाट सिफारिस | ३९ | २६ | २४ | ७ | ३ | ४ |
| २०७५/०७६ | खुलाबाट सिफारिस | ५४६ | २३७ | ३४३ | ४१ | ३६ | १७२ |
| | समावेशीबाट सिफारिस | ६२५ | ५०९ | ३८२ | १५१ | ९५ | ७७ |
| २०७४/०७५ | खुलाबाट सिफारिस | १,०८८ | ८५८ | ७११ | २९२ | १६३ | १३२ |
| | समावेशीबाट सिफारिस | ८६९ | ५५१ | ५४२ | ८६ | ४५ | ४८५ |
| २०७३/०७४ | खुलाबाट सिफारिस | १,८६७ | ८२८ | ७१४ | १११ | ७८ | १४२ |
| | समावेशीबाट सिफारिस | १,३८३ | १,०२६ | ९०१ | ३८५ | १८९ | ३८२ |
| खुला विज्ञापनबाट सिफारिस समावेशी समूहका उम्मेदवार | | ४,७०० | २,४७३ | २,३८४ | ५६८ | ३६० | ९८६ |
| समावेशी विज्ञापनबाट सिफारिस उम्मेदवार | | ४,५११ | ३,३६२ | २,८३३ | १,०३७ | ५४० | ११२८ |

## अनुसुची-३

## प्रमुख अतिथिको मन्तव्य

## सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले गर्नुभएको सम्बोधन

लोकसेवा आयोगका अध्यक्ष,
समितिका माननीय सभापति,
संवैधानिक निकायका प्रमुख एवम् आयोगका पदाधिकारी,
राष्ट्रसेवक कर्मचारी,
उपस्थित महिला तथा सज्जनवृन्द ।

देशको पुरानो संवैधानिक निकायका रूपमा रहेको लोक सेवा आयोग ७६औं वर्षमा प्रवेश गरेको ऐतिहासिक अवसरमा आयोग परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रूपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले साढे सात दशक भन्दा बढीको यो अवधिमा आफ्नो मूल सिद्धान्त "योग्यता, निष्पक्षता र स्वच्छता" लाई प्रमुख आधार मान्दै निरन्तर क्रियाशील रहनु प्रशंसनीय पक्ष हो । निष्पक्षता र योग्यताको मामिलामा आम नेपाली जनताले यस आयोगप्रति राखेको अटल र उच्चतम भरोसा र विश्वास नै आयोगको सबै भन्दा ठूलो पुँजी हो भन्ने मेरो बुझाई रहेको छ ।

स्वउत्प्रेरित, उच्च नैतिकवान, अनुशासित, जिम्मेवार र राष्ट्रप्रति सद्भाव भएका कर्मचारीले मात्र मुलुकमा प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सक्दछन् भन्ने यथार्थलाई हामीले विर्सन हुँदैन । आयोग सरकारी सेवामा कर्मचारी छनौट र भर्नाको जग हो । यसले सदैव असल र उम्दा कर्मचारी छनौट गर्न सक्ने गरी आफ्ना कामलाई आधुनिक प्रविधिमा आधारित बनाउँदै कर्मचारी छनौटमा समयसापेक्ष परीक्षण विधि/प्रविधि अवलम्बन गर्दै जानुपर्ने हुन्छ ।

कर्मचारी छनौट, बढुवा र परामर्शका क्षेत्रमा आयोगले आजसम्म गरेको योगदानसँगै आर्जन गरेको विश्वास, भरोसा एवम् प्रतिष्ठालाई कायम राख्दै अघि बढ्नेतर्फ आयोगले कुनै कसर बाँकी राख्ने छैन भन्ने मैले विश्वास लिएको छु ।

संविधानमा निजामती सेवाका विभिन्न पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवार छनौट गर्ने र सुरक्षा निकाय,अन्य सङ्घीय सरकारी सेवा तथा सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन तथा बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त अनुरूप कार्य गर्दै आएको छ ।

साथै, सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाका सर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था आफैमा महत्वपूर्ण छ । यसको कार्यक्षेत्र विस्तारसँगै आफ्ना कार्य सम्पादनमा समयसापेक्ष प्रभावकारिता र गुणस्तर कायमै राखी अघि बढ्नुपर्ने चुनौतीतर्फ आयोगले विशेष ध्यान दिनुपर्ने छ ।

संविधानले अङ्गीकार गरेको समावेशी लोकतन्त्रको मर्म अनुरूप स्थापित योग्यता प्रणालीको रक्षा गर्नु र यसको जगलाई थप मजबुत बनाउनु आजको प्रमुख आवश्यकता भएको छ । आयोगको स्थापित प्रणाली योग्यता, निष्पक्षता र स्वच्छताका कारण देशका मेहनती जेहन्दार युवाहरूले लोकतान्त्रिक शासन व्यवस्थामा

आफ्नो भविष्य सुरक्षित देख्न पाएका छन् । यसर्थ, आयोगको लागि संरचनागत अनुभव र गौरवमय विरासतलाई थप परिस्कृत र मजबुत बनाउँदै आगामी दिनमा प्रणालीको सबलीकरणमा आयोगले थप भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

मुलुकको बदलिंदो परिस्थितिमा सहज, सरल र प्रभावकारी तवरले सेवा प्रवाह गरेर कर्मचारीतन्त्रले नागरिकको मनसमेत जित्न सक्नुपर्छ। कर्मचारीतन्त्रले जबसम्म नागरिक हकका निम्ति सहज पहुँच दिन सक्दैन, तबसम्म लोकतन्त्र दरिलो हुन सक्दैन भन्ने वास्तविकतालाई विर्सन हुँदैन ।

अन्त्यमा, आयोगको गौरबयम इतिहास बोकेको हीरक जयन्ती वर्षको उपलक्ष्यमा प्रकाशित स्मारिकाले विगत, वर्तमान र भविष्यको चित्रण गरेको मैले महसुस गरेको छु । आज सम्मानित हुनुहुने सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । आगामी समयमा आयोगले आफ्नो दायित्व र जिम्मेवारीलाई थप विश्वसनीय बनाउनेतर्फ अझ प्रभावकारी ढङ्गले काम गर्ने नै छ भन्ने विश्वासका साथ हीरक जयन्ती समापन समेतको यस कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल !

२०८३ असार १ गते सोमबार ।

## अनुसुची-४

## विशिष्ट अतिथिको मन्तव्य

# राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री हरि ढकालज्यूबाट प्रस्तुत मन्तव्य

सम्माननीय राष्ट्रपतिज्यू,
लोक सेवा आयोगका अध्यक्षज्यू,
संवैधानिक अङ्गका प्रमुखज्यूहरू,
नेपाल सरकारका मुख्य सचिवज्यू,
प्रधान सेनापतिज्यू,
लोक सेवा आयोग सहित सबै संवैधानिक अङ्गका सदस्यज्यूहरू
सङ्घीय संसदका महासचिवज्यू,
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू,
लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरू,
नेपाल सरकारका सचिवज्यूहरू,
सुरक्षा निकायका प्रमुखज्यूहरू,
आयोगका पूर्व पदाधिकारीहरू, कर्मचारी मित्रहरू, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण
महानुभावहरू ।

लोक सेवा आयोगको ७६औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समिति तथा मेरो व्यक्तिगत तर्फबाट आयोग र सम्पूर्ण परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

लोक सेवा आयोगले नेपालकै सबैभन्दा पुरानो संवैधानिक संस्थाका रूपमा सात दशकभन्दा बढी समयदेखि सार्वजनिक सेवामा योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धनमा खेलेको भूमिका सराहनिय छ। "योग्यता, निष्पक्षता र स्वच्छता" लाई आफ्नो मूल आधार बनाएको आयोग सार्वजनिक प्रशासनमा सक्षम, व्यावसायिक, अनुशासित तथा राष्ट्रप्रति उत्तरदायी जनशक्तिको छनोटका लागि प्रयासरत रहेको देखिन्छ । यही कारणले पनि आज पर्यन्त यो संस्था सार्वजनिक रोजगारीका क्षेत्रमा विश्वासको धरोहरका रूपमा स्थापित भइरहन सकेको छ, लाखौं युवाको आस्थाको केन्द्र बनिरहन सकेको छ।

समावेशी लोकतन्त्रको सफल कार्यान्वयनका लागि राज्यका सबै वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व सुनिश्चित हुनु आवश्यक छ । यस दृष्टिले लोक सेवा आयोगले समावेशी पदपूर्तिमार्फत महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्रका नागरिकलाई सार्वजनिक सेवामा अवसर प्रदान गरी सामाजिक न्याय तथा राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन सहयोग पुऱ्याएको छ । यो पक्ष प्रशंसनीय रहेको भएता पनि आरक्षण प्रणालीलाई थप प्रभावकारी बनाउन लक्षित वर्गको क्षमता विकास र सशक्तीकरणको पक्षमा लोक सेवा आयोग लगायत राज्यका सबै निकायहरू प्रयत्नशील हुन आवश्यक छ।

अब लोक सेवा आयोगको जिम्मेवारीलाई केवल परीक्षा सञ्चालन र सिफारिसमा मात्र सीमित राखेर हेर्नु हुँदैन। सुशासन, विधिको शासन, सार्वजनिक प्रशासनको व्यावसायिकता तथा लोकतान्त्रिक शासन व्यवस्थाको संस्थागत सुदृढीकरणमा आयोगको योगदान उत्तिकै अपेक्षित छ। सक्षम र नैतिकवान कर्मचारीतन्त्र नै समृद्ध

राष्ट्र निर्माणका आधार हुन् भन्ने तथ्यलाई आयोगले थप आत्मसात गर्दै अघि बढ्नु आवश्यक छ। अबको परिवर्तित र गतिशील परिवेशमा योग्यता र निष्पक्षता मात्र कर्मचारी छनौटका पर्याप्त आधार भइरहन सक्दैनन्। नैतिकता र इमान्दारिता बिनाको योग्यताले जोखिम पैदा गर्न सक्छ । वृहत प्रतिस्पर्धाबाट अब्बल भई छनौट भएका कर्मचारीहरूको समूहले किन सार्वजनिक सेवा र विकासलाई उत्कृष्ट बनाउन सकेका छैनन्? यो विषय एकदमै संवेदनशील छ।

उच्च तहका कर्मचारी छनौटमा राखिएको नैतिकता र सदाचारिताको पाठ्यक्रमले संख्यात्मक र व्यवहारिक रूपमा कति नैतिकवान कर्मचारी छनौट हुन्छन् र? त्यो पनि अधिकांश त पहिले नै सेवा भित्र रहेकै कर्मचारी नै छनौट हुने हुन् । खासमा आयोगले खरिदार, नायवसुब्बा र अधिकृत स्तरमै सुशासन, सदाचारिता, नैतिकता, निष्ठाका परीक्षण शैली, पाठ्यक्रमहरू समावेश गर्न आश्यक देखिन्छ। नैतिकताको परीक्षण परीक्षाको उत्तरमा मात्र नभएर परीक्षार्थीको व्यवहार पनि परीक्षण गर्न सक्ने क्षमता विकास गर्न सक्दा मात्र आयोगले आफ्नो गर्विलो इतिहासको साख बचाइराख्न सक्ला।

सङ्घीय शासन प्रणाली अवलम्बन गरिएसँगै आयोगको भूमिका थप गहन भएको छ। प्रादेशिक रूपमा संस्थागत हुँदै गएका प्रदेश लोक सेवा आयोगहरूमा प्रणाली संस्थागत गर्ने सम्बन्धमा उचित समन्वय र सहजीकरण गर्ने भूमिका पनि आयोगले निभाउन आवश्यक छ । सङ्घ, प्रदेश तथा स्थानीय तहमा दक्ष र परिणाममुखी जनशक्तिको आवश्यकता बढिरहेका बेला आयोगले परीक्षा प्रणालीको आधुनिकीकरण, सूचना प्रविधिको प्रयोग, परीक्षण विधिको परिष्करण तथा पारदर्शिताको प्रवर्द्धनमार्फत आफ्नो विश्वसनीयता अझ सुदृढ बनाउनुको विकल्प छैन। वैश्विक रूपमै बदलिँदो शासकीय परिवेश, डिजिटल रूपान्तरण तथा कृत्रिम बौद्धिकताको युगमा आयोगले आफ्नो संस्थागत क्षमता र परीक्षण प्रणालीलाई अझ वैज्ञानिक, आधुनिक र अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप बनाउँदै लैजानेतर्फको अग्रसरतालाई तीव्रता दिनुपर्ने देखिन्छ ।

प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले सार्वजनिक प्रशासनलाई थप सक्षम, पारदर्शी, जवाफदेही र परिणाममुखी बनाउने सन्दर्भमा आफ्नो भूमिकालाई अझ सक्रिय, निष्पक्ष र क्रियाशील बनाउन सुरू गरेको छ। हामी सदैव तपाइहरूको असल प्रयासको संरक्षण र सुधारका क्षेत्रमा निर्मम भएर समन्वय, सहजीकरण र निगरानी गरिरहेकै हुन्छौं। संवैधानिक संस्थाहरूको स्वतन्त्रता, निष्पक्षता र संस्थागत सुदृढीकरण लोकतान्त्रिक शासन व्यवस्थाको आधार भएकाले लोक सेवा आयोगको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक नीतिगत तथा कानूनी सहजीकरणमा समिति सदैव सकारात्मक र प्रतिबद्ध रहने विश्वास पनि दिलाउन चाहन्छु ।

अन्त्यमा, लोक सेवा आयोगको गौरवपूर्ण इतिहास निर्माणमा योगदान पुर्याउनुहुने पूर्व अध्यक्ष एवम् पदाधिकारीहरू, कर्मचारीहरू, विषय विज्ञहरू तथा सम्पूर्ण सरोकारवालाप्रति सम्मान व्यक्त गर्दछु। आगामी दिन आयोगका लागि निकै चुनौतीपूर्ण छन् । आयोगको गौरवमय इतिहासलाई परिवर्तित सन्दर्भमा उत्तिकै जीवन्त राखिरहन अहिले र भावी नेतृत्व एवम् आयोग परिवारलाई शुभकामना पनि दिन चाहन्छु। आयोगले आगामी दिनमा नैतिकवान, क्षमतावान र परिवर्तनलाई संस्थागत गर्न सँधै तत्पर रहने उर्जावान कर्मचारी छनौट कार्यलाई अझ उचाइमा पुऱ्याउँदै सुशासन, योग्यता प्रणाली र समृद्ध नेपालको आधार निर्माणमा थप योगदान पुर्याउन सफल होस् भन्ने शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु ।

सबैको जय होस। नेपालको जय होस।

धन्यवाद ।

## अनूसुची-५

## अध्यक्षको मन्तव्य

## आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीज्यूले दिनुभएको मन्तव्य

सम्माननीय राष्ट्रपतिज्यू
प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यू
सम्माननीय राष्ट्रपतिज्यूका सल्लाहकार तथा विज्ञज्यूहरू
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू
लोकसेवा आयोगमा पूर्व अध्यक्षज्यूहरू
माननीय महान्यायधिवक्ताज्यू
नेपाल सरकारका मुख्य सचिवज्यू
प्रधान सेनापतिज्यू
संसदका महासचिवज्यू
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू
आयोगका माननीय सदस्यज्यूहरू
आयोगका पूर्व सदस्यज्यूहरू
नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरू,
सुरक्षा निकायका प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व सचिवज्यूहरू,
विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
लोक सेवा आयोगमा कार्यरत तथा सेवा निवृत सम्पूर्ण कर्मचारी साथीहरू,
सञ्चारकर्मी मित्रहरू,
आयोगको निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा पाल्नुहुने सम्पूर्ण अतिथि महानुभावहरू,

लोक सेवा आयोगको ७६औं वार्षिकोत्सव समारोहमा हाम्रो अनुरोधलाई स्वीकार गरी, प्रमुख आतिथ्यता ग्रहण गरिदिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यू प्रति आयोगका तर्फबाट हार्दिक कृतज्ञता सहित आभार प्रकट गर्दछु । यहाँको गरिमामय समुपस्थितिले आयोग परिवारको संस्थागत हौसलालाई थप उचाइ दिएको छ । यसैगरी, विशिष्ट अतिथि प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यूको उपस्थितिका लागि म हार्दिक आभार व्यक्त गर्दछु । साथै उपस्थित सम्पूर्ण अतिथि तथा कर्मचारी प्रति धन्यवाद ज्ञापन गर्दछु ।

आज हामी जुन गौरवशाली संस्थाको ७५ वर्षको यात्रा पूरा गरी ७६औं वर्षको पहिलो पाइला टेक्दै छौं, यसको सुदृढ जग हाम्रा आदरणीय अग्रजहरूको अथक प्रयास, अटूट निष्ठा र अदम्य प्रशासनिक साहसबाट

निर्माण भएको हो । वर्तमान संस्थागत स्वरूप र स्थापित पद्धति उहाँहरूकै अद्वितीय योगदानको प्रतिफल हो । यस ऐतिहासिक घडीमा म सार्वजनिक प्रशासनमा योग्यता प्रणालीको रक्षाका लागि योगदान गर्नु हुने सम्पूर्ण अग्रजहरूप्रति उच्च आदरभाव प्रकट गर्दछु ।

सम्माननीय राष्ट्रपतिज्यू,

वि.सं. २००८ साल असार १ गते 'पब्लिक सर्भिस कमिशन' को नामबाट स्थापित यो संस्था नेपालको सबैभन्दा जेठो संवैधानिक निकाय हो । यसको लामो संवैधानिक यात्रालाई नियाल्दा नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६५ मा पहिलो पटक पब्लिक सर्भिस कमिशनको व्यवस्था गरी सार्वजनिक सेवाको पदपूर्तिमा योग्यता प्रणालीको सूत्रपात गरिएको थियो । त्यसपछिका संविधानहरूले आयोगको गरिमा, क्षेत्राधिकार र स्वायत्ततालाई सुदृढ बनाउँदै आएका छन् ।

प्रथम जननिर्वाचित सरकारको पालामा जारी भएको प्रहरी नियमावली, २०१५ ले माथिल्लो दर्जाका प्रहरी अधिकृतहरूको नियुक्तिका लागि लोक सेवा आयोगको संलग्नता अनिवार्य गरेर पदपूर्तिमा व्यावसायिकता ल्याउन खोजेको थियो । नेपालको संविधान, २०१९ को पहिलो संशोधन, वि.सं. २०२३ मार्फत सरकारी स्वामित्व भएका सङ्गठित संस्थाहरूको पदपूर्तिको सम्पूर्ण जिम्मेवारी लोक सेवा आयोगलाई प्रदान गरिएको थियो ।

तर, पछि सोही संविधानको दोस्रो संशोधन, वि.सं. २०३२ ले आयोगको उक्त भूमिकालाई संकुचित गर्दै सङ्गठित संस्थाहरूको पदपूर्तिमा केवल "सुपर्यवेक्षण गर्ने" भनी सीमित गराइदियो । यस फेरबदलले केही समय सार्वजनिक संस्थाहरूको योग्यता प्रणालीमा संशय ल्याए तापनि वर्तमान नेपालको संविधानले पुनः सङ्गठित संस्था र सुरक्षा निकायहरूको पदपूर्तिलाई आयोगको अनिवार्य क्षेत्राधिकारभित्र समेटेको छ । यस दूरगामी व्यवस्थाले सार्वजनिक निकायहरूको भर्ना प्रक्रियामा पद्धति बसाल्न सघाउ पुऱ्याएको छ ।

त्यसैगरी, नेपालको संविधान, २०१९ को मूल व्यवस्था अनुसार आयोगले वार्षिक प्रतिवेदन श्री ५ समक्ष प्रस्तुत गर्ने र सो प्रतिवेदन राष्ट्रिय पञ्चायत समक्ष राखिने प्रबन्ध थियो । आयोगले प्रतिवेदनमा दिएका सुझाव वा परामर्शहरू सरकारले स्वीकार नगरेको अवस्था भएमा, सोको कारण र समावेदन सहित सरकारले संसदमा पेस गर्नुपर्ने र त्यसमाथि व्यापक छलफल हुने बलियो संवैधानिक प्रावधान थियो । इतिहासको यो जवाफदेहीपूर्ण प्रबन्धलाई स्मरण गर्दै आयोगले वार्षिक प्रतिवेदन मार्फत पेस गर्ने गरेका सुझावहरूलाई कार्यपालिका र सरोकारवाला निकायहरूबाट अझ बढी गम्भीरताका साथ ग्रहण र कार्यान्वयनका लागि आयोग आग्रह गर्दछ ।

सम्माननीय राष्ट्रपतिज्यू,

सिंहदरबारको दोस्रो चोकको उत्तरपट्टिको तेस्रो तल्लामा रहेको दुई वटा कोठाबाट सुरु भएको आयोगको यात्रा वि.सं. २०३० सालको सिंहदरबार आगलागी घटना पछि विशालनगरको वसन्त भवन हुँदै वि.सं. २०३५ सालमा कमलपोखरी र पछि केही समय अनामनगर हुँदै वि.सं. २०७८ साउन १ गतेदेखि आयोग

कमलपोखरीबाट सञ्चालन हुँदै आएको छ । वि.सं. २०२४/०२५ सालमा अञ्चल कार्यालयहरू स्थापना गरी सेवा विस्तार गरिएकोमा हाल देशका विभिन्न १४ वटा कार्यालयबाट सेवा सञ्चालन भएको छ ।

सम्माननीय राष्ट्रपतिज्यू,

लोक सेवा आयोगको कार्यसञ्चालनको मुख्य आधारका रूपमा नेपालको संविधान, लोक सेवा आयोग ऐन, २०७९, लोक सेवा आयोग नियमावली, २०७९ र आयोगबाट स्वीकृत लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९, सङ्गठित संस्थाका कर्मचारीको सेवाका सर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारबाही सम्बन्धी सामान्य सिद्धान्त, २०७४ लगायत विभिन्न  कार्यविधि एवं मापदण्डहरू रहेका छन् । आयोगले आफ्नो स्थापनाकालदेखि नै योग्यता, निष्पक्षता, र स्वच्छताका मूल्यहरू प्रति सतत् प्रतिबद्ध रहँदै समान अवसर, समावेशीता, द्विअन्धता, परिचय-शुन्यता, असंलग्नता र गोपनीयतालाई कार्यसम्पादनका सिद्धान्तका रूपमा स्थापित गर्दै आएको छ ।

आयोगले विगत सात दशकभन्दा बढी समयदेखि विकास गरेको कानूनी मर्यादा, कार्यविधिगत शुद्धता र प्रणालीगत स्थिरता हाम्रो सार्वजनिक प्रशासनको त्यो "मजबुत राजमार्ग" हो, जसमा यात्रा गरेर देशका जेहनदार युवाहरूले सार्वजनिक सेवामा आफ्नो भविष्य सुरक्षित देखेका छन् । आजको गतिशील प्रशासन हाँक्नका लागि यही राजमार्गलाई अझ परिष्कृत गर्दै भविष्यको गति र नयाँ पुस्ताको आकाङ्क्षा अनुसार अगाडी बढ्नु जरुरी ठानेको छु ।

स्थापित प्रणालीको साख र स्वच्छताको पूर्ण संरक्षण गर्दै भर्ना, परीक्षा तथा छनोट प्रक्रियालाई अझ बढी आधुनिक, छिटो-छरितो र प्रविधिमैत्री बनाउन नयाँ पुस्ताका योग्यतम् युवाहरूको व्यावहारिक सक्षमता र नवप्रवर्तनकारी सोच परीक्षण गर्न सक्ने प्रणाली विकास गर्न आयोग दृढ-सङ्कल्पित छ ।

सुधारको यो यात्रामा आयोग सैद्धान्तिक ज्ञानबाट व्यावहारिक सक्षमता मापनतर्फ अग्रसर भएको छ । यसै अनुरूप अनलाइन दरखास्त प्रणालीलाई थप परिष्कृत गर्दै अनलाइन भुक्तानी लगायत राज्यका अन्य प्रणालीहरूसँग आबद्ध गरिएको छ । देशको विभिन्न स्थानमा रहने परीक्षार्थीहरूले आफ्नो परीक्षा केन्द्रसम्बन्धी जानकारी मोबाइलमै प्राप्त गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको छ भने थप सुधारका कार्यहरू समेत कार्यान्वयनको प्रकृयामा रहेका छन् । पदपूर्ति प्रणालीमा सूचना सञ्चार प्रविधिको प्रयोगमा देखाएको अग्रसरताका कारण यसअघि नै आयोगले आइसिटी डिजिटल गभर्नेन्स अवार्ड समेत प्राप्त गरेको छ ।

परीक्षा प्रणालीलाई आधुनिक मूल्याङ्कन विधिमा रूपान्तरण गर्न एसेसमेन्ट सेन्टर मेथोडोलोजी (ACM) का विभिन्न विधिहरूलाइ क्रमशः अबलम्बन गर्दै लगिएको छ । यसै सिलसिलामा साविकमा अप्राविधिक सहसचिव पदका लागि प्रयोग भएकोमा यस वर्ष देखि इन्जिनियरिङ सेवातर्फ राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिवको परीक्षामा समेत मामिला प्रस्तुतीकरण सुरु गरी उम्मेदवारहरूको व्यावहारिक ज्ञान र विश्लेषणात्मक क्षमता परीक्षण सुरूवात गरेका छौं ।

सम्माननीय राष्ट्रपतिज्यू,

सङ्गठित संस्थाहरूको पदपूर्तिलाई थप व्यवस्थित, स्तरीय र कम खर्चिलो बनाउन आयोगले परीक्षा प्रणालीमा क्रमिकरूपमा सुधार गर्दै आएको छ । हालसम्म १०८ वटा सङ्गठित संस्थाका सेवा सर्त सम्बन्धी विनियमावली आयोगको परामर्शमा स्वीकृत भइसकेको छ भने १०७ वटा सङ्गठित संस्थाको पदपूर्ति समितिमा आयोगको प्रतिनिधित्व रहेको छ । यस्तै, ७४ वटा संस्थाको पदपूर्तिका लागि आयोगले लिखित परीक्षा सञ्चालन गरिसकेको छ ।

सङ्गठित संस्थाको पदपूर्तिमा उम्मेदवारले संस्थापिच्छे छुट्टाछुट्टै परीक्षा दिनुपर्ने बाध्यता र वित्तीय भारलाई कम गर्न सङ्गठित संस्थालाई विभिन्न समूहमा विभाजन गरी समूहगत रूपमा एकीकृत परीक्षा प्रणालीको सुरुवात गरिएको छ ।

जस अन्तर्गत यस आ.व.मा सहायक चौथो तहका पदहरूको एकीकृत रूपमा पूर्व-योग्यता परीक्षा सञ्चालन गरिएको छ । सबै किसिमका परीक्षामा काठमाडौं धाउनु पर्ने गरी परीक्षार्थीहरूले खेप्न परिरहेको अनावश्यक हैरानी हटाई आर्थिक व्यभार कम गराउने क्रममा आयोगका देशभर रहेका १४ वटै कार्यालयहरूबाट परीक्षार्थीहरूले आफ्नै पायक पर्ने स्थानमा परीक्षा दिन पाउने व्यवस्था मिलाईएको छ । आगामी वर्षदेखि सहायक पाँचौं र अधिकृत स्तर अर्थात् तह ६ र ७ का पदहरूमा समेत यो एकीकृत पूर्व-योग्यता परीक्षा प्रणाली लागु गरिनेछ ।

सम्माननीय राष्ट्रपतिज्यू,

आफ्नो ६६औं वार्षिक प्रतिवेदनसम्म आइपुग्दा सार्वजनिक प्रशासनको सुदृढीकरण र समयसापेक्ष सुधारका लागि आयोगले नेपाल सरकारलाई निरन्तर रचनात्मक सुझावहरू दिँदै आएको छ । सङ्घीयता कार्यान्वयनको लामो समय बितिसक्दा पनि छाता कानुनको रूपमा रहेको 'सङ्घीय निजामती सेवा ऐन' जारी हुन नसक्दा प्रादेशिक कानुनहरूमा एकरूपता आउन सकेको छैन र यसले पदपूर्ति प्रक्रियामा समेत असर पुऱ्याएको छ, अतः यो ऐन अविलम्ब जारी गरिनु पर्दछ ।

पदपूर्तिका लागि उम्मेदवारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले अपनाएको सिद्धान्त र मापदण्ड प्रदेश लोक सेवा आयोगहरूले अवलम्बन गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सोही प्रयोजनका लागि आयोगले मिति २०८३/१/८ गते उक्त आधार र मापदण्ड सार्वजनिक गरेको छ । यसबाट सवै प्रदेश लोक सेवा आयोगहरूको काममा एकरूपता हुने अपेक्षा गरिएको छ । सङ्घीय कानुन र आयोगको मापदण्ड विपरीत गरिएका कार्यहरू स्वतः बदरभागी हुने हुँदा योग्यता प्रणालीको स्वच्छताका लागि सबै प्रदेश लोक सेवा आयोगले सङ्घीय मापदण्डको पूर्ण पालना गरिनु आवश्यक छ ।

विश्वविद्यालय सम्बन्धी ऐनमा भएको व्यवस्था अनुसार सम्बन्धित विश्वविद्यालयको अनुरोधमा आयोगले लिखित परीक्षा सञ्चालन गरी परीक्षालाई प्रतिस्पर्धी बनाएको छ । विश्वविद्यालयहरूको पदपूर्तिलाई स्वच्छ, निष्पक्ष र योग्यतामा आधारित बनाउन पदपूर्तिको सम्पूर्ण जिम्मेवारी लोक सेवा आयोगलाई दिन या आयोगले वार्षिक

प्रतिवेदनमा दिएको सुझाव अनुरूप सवै विश्वविद्यालयहरूका लागि एकल विश्वविद्यालय सेवा आयोगको अवधारणा कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

सम्माननीय राष्ट्रपतिज्यू,

लोक सेवा आयोगले वर्ष २०८२/०८३ लाई 'हीरक जयन्ती वर्ष'का रूपमा वर्षभरी नै विशेष उत्साहका साथ मनाएको छ । यस सुखद् अवसरमा आयोगले पूर्व पदाधिकारीहरूसँग अनुभव साटासाट गर्नुका साथै ६ वटा प्रदेशका सबै जिल्लालाई समेटी विद्यार्थीहरू लक्षित "विद्यार्थीसँग लोक सेवा आयोग" PSC Outreach कार्यक्रमहरू सम्पन्न भएका छन् । हीरक जयन्तीकै उपलक्ष्यमा श्रव्य-दृश्य सामग्री निर्माण, "लोक सेवा आयोगको प्रतिबद्धता, प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता" भन्ने नाराका साथ प्रभातफेरी कार्यक्रम, तथा प्रबुद्ध व्यक्तित्वहरूसँग अन्तरसंवाद कार्यक्रमहरू आयोजना गर्नुका साथै, अन्तर संवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगिता, आँखा परीक्षण तथा रक्तदान जस्ता गतिविधिहरू पनि सञ्चालन गरेका छौं । उक्त कार्यक्रममा सहयोग पुऱ्याउने सबैप्रति आभार प्रकट गर्दै विजयी प्रतियोगीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

यसै अवसरमा आयोगका बहुआयामिक पक्षहरू, गौरवमय इतिहास र प्रशासनिक अनुभवहरूलाई समेटेर "हीरक जयन्ती स्मारिका, २०८३" प्रकाशन गरिएको छ । यस स्मारिकामा समेटिएका लेख, संस्मरण तथा विज्ञका अनुभवहरू नीति निर्माण र संरचनात्मक सुधारका क्षेत्रमा महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्नेछन् भन्ने आयोगको दृढ विश्वास छ । यसै गरिमामय क्षणमा प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूबाट केहिबेरमा उक्त "स्मारिका" को लोकार्पण समेत हुँदैछ ।

यस स्मारिकाका लागि सम्माननीय राष्ट्रपतिज्यू र सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्राप्त महत्त्वपूर्ण मार्गदर्शक शुभकामना सन्देशहरूले आयोगको भावी यात्रालाई प्रष्ट दिशावोध गरेका छन् । राष्ट्रपतिज्यूको स्थापित प्रणालीको साख, स्थिरता र स्वच्छता जोगाउने सदिच्छा तथा प्रधानमन्त्रीज्यूको २१औं शताब्दी अनुकूल प्रविधिमैत्री रूपान्तरण र पाठ्यक्रम पुनरावलोकन गर्ने मार्गचित्रलाई एकीकृत गर्दै सुधार कार्य गर्न आयोग प्रतिबद्ध रहेको छ ।

सम्माननीय राष्ट्रपतिज्यू,

खोटाङको दुर्गम गाउँमा जन्मिएर, झापाको एउटा सानो धुले स्कुलबाट कखरा सिकेको म जस्तो सामान्य नागरिक आज लोक सेवा आयोगको सर्वोच्च नेतृत्वमा उभिन पाउनु व्यक्तिगत गौरव मात्र होइन, यो हाम्रो लोकतान्त्रिक प्रणाली र यस पवित्र संस्थाको निष्पक्षताको जीवन्त प्रमाण हो । खरिदारदेखि विशिष्ट श्रेणीको सचिव हुँदै आयोगको अध्यक्षसम्मको मेरो यो ४५ वर्ष लामो यात्रा केवल मेरो व्यक्तिगत मिहिनेत मात्र होइन; यो त २००७ सालमा स्थापना भएको प्रजातन्त्रले २००८ सालमा जन्माएको यस गरीमामय आयोगले हुर्काएको सुदृढ योग्यता प्रणालीको उपज हो । म केवल एउटा प्रतिनिधि पात्र मात्र हुँ, यसै हलमा उपस्थित

सबै राष्ट्रसेवकहरू लोक सेवा आयोगले बनाएको योग्यता, निष्पक्षता र स्वच्छताको जगमा उभिएर आफ्नो पेशागत वृत्तिविकास गर्न सफल हुनुभएको छ ।

गौरवशाली इतिहास बोकेको यस लोक सेवा आयोगले आर्जन गरेको जनविश्वास र निष्पक्षताको अद्वितीय विरासतलाई अक्षुण्ण राख्दै परिवर्तित प्रविधि र सूचनाको हकको यो युगमा यसको स्वच्छता र साखलाई थप उचाइमा पुऱ्याउन हामी प्रतिबद्ध छौं । प्रत्येक वर्ष आयोगमा कार्यरत उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने परम्पारा अनुरूप यस वर्ष उत्कृष्ट हुने कर्मचारीलाई बधाई ज्ञापन गर्दछु । हाम्रा अग्रजहरूलाई सम्मान गर्ने स्थापित परम्परा अनुसार यस वर्ष आयोगका पूर्व अध्यक्ष श्री उमेश प्रसाद मैनालीज्यूलाई सम्मान गर्ने निर्णय गरेका छौं । उहाँलाई बधाई ज्ञापन गर्दै सक्रिय र स्वस्थ जीवनको हार्दिक कामना गर्दछु ।

अन्त्यमा,

यस समारोहलाई आफ्नो गरिमामय उपस्थितिले सुशोभित गरी "हीरक महोत्सव वृक्षारोपण" समेत गरिदिनु भएकोमा प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यू प्रति पुनः एकपटक हृदयदेखि नै हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछु । राज्य व्यवस्था समितिका माननीय सभापतिज्यू, उपस्थित सम्पूर्ण विशिष्ट अतिथिगण, संवैधानिक निकायका प्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू, विषय विज्ञहरू, सञ्चारकर्मी मित्रहरू तथा यस समारोहलाई सफल बनाउन अहोरात्र खट्ने आयोगका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

भवतु सब्ब मङ्गलम् ।

धन्यवाद !

## अनुसूची-६

## सदस्यवाट धन्यवाद ज्ञापन मन्तव्य

## लोक सेवा आयोगको ७६ औं वार्षिकोत्सव समारोहमा उपलक्ष्यमा
## आयोगका माननीय सदस्य मञ्जू कुमारीज्यूले दिनुभएको धन्यवाद ज्ञापन मन्तव्य

कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यू
विशिष्ट अतिथि प्रतिनिधी सभा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यू
लोकसेवा आयोगका माननीय अध्यक्षज्यू
सम्माननीय राष्ट्रपतिज्यूका सल्लाहकार तथा विज्ञज्यूहरू
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू
लोकसेवा आयोगमा पूर्व अध्यक्षज्यूहरू
माननीय महान्यायधिवक्ताज्यू
नेपाल सरकारका मुख्य सचिवज्यू
प्रधान सेनापतिज्यू
संसदका महासचिवज्यू
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू
आयोगका माननीय सदस्यज्यूहरू
आयोगका पूर्व सदस्यज्यूहरू
नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरू,
सुरक्षा निकायका प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व सचिवज्यूहरू,
विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
लोक सेवा आयोगमा कार्यरत तथा सेवा निवृत सम्पूर्ण कर्मचारी साथीहरू,
सञ्चारकर्मी मित्रहरू,
आयोगको निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा पाल्नुहुने सम्पूर्ण अतिथि महानुभावहरू ।

लोक सेवा आयोगको ७६औं वार्षिकोत्सव समारोहमा व्यस्त समयका बावजुद पनि हाम्रो निमन्त्रणा र अनुरोधलाई स्वीकार गरी कार्यक्रमको प्रमुख आतिथ्य ग्रहण, आयोगको हीरक जयन्ती स्मारिका लोकार्पण, हीरक जयन्ती वृक्षारोपण, आयोगका पूर्व पदाधिकारीलाई सम्मान तथा कार्यरत कर्मचारीहरूलाई पुरस्कृत गरी आयोगलाई मार्गनिर्देशन सम्बोधन गरिदिनुभएकोमा कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूप्रति आयोगको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री हरि ढकालज्यूप्रति कार्यक्रममा उपस्थिति एवम् निर्देशन मन्तव्यका लागि आयोगको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु। हाम्रो निमन्त्रणा स्वीकार गरी समारोहमा उपस्थित हुनुभएकोमा सम्पूर्ण अतिथि महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

आयोगको वार्षिकोत्सव कार्यक्रमको तयारी देखि सम्पन्न गर्ने अवधिसम्म सुरक्षा व्यवस्थापनमा सहयोग गर्नु भएकोमा सुरक्षा निकाय प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

वार्षिकोत्सवको अवसरमा आयोगद्वारा आयोजित अन्तरसंवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगितामा तदारूकताकासाथ सहभागिता जनाउनु हुने विभिन्न संवैधानिक निकायहरू, हाजिरीजवाफ प्रतियोगिता कार्यक्रमलाई तयारीदेखि सम्पन्न गराउने कार्यसम्म महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने पूर्व सचिव श्री विष्णु लम्सालज्यूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।यसै गरी आयोग मातहतका कार्यालयहरूबाट आयोजित कार्यक्रममा सहभागी विद्यालयहरू, स्थानीय पालिकाहरू र तथा हाजिरीजवाफ प्रतियोगिताको व्यवस्थापनमा संलग्न समग्र कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्दछु ।

आयोगद्वारा आयोजित आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको व्यवस्थापकीय कार्यमा महत्वपूर्ण सहयोग पुर्‍याउनु भएकोमा एम्पायर श्री उमेश भण्डारीज्यू तथा सहभागीहरू, रक्तदान कार्यक्रममा संयोजन गरिदिनुहुने नेपाल रेडक्रस सोसाइटी तथा रक्तदान गर्नुहुने कर्मचारीहरू र आयोगका कर्मचारीहरूका आँखा परीक्षणका लागि संयोजन गरी दिनुहुने तिलगङ्गा आँखा प्रतिष्ठान प्रति हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि यसरी आयोजना गरिने अतिरिक्त क्रियाकलापमा सहभागिताको अपेक्षा सहित थप सफलताको शुभकामना व्यक्त गर्दछु। साथै हीरक वृक्ष रोपण कार्यको व्यवस्थापन गर्नुभएकोमा जिल्ला वन कार्यालय काठमाडौंलाई धन्यवाद ज्ञापन गर्दछु ।

वार्षिकोत्सवको अवसरमा आयोगको अनुरोध अनुसार सञ्चार माध्यममा संवाद परिसंवादमा सहभागी हुनुभएका विद्वत वर्गज्यूहरू, आयोग सम्बन्धी लेख, रचना, समाचार, प्रकाशनहरू सम्प्रेषण गरी नागरिकहरूलाई सुसूचित गरी सहयोग गर्नु हुने सञ्चारमाध्यमहरू तथा सम्पूर्ण सञ्चारकर्मी मित्रहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु ।

आयोगको हीरक जयन्ती स्मारिकामा लेख रचना, अनुभूति, संस्मरण उपलब्ध गराउनु हुने सबैमा आभार व्यक्त गर्दछु । वार्षिकोत्सवको अवसरमा आयोजित प्रभातफेरी कार्यक्रममा सहभागिता जनाउनु हुने सुरक्षा निकाय र सङ्गठित संस्थाका प्रमुख र प्रतिनिधिलाई धन्यवाद ज्ञापन गर्दछु ।

हाम्रो छोटो समयको निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका सम्पूर्ण अतिथिज्यूहरू, वार्षिकोत्सव कार्यक्रममा अहोरात्र खटिनुहुने आयोगका सचिव र सचिवालय परिवार प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।
अन्तमाः आगामी दिनमा समेत यहाँहरूको निरन्तर सहयोग, सद्भाव र रचनात्मक सुझाव र सहकार्यको लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ।

धन्यवाद, नमस्कार ।

## अनुसूची-७

## सचिववाट स्वागत मन्तव्य

## लोक सेवा आयोगको ७६औं वार्षिकोत्सवको अवसरमा

## लोक सेवा आयोगका सचिव श्री रामेश्वर दंगालज्यूले दिनुभएको स्वागत मन्तव्य

कार्यक्रमका प्रमुख अतिथी सम्माननीय राष्ट्रपतिज्यू
विशिष्ट अतिथि प्रतिनिधी सभा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यू
लोकसेवा आयोगका माननीय अध्यक्षज्यू
सम्माननीय राष्ट्रपतिज्यूका सल्लाहकार तथा विज्ञज्यूहरू
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू
लोकसेवा आयोगमा पूर्व अध्यक्षज्यूहरू
माननीय महान्यायधिवक्ताज्यू
नेपाल सरकारका मुख्य सचिवज्यू
प्रधान सेनापतिज्यू
संसदका महासचिवज्यू
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू
आयोगका माननीय सदस्यज्यूहरू
आयोगका पूर्व सदस्यज्यूहरू
नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरू,
सुरक्षा निकायका प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व सचिवज्यूहरू,
विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
लोक सेवा आयोगमा कार्यरत तथा सेवा निवृत सम्पूर्ण कर्मचारी साथीहरू,
सञ्चारकर्मी मित्रहरू,
आयोगको निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा पाल्नुहुने सम्पूर्ण अतिथि महानुभावहरू,

आज हामी लोक सेवा आयोगको ७६ औं वार्षिकोत्सव समारोहको कार्यक्रममा उपस्थित भएका छौं। सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय समुपस्थितिले लोक सेवा आयोग परिवारलाई अत्यन्त हौसला एवं गौरवको अनुभूति भएको छ। प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिको माननीय सभापतिज्यूको उपस्थितिले यस समारोहको गरीमा बढेको छ ।

यस कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यू र विशिष्ट अतिथि प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यूप्रति आयोग परिवारको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता सहित स्वागत गर्दछु।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी कार्यक्रमको गरिमा बढाउन उपस्थित हुनु हुने सम्पूर्ण अतिथि महानुभावहरूलाई हार्दिक स्वागत गर्दछु।

वि.सं. २००८ साल असार १ गते पब्लिक सर्भिस कमिशनको नामबाट स्थापना भएको लोक सेवा आयोग ७५औं वर्ष पुरा गरी ७६औं बर्षमा प्रवेश गरेको छ। यस अवसरमा आयोगले गत बर्ष भरी विभिन्न कार्यक्रम आयोजना गरी  हीरक जयन्ती मनाउने सुअवसर समेत प्राप्त गरेको छ । लोक सेवा आयोगले योग्यता, निष्पक्षता र स्वच्छतालाई कार्यसम्पादनको मूल मर्मको रूपमा र द्विअन्धता, परिचय शून्यता, असंलग्नता र गोपनीयता लगायतका सिद्धान्तहरूलाई मार्गदर्शनको रूपमा आत्मसात गरी संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ।

आयोगले सरकारी सेवा, सुरक्षा निकाय र सङ्गठित संस्थाका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने र निजामती/सरकारी कर्मचारीहरूको योग्यता प्रणालीको संरक्षण गर्ने जिम्मेवारी बहन गर्दै आएको छ। कार्यक्षेत्र विस्तारका बाबजुद आयोगले साविककै जनशक्ति र स्रोत साधन परिचालन गरी स्थापित मूल्य मान्यता अनुरूप त्रुटीरहित र उत्कृष्ट ढंगले कार्यसम्पादन गर्दै आएको छ ।

आजको ७६ औं वार्षिकोत्सवको सुअवसरमा लोक सेवा आयोगको स्थापना कालदेखि हालसम्म महत्वपूर्ण योगदान गर्नुहुने वर्तमान एवम् पूर्व पदाधिकारीज्यूहरू, कर्मचारीहरू, विषय विज्ञ एवम् दक्षहरू साथै अन्य सरोकारवालाहरूको स्मरण र कदर गर्दछु । आगामी समयमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु। आयोगको साख, गरिमा एवम् जनविश्वासलाई आगामी दिनमा अझै उँचो बनाउनेतर्फ आयोग परिवार निरन्तर र भरमग्दुर प्रयासरत रहने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा, यस ७६औं वार्षिकोत्सव समारोहमा गरिमामय उपस्थितिका लागि प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यू र विशिष्ट अतिथि प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यू प्रति हार्दिक आभार तथा कृतज्ञता सहित पुनः स्वागत अभिवादन गर्दछु ।

यसैगरी संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू लगायत हाम्रो निमन्त्रणालाई स्वीकार गरी आयोगको यस ७६औं वार्षिकोत्सव समारोहमा पाल्नुहुने सम्पूर्ण महानुभावहरूबाट आयोगको कार्यसम्पादनलाई रचनात्मक र प्रभावकारी बनाउने सम्बन्धमा सदैव साथ, सहयोग र सुझावको अपेक्षासहित पुनःस्वागत अभिवादन गर्दछु र बिदा हुन्छु ।

धन्यवाद । नमस्कार ।

## अनुसूची-८

# प्रेस विज्ञप्ती

काठमाडौं, २०८३ असार १ गते ।

लोक सेवा आयोग आफ्नो स्थापनाको ७६औं वर्षमा प्रवेश गरेको ऐतिहासिक अवसरमा आज केन्द्रीय कार्यालय कमलपोखरीस्थित भुवनमान सिंह प्रधान सभाकक्षमा ७६औं वार्षिकोत्सव समारोह सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यमा भव्यताका साथ सम्पन्न भएको छ । कार्यक्रममा प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री हरि ढकालज्यूको विशिष्ट आतिथ्य रहेको थियो ।

समारोहको प्रारम्भमा सम्माननीय राष्ट्रपतिज्यूबाट आयोग प्राङ्गणमा हीरक महोत्सवको स्मृतिस्वरूप सीताअशोकको वृक्षारोपण गर्नुभयो । तत्पश्चात पानसमा दीप प्रज्वलन गरेर समुदघाटन भएको सो कार्यक्रममा राष्ट्रपतिज्यूबाट आयोगको बहुआयामिक इतिहास, संस्मरण र प्रशासनिक अनुभवहरू समेटिएको "हीरक जयन्ती स्मारिका (वि.सं. २००८-२०८३)" को लोकार्पण हुनुका साथै आयोगको परिचयात्मक वृत्तचित्र समेत प्रदर्शन गरिएको थियो ।

समारोहलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले साढे सात दशकभन्दा बढी समयदेखि 'योग्यता, निष्पक्षता र स्वच्छता' लाई मूल मर्म मानी स्थायी सरकारका रूपमा रहने योग्यतम कर्मचारी छनोट गरेकोमा आयोगको प्रशंसा गर्नुभयो । उहाँले आयोगले आर्जन गरेको उच्च जनविश्वासलाई कायम राख्दै आधुनिक प्रविधि र वैज्ञानिक परीक्षण प्रणाली अवलम्बन गर्न विशेष जोड दिनुभयो । समावेशी लोकतन्त्रको मर्म अनुरूप योग्यता प्रणालीको रक्षा गर्नु आजको आवश्यकता रहेको औंल्याउँदै कर्मचारीतन्त्रले नागरिकको हक र सहज पहुँच सुनिश्चित नगरेसम्म लोकतन्त्र दरिलो हुन नसक्ने यथार्थ उहाँले स्पष्ट पार्नुभयो ।

समारोहका विशिष्ट अतिथि राज्य व्यवस्था तथा सुशासन समितिका सभापति माननीय हरि ढकालज्यूले युग अनुकूल परीक्षा प्रणालीलाई वैज्ञानिक र अन्तर्राष्ट्रियस्तरको बनाउन आयोगलाई आग्रह गर्नुभयो । अब्बल रूपमा छानिएका कर्मचारीबाट अपेक्षित परिणाम आउन नसकेको प्रति चिन्ता व्यक्त गर्दै उहाँले आयोगलाई केवल परीक्षा सञ्चालनमा मात्र सीमित नभई खरिदार, नायब सुब्बा र अधिकृत तह देखि नै परीक्षार्थीको 'व्यवहार र नैतिकता' जाँच्ने गरी पाठ्यक्रम र परीक्षण शैलीमा व्यापक सुधार गर्न सुझाव दिनुभयो । साथै, आरक्षण प्रणालीलाई थप प्रभावकारी बनाउन लक्षित वर्गको क्षमता विकासमा समेत राज्यका निकायहरू लाग्न जोड दिनुभयो ।

समारोहमा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले सङ्घीयता कार्यान्वयनको लामो समय बितिसक्दा पनि छाता कानूनको रूपमा रहेको सङ्घीय निजामती सेवा ऐन जारी हुन नसक्दा प्रादेशिक पदपूर्ति र कानून निर्माणमा एकरूपता आउन नसकी अन्योलता बढेकोले सो ऐन अविलम्ब जारी गर्न सरकारसँग आग्रह गर्नुभयो । परिवर्तित सूचना प्रविधि र आधुनिक मूल्याङ्कन विधिको युगमा आयोगलाई 'प्रविधि-उत्प्रेरित र सक्षमतामा आधारित' विशिष्टीकृत संस्थाका रूपमा रूपान्तरण गर्न आयोग दृढ संकल्पित रहेको प्रष्ट पार्नुभयो।

समारोहमा माननीय सदस्य मन्जू कुमारीले व्यस्त समयका बावजुद आमन्त्रण स्वीकार गरी मार्गदर्शक सम्बोधन गरिदिएकोमा सम्माननीय राष्ट्रपतिज्यू लगायत अन्य विशिष्ट अतिथि, सुरक्षा निकाय, सञ्चारमाध्यम र अहोरात्र खट्ने कर्मचारीहरूप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रमको सुरुमा स्वागत मन्तव्य राख्नुहुँदै आयोगका सचिव रामेश्वर दंगालले कार्यक्षेत्रको विस्तार र सीमित स्रोत साधनका बाबजुद आयोगले स्थापित मूल्य मान्यता अनुरूप त्रुटिरहित र उत्कृष्ट ढंगले कार्यसम्पादन गर्दै आएको र आगामी दिनमा यसको साख अझ उच्च बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वार्षिकोत्सवको विशेष अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले आयोगको सुदृढीकरणमा अमूल्य योगदान पुऱ्याउनुभएका पूर्व अध्यक्ष श्री उमेश प्रसाद मैनालीलाई दोसल्ला ओढाई सम्मानपत्र प्रदान गर्नु भयो ।

यसै गरी उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरू केन्द्रीय कार्यालयका नायब सुब्बा राजकुमार घिमिरे, काठमाडौं कार्यालयकी टा.ना.सु. लक्ष्मीकुमारी थापा मगर र खोटाङ कार्यालयका खरिदार जीवनाथ आचार्य तथा सूचना प्रविधि सम्मान प्राप्त गर्ने कम्प्युटर अपरेटर राजेन्द्र रंजितकारलाई नगद पुरस्कार तथा प्रशंसापत्रद्वारा पुरस्कृत गरिएको छ ।

'हीरक जयन्ती वर्ष' का अवसरमा देशका ६ वटा प्रदेशमा "विद्यार्थीसँग लोक सेवा आयोग" पहुँच कार्यक्रम सञ्चालन भएका छन् भने ७६औं वार्षिकोत्सव सप्ताहमा जेठ २५ र २६ गते ब्याडमिन्टन, जेठ २७ गते आँखा परीक्षण, जेठ २७ र २८ गते अन्तर-संवैधानिक निकाय हाजिरीजवाफ, जेठ २९ गते रक्तदान तथा जेठ ३१ गते सुरक्षा निकाय तथा सङ्गठित संस्थाका प्रमुख/प्रतिनिधिहरूको समेत सहभागितामा प्रभातफेरी लगायत विविध अतिरिक्त रचनात्मक क्रियाकलापहरू सञ्चालन गरिएको थियो ।

सहसचिव श्री पुरूषोत्तम शर्माद्वारा सञ्चालन भएको उक्त समारोहमा संवैधानिक निकायका पदाधिकारीहरू, लोक सेवा आयोगका पूर्व-पदाधिकारीहरू, नेपाल सरकारका मुख्य सचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका सचिवहरू एवं सुरक्षा निकायका प्रमुखहरू लगायत आयोगवाट सेवा निवृत्त कर्मचारी तथा सञ्चारकर्मीहरूको गरिमामय उपस्थिति रहेको थियो ।

(पुरूषोत्तम शर्मा)
प्रवक्ता

# सञ्चार माध्यममा प्रकाशित लेख तथा समाचार

**२०८३ साल असार १ गते, गोरखापत्र**

# प्रविधि अनुसारको सुधार गर्दैछौं

माधवप्रसाद रेग्मी - अध्यक्ष, लोक सेवा आयोग

लोक सेवा आयोग नेपालको जेठो संवैधानिक अङ्ग हो । लोक सेवाले आज स्थापनाको ७६ औँ वार्षिकोत्सव मनाउँदै छ । आयोगले २००८ सालमा पहिलो पटक विज्ञापन प्रकाशन गरेर पदपूर्तिको काम सुरु गरेको थियो । अहिलेसम्म आयोगले ७४ वटा संस्थाको परीक्षा सञ्चालन गरेको छ । प्रविधिको विकाससँगै आयोगले अनलाइन प्रविधिलाई प्राथमिकतामा राखेको छ । स्थापनाको हीरक महोत्सव, गौरवपूर्ण इतिहास र अहिलेको प्रभावकारिताका विषयमा अध्यक्ष माधवप्रसाद रेग्मीसँग गोरखापत्रका लागि पत्रकारद्वय नारद गौतम र दिनेश लुइँटेलले गर्नुभएको कुराकानीको सम्पादित अंश :

**आयोगले स्थापनाको ७५ वर्ष पूरा गरेको छ । प्रशासनिक नेतृत्व उत्पादनमा आयोगको भूमिकालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

लोक सेवा आयोग नेपालको सबैभन्दा जेठो संवैधानिक अङ्ग हो । विसं २००८ असार १ गते अन्तरिम शासन विधानबमोजिम यसको स्थापना भएको हो । हामी यो वर्षभर विभिन्न कार्यक्रम गरेर हीरक महोत्सव समारोह समापन गर्दै छौं । २००८ सालदेखि नै लोक सेवाले विज्ञापन प्रकाशन गरेर पदपूर्तिको काम सुरु गरेको हो । पूर्वप्रधान न्यायाधीश विश्वनाथ उपाध्याय र गौरीशङ्करलाल दास लोक सेवाको पहिलो ब्याचमा हुनुहुन्थ्यो । नेपालमा अहिलेसम्म जारी भएका सात वटा संविधानमा लोक सेवाको व्यवस्था गरिएको छ । सरकारी निकायमा निजामती सेवामा कर्मचारी भर्ना गर्न जाँच लिने यसको मुख्य भूमिका हो तर विगतका वर्षमा सङ्गठित संस्था र सुरक्षा निकायको जिम्मेवारी पनि दिइएको छ ।

लोक सेवालाई सरकारी कर्मचारी मात्र होइन, सङ्गठित संस्था र सुरक्षा निकायको पदपूर्तिको जिम्मेवारी दिनु पर्छ भनेर संविधान सभामा छलफल भएपछि बनेको संविधानले त्यो जिम्मेवारी हामीलाई दिएको छ । अहिलेसम्म हामीले ७४ वटा संस्थाको परीक्षा सञ्चालन गरेका छौं, १०८ वटा विनियमावलीमा परामर्श दिएका छौं भने १०७ वटा संस्थामा हाम्रा प्रतिनिधि कार्यरत हुनुहुन्छ । विश्वविद्यालयको सेवा आयोगको एक सदस्य भएको हुनाले विश्वविद्यालयका परीक्षा सञ्चालन गरेर प्राध्यापक र कर्मचारी नियुक्त गर्दै आएकाले नेपालको निजामती र समग्र प्रशासनमा लोक सेवाबाट सिफारिस भएका कर्मचारी कार्यरत हुनुहुन्छ ।

**निजामतीसँगै सुरक्षा निकाय र सङ्गठित संस्थाको जिम्मेवारी थपिँदा कार्यबोझ बढेको छ । यो अवस्थामा आयोगले कसरी साख जोगाइरहेको छ ?**

यो चुनौतीपूर्ण छ । हाम्रा अग्रजले स्थापना गरेका सिद्धान्त र पद्धतिलाई इमानदारीपूर्वक प्रयोग गरेर साख जोगाइराखेको अवस्था हो । हाम्रो दरबन्दी ३९९ जनाको छ । यो पुरानो दरबन्दी हो । केही जिम्मेवारी थपिएका छन् । प्रदेश लोक सेवा आयोग गठन भएर केही काम कटौती पनि भएको छ । हामीले नयाँ प्रविधि प्रयोग गर्दै भएको जनशक्ति उपयोग गरेका छौं ।

**गोपनीयताका लागि आयोगको 'डबल कोडिङ' प्रणाली प्रशंसित छ । यसलाई सुरक्षित र प्रविधिमैत्री बनाउन कस्ता कस्ता सुधार हुँदै छन् ?**

कतिपय संस्थाको विकासका लागि धेरै कुरा तत्काल सुधार गर्नुपर्ने हुन्छ । लोक सेवामा सुधारभन्दा अग्रजले गरेको कामको संरक्षण विशेष छ । समयक्रममा आउने प्रविधि अनुसारको सुधार हामीले गर्दै आएका छौं । दुई अन्ध 'डबल कोडिङ' प्रणाली, गोपनीयता, स्वच्छता, पारदर्शिता हाम्रा सिद्धान्त हुन् । आयोगले यिनै सिद्धान्तको परिपालन गरेर साख जोगाउँदै आएको छ ।

**लाखौं परीक्षार्थीको चापलाई व्यवस्थापन गर्न सुरु गरिएको अनलाइन दरखास्त र प्रारम्भिक परीक्षाको अभ्यास कत्तिको प्रभावकारी भइरहेको छ ?**

अनलाइन दरखास्त प्रणाली प्रभावकारी भएको छ । हामीले निजामती सेवामा प्रवेश गर्दा र अहिले समय फेरिएको छ । म २०३७ सालमा निजामती सेवामा प्रवेश गरेको हुँ । त्योबेलामा हामी लाइन लागेर दरखास्त फाराम भर्थ्यौं । त्योबेला सबै फाराम हातले लेखेरै भर्नुपर्ने बाध्यता थियो । पैसा तिर्न बैङ्कमा भौचर भरेर लाइन बस्थ्यौं । अहिले घरमा बसेरै अनलाइन प्रणालीमा फाराम भर्न सकिन्छ । एउटा उम्मेदवारको 'आइडी' नम्बर एउटा मात्र हुन्छ । त्यो नम्बर अनुसार 'कनेक्ट आइपिएस', खल्ती र अन्य अनलाइन माध्यमबाट दरखास्त दस्तुर बुझाउन सकिन्छ । लोक सेवाले प्रविधिलाई समय अनुसार अगाडि बढाएकाले गभर्नेन्स अवार्ड-२०७२ प्राप्त गरेको छ । प्रविधिलाई उपयोग गर्न आयोगले विशेष 'सफ्टवेयर' प्रयोग गर्दै आएको छ । यसले हाम्रो विश्वसनीयता बढाएको छ । 'ब्याकअप' को पद्धतिमा समेत सुधार गरेका छौं । डिआइजिसीमा पनि हाम्रो डेटा सुरक्षित गर्दै आएका छौं । दुई वर्षअगाडि डेटामा समस्या आएपछि ब्याकअप प्रणालीलाई व्यवस्थित गरेका छौं । अहिले एक वर्षमा १० लाख दरखास्त 'स्क्रिनिङ' गर्छौं ।

**विज्ञापन हुने तर परीक्षा र नतिजा आउन बर्सौं लाग्ने गर्दा युवाको उमेर र भविष्यमा असर परेको गुनासो छ । अदालतका मुद्दा र आन्तरिक कारणले हुने ढिलाइ जस्ता कमजोरी सुधार गर्न आयोगले के गर्दै छ ?**

तपाईंले प्रस्तुत गर्नुभएको जस्तो कमजोरी आयोगमा छँदै छैन । हरेक वर्ष साउन १ गते हाम्रो 'क्यालेन्डर' प्रकाशित हुन्छ । त्यसमा कुन निजामती, कुन सङ्गठित संस्था र सुरक्षा निकायको विज्ञान कहिले हुने, त्यसको परीक्षा कहिले हुने र त्यसको नतिजा प्रकाशित हुने भनेर स्पष्ट रूपमा प्रकाशित गर्छौं । कहिलेकाहीं कार्यबोझले 'क्यालेन्डर' अनुसार अगाडि बढ्न कठिन हुन्छ । विभिन्न कारणले सम्मानित अदालतमा अधिकार प्रयोगका लागि मुद्दा दायर भएर त्यहाँबाट अन्तरिम आदेश जारी हुँदा मुद्दा फैसला हुन ढिलाइ हुँदा लोक सेवाका नतिजा प्रकाशनमा तलमाथि भएकोबाहेक आन्तरिक कारणले ढिलाइ भएको छैन ।

**पाठ्यक्रम परिमार्जन र विशेषज्ञ छनोटलाई समयसापेक्ष बनाउन के गर्दै हुनुहुन्छ ?**

पाठ्यक्रम परिमार्जन नियमित प्रक्रिया हो । समयक्रममा पाठ्यक्रम परिमार्जन हुन्छ । जसरी विश्वविद्यालयको पाठ्यक्रम परिमार्जन हुँदै गएको छ, त्यही आधारमा हामी अगाडि बढेका छौं । प्रविधि अनुसार हामी अगाडि

बढेका छौं । अहिलेका विद्यार्थी तत्काल नतिजा खोज्ने र त्यो नपाए विकल्प खोज्ने खालका छन् । गत वर्षलाई हामीले पाठ्यक्रम परिमार्जन वर्ष नै घोषणा गरेर व्यापक काम गरेका छौं । पाठ्यक्रम र सेवाक्षेत्र सुधार गर्ने जिम्मेवारी मन्त्रालयको क्षेत्राधिकारमा पर्छ । लोक सेवालाई मन्त्रालयले यो योग्यता भएको यो क्षमता भएको यस्तो कर्मचारी आवश्यक छ भनेर पठाउनु पर्छ । हाम्रो एउटा पाठ्क्रम समिति छ । समितिले सम्बन्धित पक्षलाई बोलाएर पाठ्यक्रम परिमार्जन गर्दै परीक्षा लिएर आयोगले नतिजा प्रकाशन गर्छ । पाठ्यक्रम परिमार्जनमा आयोगको भन्दा पनि सेवा समूह सञ्चालन गर्ने मन्त्रालयको भूमिका बढी हुन्छ । सम्बन्धित मन्त्रालयको आग्रह अनुसार हामी काम गर्छौं । पाठ्यक्रम परिमार्जनमा सोचे अनुसारको काम भएको छैन । त्यसका लागि स्रोतसाधन र कर्मचारीको आवश्यकता बढ्दै गएको छ ।

उमेर र समूहको सवालमा संविधानले व्यवस्था गरे अनुसार नै आयोगले काम गरिराखेको छ । कुनै वर्ष पदपूर्तिका लागि सम्बन्धित निकायले पद नपठाउँदा समस्या हुन्छ । पद आवश्यक भए अस्थायी, करार र ज्यालादारी कर्मचारी भर्ना गर्ने कारणले बजारका प्रतिस्पर्धी युवाले अवसर नपाएको अवस्था छ । म पद रिक्त हुनासाथ माग अनुसार फाराम भरेर विवरण पढाइदिन सम्पूर्ण निजामती, सुरक्षा निकाय र सङ्गठित संस्थालाई अनुरोध गर्दछु ।

**सङ्घीय निजामती सेवा ऐन नआउँदा आयोगले के कस्ता समस्या झेल्नु परेको छ ? प्रदेश लोक सेवा आयोगसँग समन्वय कसरी भइरहेको छ ?**

सङ्घीय निजामती सेवा ऐन चाँडै आउनुपर्ने हो तर संविधान जारी भएको ११ वर्षमा पनि आएन । देशको संविधानमा सम्पूर्ण कानुनको तह हुन्छ । पहिलो संविधान हुन्छ, त्यसपछि सङ्घीय ऐन हुन्छन्। नियमावली हुन्छन् । प्रदेशऐन र नियमावली हुन्छन् । त्यसबाहेक निर्देशिका कार्यविधि हुन्छन् तर त्यो अनुसार काम हुन सकिराखेको छैन । कुनै प्रदेशमा तत्काल प्रचलित सङ्घीय कानुनभन्दा तलमाथि गएर पनि ऐन जारी भएको अवस्था छ । यो शैलीले कर्मचारीले अवकाशमा जाँदा उनीहरूको किताबखाना दर्ता, पेन्सनलगायत अन्य सेवा सुविधामा कठिनाइ उत्पन्न हुने हुन्छ । संविधान जारी भइसकेपछि सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्दा कर्मचारीको वृत्तिविकासमा पनि यसले सुनिश्चितता प्राप्त गरिराखेको छैन । सङ्घीय लोक सेवा पास गरेको कर्मचारी प्रदेश र स्थानीय तहमा खटिएकै कारण सङ्घसँग उहाँहरूको सम्बन्ध टुट्नुहुँदैन भन्ने एउटा मानवीय विषय हो । कतिपय बढुवामा एक श्रेणी बढुवा भएपछि सङ्घको बढुवामा भाग लिन पाउने कि नपाउने भन्ने सम्बन्धमा पनि द्विविधा छन् । लोक सेवाले एउटा निर्णय गरिराखेको छ भने कहिलेकाहीं प्रशासकीय र सर्वोच्च अदालतले अर्को निर्णय गरिराखेको अवस्था छ । विभिन्न विषयमा विवाद भइराखेकाले छिटोभन्दा छिटो सङ्घीय निजामती ऐन जारी गरेर यी समस्यालाई समाधान गर्नुपर्ने देखेको छु ।

**सरकारले तयार पार्दै गरेको निजामती विधेयकमा अवकाशको उमेर ६० वर्ष पुर्याउने, हालका लागि ५५ वर्ष र ३० बर्से सेवा अवधि लगाउने जस्ता चर्चा छन्, यसमा आयोगको धारणा के हो ?**

यो प्रतिक्रियाका लागि भनेर एउटा ऐन आएको छ । प्रतिक्रिया वा सुझावका लागि भनेकाले सुझाव अनुसार नेपाल सरकारले परिमार्जन गर्ने छ । यो प्रक्रिया कानुन मन्त्रालय, नेपाल सरकार हुँदै परामर्शका लागि

लोक सेवामा आएपछि मात्र धेरै कुरा भन्न सकिन्छ । के अवस्थामा आउँछ, के के प्रावधान राखिएको छ ?त्यो प्रावधान नहेरी आयोगले प्रतिक्रिया र सुझाव दिनु उपयुक्त हुँदैन ।

**कर्मचारीको बढुवा र विभागीय कारबाहीमा सरकारले आयोगको परामर्श लिनुपर्ने संवैधानिक व्यवस्था छ । व्यवहारमा सरकारले आयोगको सुझावलाई कत्तिको गम्भीरतापूर्वक लिने गरेको छ ?**

बढुवा र विभागीय कारबाहीमा शतप्रतिशत लोक सेवा आयोगको सुझाव कार्यान्वयन भएको अवस्था छ । निजामती सेवाको सर्तसम्बन्धी कानुनको विषयमा संविधानको धारा २४३ मा सरकारले परामर्श लिनुपर्ने प्रावधान छ । धेरै परामर्शका विषय नआइसकेको अवस्था छ । पहिले आएको सङ्घीय निजामती सेवा ऐनमा परामर्श प्रदान गरेका थियौं । हाम्रा परामर्श कति लागु भए भनेर विश्लेषण गर्ने अवस्था अहिलेसम्म छैन । २०७८ असार १० पछि हाम्रो कार्यकालमा दिएका परामर्श सबै कार्यान्वयन भएको अवस्था छ ।

**राज्यका धेरै संयन्त्रमा राजनीतिक हस्तक्षेपको कुरा उठ्छ । लोक सेवालाई प्रभाव र दबाबबाट मुक्त छ भनेर आमजनतालाई कसरी भरोसा दिनुहुन्छ ?**

सबैतिर यस्तै छ । लोक सेवा पनि उस्तै होला भनेर अनुमान गर्नुहुँदैन । मैले राजनीतिक हस्तक्षेपका कारणले कामकारबाहीमा असहज भएको महसुस गरेको छैन । राजनीतिक हस्तक्षेप केलाई र कसलाई भन्ने ?समाज यही हो । हामी यही समाजका मान्छे हौं । अब कसैले जिज्ञासा राख्ने कुरालाई अन्यथा लिनुहुँदैन । लोक सेवामा छौं भनेर कसैको फोन नउठाउने कुरा पनि भएन । आफ्नो जिम्मेवारी संविधान र इमान अनुसार पूरा गर्ने हो । त्यस्तो हस्तक्षेपको महसुस हामीलाई भएको छैन ।

**लोक सेवामा परीक्षार्थीको आकर्षण बढ्दो छ । आगामी दिनमा बढीभन्दा बढी युवालाई आकर्षित गर्न आयोगले के गर्दै छ ?**

एक वर्षमा नौदेखि १० लाख जनासम्मले फाराम भरेको अवस्था छ । तीमध्ये निजामतीतर्फ २१/२२ सय छनोट हुन्छन् । सुरक्षा निकायमा २० हजार जति र सङ्गठित संस्थाका १० हजार गरेर लगभग ३२ हजारका लागि १० लाख जनाले दरखास्त फाराम भर्नु प्रतिस्पर्धा धेरै हो । प्रतिस्पर्धी धेरै छन् भनेर खुसी मान्ने एकातिर होला तर म चाहिँ दुःखी छु । १० लाखले फाराम भरेर ३० हजारले रोजगारी पाउँदा नौ लाख ७० हजार सर्वसाधारण आमनेपाली दाजुभाइ, दिदीबहिनी र उहाँका छोराछोरीले रोजगारी प्राप्त गर्न सक्नुभएको छैन । 'क्वालिटी' का प्रतिस्पर्धी आउनु पर्छ भन्ने आयोग चाहन्छ । 'क्वालिटी' का प्रतिस्पर्धीबिच प्रतिस्पर्धा हुनु पर्छ भन्ने आयोगको चाहना छ । त्यसका लागि हामीले पूर्वयोग्यता परीक्षा लिँदै आएका छौं । यो निजामतीको शाखा अधिकृत र खरदारको पूर्वयोग्यता परीक्षा सञ्चालन भइराखेको छ । गत वर्ष खरदार समूहको पूर्वयोग्यता परीक्षा सञ्चालन गर्दा लगभग ९० हजार परीक्षार्थीले भाग लिनुभयो । हामीले देशका १४ वटा कार्यालयमा परीक्षा सञ्चालन गऱ्यौं । हामीले एउटै परीक्षामा धेरै प्रतिस्पर्धी भएर धेरै फेल हुनुभन्दा 'क्वालिटी' का प्रतिस्पर्धीलाई मात्र परीक्षामा सहभागी गराउने गरेका छौं ।

**लोक सेवाको तयारी गरिरहेका लाखौं युवालाई के सन्देश दिनुहुन्छ ?**

लोक सेवा तयारी गर्न कम्मर कसेर लाग्नु वा धेरै तयारी आवश्यक नै पर्दैन । यसलाई नै जीवनपद्धतिको मार्ग ठान्ने व्यक्तिले आफूलाई सदैव 'अपडेट' राखेमा धेरै तयारी आवश्यक हुँदैन । अहिले धेरै सुविधा छन् । मैले पनि नासु, खरदार, शाखा अधिकृत, सहसचिव सबै परीक्षा दिएँ । सबै परीक्षा पहिलो पटकमा पास गरेँ । लोक सेवाको योग्यता, स्वच्छता र निष्पक्षताको मूल मन्त्रसाथ आयोग सञ्चालन भइराखेको छ । यसका कामकारबाही पारदर्शी, गोप्य, दुई अन्ध प्रणालीलगायत प्रणाली अपनाएर सञ्चालित छन् । यसलाई सबै परीक्षार्थी र राज्यले विश्वास गरेको छ । लोक सेवा आयोगका परीक्षामा सामेल गरेर आफूलाई सक्षम प्रमाणित गरेर मुलुकको सेवा गर्न आउन युवा भाइबहिनीलाई आह्वान गर्छु । लोक सेवाको परीक्षामा सहभागी भएर मुलुक सञ्चालन गर्ने अवसरको उपयोग गर्न अनुरोध गर्दछु ।

**आयोगको पारदर्शिताको सूत्र के हो ?**

पारदर्शिता भनेको 'क्यालेन्डर' हो । 'क्यालेन्डर' अनुसार काम गर्नु नै लोक सेवा आयोगको पारदर्शिता हो । 'क्यालेन्डर' कार्यान्वयनबाहेक सबै काम आयोगका गोप्य हुन्छन् । लोक सेवामा सङ्गठनात्मक संस्कृति पनि छ । हाम्रा सबै शाखा गोप्य छन् । एक शाखाका कर्मचारी अर्को शाखामा जाँदैनन् । गएको थाहा भए कारबाही हुन्छ । सदैव त्यहाँ गोप्य काम भइराखेको हुन्छ । हाम्रो 'डबल कोडिङ' प्रणाली छ । त्यो अन्तिम नतिजा प्रकाशन गर्ने बेलामा मात्र कसको अङ्क कति रहेछ, कसले कति अङ्क प्राप्त गरेको छ भन्ने कुरा केन्द्रमा अध्यक्ष र सचिव र अरू प्रदेश कार्यालयलाई थाहा हुन्छ । आयोगसँग गोप्यता मात्र कायम छैन, कामकारबाहीको विश्वसनीयता पनि छ ।

# निष्पक्षता र पद्धतिको आदर्श




**गौरवपूर्ण अतीतले मात्र अगाडि बढ्न सकिँदैन, भविष्य अझ गौरवपूर्ण हुनु पर्छ । सुनको परख यसलाई घोटेर, तताएर, पिटेर र काटेर गरिन्छ । व्यक्तिको परीक्षण उसले कति त्याग गर्छ, आचरण कस्तो छ, उसको गुण र व्यवहार कस्तो छ भन्ने आधारमा गरिन्छ । यी गुणाको परीक्षण संज्ञानात्मक परीक्षाबाट मात्र सम्भव हुँदैन, यसका लागि नवीन परीक्षण विधि अवलम्बन गर्न सक्नु पर्छ ।**



उमेशप्रसाद मैनाली

नेपालको सबभन्दा जेठो संवैधानिक निकाय लोक सेवा आयोगले एक वर्षभरि हीरक महोत्सव मनाएको छ । आजबाट यो संस्था ७५ वर्ष पार गरेर ७६ औं वर्षमा प्रवेश गरेको छ । नेपालमा प्रजातन्त्रको उषासँगै जन्मिएको यो संस्था साँच्चै प्रजातन्त्रको गहना थियो । लोकतान्त्रिक व्यवस्थाको पहिलो सर्त नै निष्पक्ष निर्वाचनबाट छानिएका जनप्रतिनिधि र योग्यताका आधारमा नियुक्त कर्मचारी हुन् । जनताका यिनै दुई थरी प्रतिनिधिको योग्यतामा लोकतन्त्र सफल हुन्छ किनकि सार्वजनिक सेवा यस्तो साधन हो, जसबाट लोकतन्त्रको वैधानिकता बलियो वा कमजोर हुन्छ । यसको अकुशलता र राजनीतीकरणले सुशासनमा असाधारण प्रभाव पर्न सक्छ । राजनीतिमा समाजशास्त्री केनेथ एरोको 'जनरल इम्पसिबिलिटी थ्योरम' ले भने जस्तै निर्वाचनबाट गलत विजेता आउने र प्रशासनमा 'ज्याक्सनियन डेमोक्रेसी' को जस्तो 'लुट प्रणाली' भयो भने लोकतन्त्रले आफैं आत्महत्या गर्छ । त्यसैले सात सालको परिवर्तनपछि तत्कालीन नेताहरूले बुद्धिमानीपूर्वक 'पब्लिक सर्भिस कमिस' गठन गरेर 'योग्यताको मन्दिर' खडा गरेका थिए ।

लोक सेवा आयोगले ७५ वर्षको यात्रामा निष्पक्षता र स्वच्छताको बलियो आधार विकसित गरेर आफ्नो इतिहास रचेको छ । नेपालमा यस्तो संस्था छैन जसले यसको जस्तो विश्वास आर्जन गरेको होस् । पद्धति त लोक सेवा आयोगबाट सिक्नु पर्छ, यसको पवित्रता र आदर्श अरू संस्थाका लागि 'बेन्चमार्क' हुनु पर्छ भन्ने सार्वजनिक क्षेत्रमा चर्चा हुने गर्छ । यो ख्याति त्यसै प्राप्त भएको हैन, सुरुदेखिका यसका पदाधिकारीको अथक प्रयासबाट यो सम्भव भएको हो । पङ्क्तिकारलाई पनि यो संस्थाको नेतृत्वमा रहने गौरव प्राप्त भएकोमा आजको दिन 'नोस्टाल्जिक' भएको महसुस हुन्छ । यस अवसरमा लोक सेवा परिवार र परीक्षाका तयारी गरिरहेका युवालाई बधाई दिन चाहन्छु । यो संस्था छ र तपाईं हामी सार्वजनिक सेवामा प्रवेश गर्ने अवसर पाइरहेका छौं । हाम्रो समाजको मनोविज्ञान नै आफन्तलाई बर्कोभित्रबाट छिराउने छ ।

**कर्मचारीको सक्षमता**

'भर्ना' ले नै कुनै पनि संस्थाको स्वर र शक्ति निर्धारण गर्छ । भर्ना नीति निष्पक्ष भएन र यसले योग्यताका आधारभन्दा राजनीतिक र सामाजिक आधार अवलम्बन गर्‍यो भने संस्थाभित्र स्थायी खराबी सङ्क्रमण हुन्छ । यसबाट हाम्रा संस्था 'सुस्त र अयोग्य'हरूको आश्रय स्थल बन्न पुग्छन् । राजनीति र समाजको विकासक्रमले सरकारी सेवामा भर्ना र छनोट निर्धारण हुने गरेको देखिन्छ । एक दलीय कम्युनिस्ट प्रणालीमा दलका सदस्यहरू भर्ना गरिन्छन् । तत्कालीन सोभियत युनियनले 'नोमेन्क्लाटुरा' भनिने प्रणाली लागु गरेको थियो जसमा कम्युनिस्ट पार्टीको सदस्य नभई सरकारी सेवामा प्रवेश पाइँदैनथ्यो । बन्द समाजमा शासकका चाकडीबाज नियुक्त गरिन्छ भने तानाशाही व्यवस्थामा राजनीतिक समर्थनका लागि सरकारी पद पुरस्कारका रूपमा दिने गरिन्छ । यसैलाई 'लुट प्रणाली' भन्ने गरिन्छ । समाज विकसित नभइसकेको अवस्थामा सरकारी कार्यालय ठेक्कामा दिने वा चिठाद्वारा कर्मचारी छनोट गरिन्थ्यो । कहीँ कहीँ स्वयंसेवकबाट काम लिइन्थ्यो । युरोपका धेरै देशमा यस्तै प्रणाली थियो ।

योग्यतातन्त्रकै आधारमा कर्मचारी भर्ना सुरु गर्ने पहिलो देश बेलायत हो जसले सन् १८५३ मा ब्रिटिस इन्डियामा अखिल भारतीय सेवामा कर्मचारी छनोटमा योग्यता प्रणाली लागु गरेको थियो । पछि सन् १८७३ मा सुधारवादी प्रधानमन्त्री ग्लाड्स्टोनले बेलायतमा योग्यता प्रणालीबाट छनोट गरिएको चुस्त राजस्व प्रशासन तयार गरेका थिए । पछि ब्रिटिस प्रभावका रहेका र लोकतन्त्रवादी भनिने देशले योग्यता प्रणाली लागु गरेर प्रभावकारी प्रशासन दिन थाले । सिङ्गापुरको विकासको रहस्य नै 'योग्यतातन्त्र' मानिएको छ । सिङ्गापुरका पूर्वप्रधानमन्त्री गो चोक तोङले भनेका थिए 'योग्यतातन्त्र' नै सिङ्गापुरको सफलताको साँचो थियो, कर्मचारी, राजनीति, स्कुल र व्यापार व्यवसायमा 'योग्यतातन्त्र' को अभ्यासले अरूसँग प्रतिस्पर्धा गर्न र उत्कृष्टता हासिल गर्न सफल बनायो । जापान र कोरियाको विकासमा पनि त्यहाँको कर्मचारीको सक्षमताले काम गरेको मानिन्छ ।

**'पजनी' प्रथा अन्त्य**

नेपाल धेरै पछिसम्म बन्द समाजमा रहनु पर्‍यो । त्यसबाहेक नेपालले विरासतमा पाएको 'पजनी' प्रथा राणा शासनको पतनपछि पनि केही वर्ष कायम रह्यो । इतिहास अध्ययन गर्दा लिच्छविकालदेखि नै यो प्रथाले जरा गाडेको देखिन्छ । अंशुवर्माले राज्याभिषेकपछि राखिएको शिलालेखमा 'आफ्नो दरबारमा काम गर्ने मानिस तोक्ने पनि यही बेला हो' भनी उल्लेख भएको इतिहासकार सिल्भाँ लेभीले 'नेपाल हिन्दु राष्ट्रको इतिहास' मा लेखेका छन् । त्यसबेलादेखिको यो 'पजनी' प्रथा शाहकाल र राणाकालमा प्रचलनमा रह्यो । शाहकालमा उच्चपदहरू 'छत्र' अर्थात 'थरघर' भनिने पाण्डे, पन्त, अर्याल, खनाल, बोहोरा र रानामगरलाई सुरक्षित राखी अन्य पद 'पजनी' मार्फत भर्ना र बर्खास्त गरिन्थ्यो । सिल्भाँ लेभी लेख्छन् 'नेपालमा हरेक वर्ष नै एक किसिमको कानूनी उथलपुथल हुन्छ । जागिर हरेक वर्ष थमौती गर्नु पर्छ । प्रधानमन्त्रीदेखि तलका मामुली कामदारसम्मको प्रत्येक वर्ष पजनी गरी पुनः राख्ने, बढुवा गर्ने वा खोस्ने काम हुन्छ । सधैं यो प्रक्रिया दसैं अर्थात् सेप्टेम्बर-अक्टोबरमा हुने गर्छ । यो काम भारदारको एउटा समितिले ठेगान गर्छ, यस भारदारीमा १२ सदस्य थिए-एक जना चौतरिया, चार जना काजी, चार जना सरदार, दुई जना खरदार र

एक जना कपरदार ।' विसं १८९० को पजनीमा प्रधानमन्त्री भीमसेन थापाको समेत जागिर गएको थियो । जङ्गबहादुर राणाले पजनीको अधिकार आफ्नो हातमा लिएपछि यसमा जथाभाबी हुन थाल्यो । भीमशमशेरका पालामा उनकी ल्याइते महारानी दिलकुमारी ब्लोन (सीता महारानी) का भदाहरूको प्रभाव बढ्दै गएपछि 'पाँडे पजनी' को नाममा बदनाम हुन थाल्यो ।

सात सालमा राणा शासन ढलेपछि जारी भएको अन्तरिम संविधानमा 'पब्लिक सर्भिस कमिसन' को व्यवस्था गरी योग्यताका आधारमा सरकारी कर्मचारी छनोट गर्ने अधिकार दिइएको थियो । यही प्रावधान अनुसार २००८ असार १ गते कमिसन गठन भई पदाधिकारी नियुक्त गरिएको थियो । कानुनलगायत अन्य पूर्वाधार तयार नभएको र त्यसबेलाको अस्थिर सरकारको कारण कमिसनले खासै काम गर्न सकेको देखिँदैन । सरकार फेरियो कि पछि पुनर्गठनमा ठहरिएबमोजिम हुने गरी भन्दै आफन्त भर्ना गर्ने क्रम रोकिएन । निजामती सेवाको सर्तसम्बन्धी कानुनको अभावमा राणाकालीन कर्मचारी भर्ना, खोसुवा र बढुवासम्बन्धी मुलुकी सवालबमोजिम यी काम हुन्थ्यो । यो क्रम टङ्कप्रसाद आचार्य प्रधानमन्त्री हुँदा २०१३ भदौ २२ गते निजामती सेवा ऐन जारी नभएसम्म कायमै थियो । कमिसनले आफ्नो काम देखाउन अहोरात्र प्रयास गरेको देखिन्छ । राजा त्रिभुवनले आफ्नो निजी सचिवमा विहारका आइएएस अफिसर गोविन्दनारायणलाई नियुक्त गरेका थिए । यिनलाई क्याबिनेट सेक्रेटरीको काम र लोक सेवा आयोग र गृह मन्त्रालयको सल्लाहकारको काम पनि तोकिएको थियो । यिनले अङ्ग्रेजीमा तयार पारेका ऐननियम कहलिएका विद्धान् कमिसनका सदस्य केशरबहादुर केसीले तत्काल नेपालीमा अनुवाद गर्ने गरेको कमिसनकै कर्मचारी भुवनमान सिंह प्रधानले एक लेखमा भनेका छन् । कमिसनका अध्यक्ष थिए मुन्सी खानाका हाकिम र चार महिना अर्थ सचिव भएका नगेन्द्रमान सिंह प्रधान । अर्का सदस्य थिए त्यसबेलाका नामी वकिल देवनाथप्रसाद बर्मा । विद्वान्, योग्य र अनुभवी समूह थियो कमिसनको । अन्तरिमकालको अस्थिर राजनीतिले कमिसनलाई राम्रोसँग काम गर्न नै दिएन ।

कमिसनको अवस्थाबारे भुवनमान सिंह लेख्छन्, "कमिसनले आफैं आफ्ना कर्मचारी नियुक्त गर्न सक्ने व्यवस्था थियो । पहिलो सचिवमा खड्गमानसिंह मल्ल नियुक्त भए । उनको सिफारिसमा अन्य कर्मचारी नियुक्त भएको देखिन्छ । सिंहदरबारको उत्तरी लङमा दुई कोठामा कार्यालय राखिएको र २०१४ सम्म सेक्रेटरीबाहेक सहायक कर्मचारी खरिदार- एक, मुखिया-तीन, बहिदार-चार र पियन- आठ थिए ।" यसबाट कमिसन कति अप्ठेरोमा काम गर्दै थियो भन्ने बुझ्न सकिन्छ । कार्यालयमा स्थानको अभाव र कर्मचारीको कमीबिच पनि २००८ भदौमा आठ पदका लागि विज्ञापन गरेको थियो । २०१२ सालमा ग्याजेटेड आठ र ननग्याजेटेड चार पदमा विज्ञापन गरिएको थियो । संविधानले सबै सरकारी कर्मचारीका लागि जाँच लिने अधिकार दिएकाले सेना र प्रहरीको जाँचसमेत लिन्थ्यो । विदेश छात्रवृत्तिमा जानेको छनोट परीक्षासमेत कमिसनले लिने गर्दथ्यो । प्रहरीको बढुवासम्बन्धी कामसमेत कमिसनले गर्ने गरेको थियो । संविधानले व्यापक अधिकार दिए पनि राजनीतिक अस्थिरताले काम गर्न दिएको थिएन । सात सालपछि प्रथम आमनिर्वाचन नभएसम्म आठ पटक मन्त्रीपरिषद् पुनर्गठन गरिएको थियो । हरेक सरकार 'कमिसन इज टु ओमिसन' भन्दै आफ्ना मानिस भर्ना गर्दथे । भुवनमान सिंहको भनाइ अनुसार केही प्राविधिक र तल्ला पद देखाउन मात्र माग पठाइन्थ्यो, अरू मन्त्रीहरूले आफूखुसी नियुक्ति दिन्थे । त्यसबेलाको कमिसन देखाउने

संस्था मात्र थियो । यस्तो स्थितिमा पनि कमिसनका पदाधिकारी आफ्नो संवैधानिक भूमिकाका लागि लडिरहेको प्रशंसनीय लाग्छ ।

**संवैधानिक निकायको सम्मान**

विसं २०१५ फागुन १ गते 'नेपाल अधिराज्यको संविधान' जारी भयो । यसमा पहिलेको कमिसनको व्यवस्थामा परिवर्तन गरी नेपाली करण गरियो । लोक सेवा आयोग अध्यक्ष र सदस्य नामकरण गरी अरू क्षेत्राधिकार साबिककै कायम गरिएको देखिन्छ । अर्को नयाँ व्यवस्था भनेको आयोगले वार्षिक प्रतिवेदन दिनुपर्ने र सो प्रतिवेदन संसद्मा पेस गर्नुपर्ने थियो । आयोगले २०१६ सालदेखि आफ्नो प्रतिवेदन दिन थालेको हो । अर्को आयोगको नियुक्ति पनि फरक खालको देखियो । तत्कालीन प्रधान न्यायाधीश अनिरुद्रप्रसाद सिंहलाई २०१६ असार १६ गते आयोगको अध्यक्षमा नियुक्त गरी आयोगका अध्यक्ष भगवतीप्रसाद सिंहलाई प्रधान न्यायाधीशमा कायममुकायम हुने गरी नियुक्त गरिएको थियो । यसबाट आयोगको ओज बढ्न गएको देखिन्छ । अन्य सदस्यमा सरकारी सेवाबाट सरदार मानबहादुर र सरकारी सेवाबाहिरबाट शिवेन्द्रविक्रम शाह (जो नेपाली कांग्रेसका सक्रिय सदस्य र राष्ट्र सभाका सदस्य थिए) नियुक्त भए । लोक सेवाको कार्यक्षेत्र सबै सरकारी सेवामा विस्तार भएकाले प्रहरीको खुला प्रतियोगिताको जाँच लिन आयोगले सुरु गरेको थियो । पछि २०१६ सालमा प्रहरी फोर्स नियमावली जारी भएपछि प्रहरी सेवाको बढुवाको अध्यक्षतासमेत आयोगका सदस्यले गर्न थालेको देखिन्छ ।

सुरुमा जननिर्वाचित सरकारको काम पनि आलोचनामुक्त भएन । प्रशासनिक पुनर्गठनका नाममा भर्ना र बढुवा हुन थालेपछि लोक सेवा आयोगले आफ्नो पहिलो प्रतिवेदनमा यसको कडा प्रतिक्रिया दिएको थियो । यसपछि प्रधानमन्त्री र आयोगका अध्यक्षबिच समझदारी भई भर्ना गरिएकाको योग्यता परीक्षा लोक सेवाले लियो । यसमा अधिकांश अनुत्तीर्ण हुन पुगे । प्रजातन्त्रमा विश्वास गर्ने सरकारले संवैधानिक निकायको सम्मान गरेको सराहनीय लाग्छ । यो सरकारको पालामा कसैको जागिर गएन, पजनी प्रथा बन्द भयो, बडाहाकिमको पदलाई निजामती सेवाभित्र ल्याइयो र योग्यता प्रणालीले काम गर्न थाल्यो । यस सम्बन्धमा हेमनारायण अग्रवालले आफ्नो किताबमा लेखेका छन्,'सन् १९५१ देखि १९५९ सम्म दरबारबाट नियन्त्रित कर्मचारीतन्त्र थियो र १९५९-६० मा मन्त्रीपरिषद् र लोक सेवा आयोगबाट नियन्त्रित थियो ।

जननिर्वाचित सरकारलाई अपदस्थ गरी २०१७ पुस १ गते राजा महेन्द्रले शासनसत्ता आफ्नो हातमा लिए । त्यसपछिको उनको पहिलो काम नै आफू अनुकूल कर्मचारी 'पजनी' गर्नु थियो । यसका लागि लोक सेवा आयोग मुख्य अवरोधक थियो । यसलाई पन्छाउन 'पब्लिक सर्भिस कमिसन कारबाही बन्देज नियम, २०१७' जारी गरी २०१७ माघ २५ देखि २०१८ जेठ मसान्तसम्म लोक सेवा आयोगलाई निलम्बन गरिदिए । यसपछि कर्मचारीको व्यापक पजनी गरिएको थियो । यसमा धेरै कर्मचारी खोसिए । १३ जना त सचिव नै खोसुवामा परेका थिए । सचिव र अन्य उच्च पदमा सैनिक र प्रहरी पृष्ठभूमिका व्यक्ति र आफू अनुकूलका व्यक्ति नियुक्त गरियो । निलम्बन फुकुवा भइसकेपछि २०१९ सालको संविधानले लोक सेवा आयोगलाई निजामती सेवामा सीमित गरिदियो । पछि संविधानको पहिलो संशोधनमा सरकारी स्वामित्वको सङ्गठित संस्थाका कर्मचारी भर्नाको काम आयोगलाई दिने प्रावधान राखिए पनि दोस्रो संशोधन हुँदा सामान्य

सिद्धान्त मात्र तोक्न सक्ने गरिएको थियो । पञ्चायती व्यवस्थाको राम्रो काम भनेको दरबार जाँचबुझ केन्द्रले तयार पारेको 'लोक सेवा आयोग सुदृढीकरण योजना, २०३०' लाई लिन सकिन्छ ।

आयोगलाई स्वतन्त्र संवैधानिक हैसियत दिइए पनि राजनीतिक नियुक्ति, विकासका कर्मचारी आदि आवरणमा नियुक्त गरी पछि आयोगको सामान्य प्रक्रिया पूरा गरी स्थायी गरिन्थ्यो । यसका अतिरिक्त हुकुम प्रमाङ्गीका नाममा नियुक्ति र बढुवा हुँदा आयोग पङ्गु जस्तै हुनु पर्दथ्यो । कर्मचारीलाई तह लगाउन 'पर्चा' र पेन्सन पाकेकालाई हटाउन सक्ने प्रावधानले आयोगको भूमिका कमजोर पार्ने काम पञ्चायत व्यवस्थाभरि भई नै रह्यो । यीबाहेक अन्य अवस्थामा लोक सेवा आयोगलाई काम गर्न दबाब भने थिएन । निर्देशित व्यवस्थामा समेत आयोग युवाको विश्वास जित्ने संस्था बन्न सकेको थियो । योग्यताका आधारमा कर्मचारी छनोट हुन्थे । प्रहरी प्रतिवेदनका नाममा पञ्चायतविरोधी गतिविधिमा लागेको भन्दै सफल युवालाई नियुक्ति दिन रोकिन्थ्यो । समग्रमा आयोग स्वतन्त्र त थियो तर राजाको हुकुम काट्न भने सक्दैनथ्यो । यसरी पञ्चायती व्यवस्थामा आयोगमाथि राजाको लगाम थियो ।

बहुदलीय व्यवस्थाको पुनस्थापनापछि जारी भएको 'नेपाल अधिराज्यको संविधान, २०४७' आयोगको सम्बन्धमा भने अनुदार देखियो । सङ्गठित संस्थाको सिद्धान्त तय गर्ने अधिकारसमेत यो संविधानले खोसिदियो । अब भने लोक सेवा निजामती सेवामा सीमित हुन गयो । आयोगले गर्ने कामको निष्पक्षतामा कुनै कमी नदेखिए पनि सेवा परिवर्तनमा आयोगले परामर्श नदिएका पनि परेका र २०४९ सालमा 'पर्चा' बाट कर्मचारी हटाउँदा अडान लिन नसकेको भन्ने आरोप भने आयोगलाई लाग्ने गरेको छ । 'नेपालको अन्तरिम संविधान, २०६३' मा आयोगको कार्यक्षेत्र केही विस्तार गरिएको थियो । आयोगको काममा सेना, प्रहरी र अन्य सरकारी सेवाका कर्मचारीको सेवाको सर्तसम्बन्धी विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था संविधानमा थप गरियो । सङ्गठित संस्थाहरूले चाहेमा आफ्ना कर्मचारीको सेवाका सर्तका विषयमा परामर्श लिन सक्ने प्रावधान थप भयो । यस अवधिमा आयोगका पदाधिकारीले लोक सेवा आयोग ऐन, २०६६, लोक सेवा आयोग नियमावली, २०६७ र लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०६७ जारी गरी आयोगको काम व्यवस्थित गराउन महत्वपूर्ण योगदान दिएको देखिन्छ ।

**कार्यक्षेत्रमा व्यापक विस्तार**

दोस्रो संविधान सभाले २०७२ असोज ३ गते 'नेपालको संविधान' जारी गरेपछि लोक सेवाको कार्यक्षेत्रमा व्यापक विस्तार गरिएको छ । यस सन्दर्भमा एउटा रोचक घटना उल्लेख गर्न सान्दर्भिक नै होला । संविधान जारी हुनु केही दिनअघि तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले साँझपख लोक सेवा आयोगको अध्यक्षको नाताले मलाई बोलाएका थिए । त्यहाँ केपी ओली, पुष्पकमल दाहाल र दोस्रो तहका नेता संविधानलाई अन्तिम रूप दिन बसेका रहेछन् । मलाई आधा घण्टा आयोगका बारेमा कस्तो प्रावधान राख्ने हो बोल्न भनियो । मैले आयोगको निर्णय पनि लिएर गएको थिएँ । जनताको करबाट पारिश्रमिक पाउने जुनसुकै संस्थाका कर्मचारीको छनोट लोक सेवा आयोगको एकल ढोकाबाट हुनु पर्छ भन्ने भनाइ राखें । सबै सहमत भएको लाग्यो र मेरो सम्बन्ध प्रधानमन्त्रीसँग राम्रो भएकाले आशावादी हुँदै फर्किएको थिएँ । पछि संविधान जारी हुँदा अरू संवैधानिक निकायको अधिकार कटौती गरिए पनि लोक सेवा आयोगको भने

बढाइएको देखियो । शिक्षक सेवा आयोग र विश्वविद्यालय सेवा आयोगले लिने परीक्षाबाहेक अन्य सबै सङ्गठित संस्था, सुरक्षा निकायको लिखित परीक्षा सञ्चालन गर्ने अधिकार आयोगलाई दिइने प्रावधान रहेको देखियो । परामर्शको भूमिकामा पनि व्यापक विस्तार गरिएकाले एक किसिमले सन्तोषको अनुभूति भयो ।

कार्यक्षेत्रको विस्तारसँगै आयोगले निकै चुनौतीको सामना गर्नु परेको सम्झना हुन्छ । एकातिर सेनाका आफ्ना प्रचलन थिए जुन योग्यता प्रणालीसँग मेल खाँदैनथे । सार्वजनिक संस्थानमा सीमित प्रतियोगिता, सीमित खुला जस्ता पदपूर्तिका प्रक्रिया रहेको देखियो । केही संस्थानमा त पदपूर्ति समितिमा कर्मचारी युनियनको प्रतिनिधित्वसमेत थियो । यो व्यवस्थालाई सेवा सर्तसम्बन्धी कानुनमा परामर्श दिँदा हटाउन 'सङ्गठित संस्थाका कर्मचारीको सेवा सर्तसम्बन्धी कानुन, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४' लागु गर्ने आयोगले निर्णय गरेको थियो । यसबाट धेरै कमजोरी सुधार भए पनि झन्डै दुई दर्जन सङ्गठित संस्था परामर्श लिन आउन बाँकी नै थिए । मसहितको समूह आयोगमा हाजिर हुनासाथ 'अनलाइन एप्लिकेसन', परीक्षण विधिमा सुधार, पाठ्यक्रममा व्यापक परिवर्तन, उत्तरपुस्तिका आयोगमै जाँच्नुपर्ने र उपसचिव तथा सहसचिवको परीक्षाको उत्तरपुस्तिका दुई जनाबाट परीक्षण गराउने निर्णय गरियो ।

अनलाइन प्रविधि, ई पेमेन्ट, मोबाइल एप्स जस्ता सूचना प्रविधिमैत्री प्रविधि लागु गरियो । यसबाट सन् २०१९ को 'डिजिटल गभर्नेन्स अवार्ड' लोक सेवा आयोगले पाउनु गर्व लाग्छ । परीक्षण प्रविधिमा सुधार ल्याउन 'इसेस्मेन्ट सेन्टर मेथोडोलोजी (एसिएम)' का गैरसंज्ञानात्मक परीक्षा लिन राजपत्राङ्कित प्रथम श्रेणीमा 'मामिला प्रस्तुतीकरण' र द्वितीय श्रेणीमा 'इनबास्केट एक्सरसाइज' जस्ता औजार लागु गरियो । लिखितमा उत्तीर्ण हुनेले आफ्नो प्राप्ताङ्क हेर्न पाउने व्यवस्था गरियो । यी सबै व्यवस्था अहिले सफल रूपमा कार्यान्वयनमा छन् ।

अब लोक सेवा आयोगले थप चुनौती सामना गर्नुपर्ने अवस्था छ । लोक सेवाको नयाँ ऐन जारी भएपछि सबै सङ्गठित संस्थाको पाठ्यक्रम निर्धारण गर्ने काम थपिएको छ । थपिएका संस्थाको पदपूर्ति समयमै गर्न निकै कठिन हुने छ । आयोगले विश्वविद्यालयको लिखित परीक्षामा आफैं संलग्न हुन थालेको सराहनीय लाग्छ । सङ्गठित संस्थातर्फ पनि प्रारम्भिक परीक्षा लिन सुरु भएको जानकारीमा आएको छ । यसरी नै हरेक पदाधिकारीले केही न केही सुधार गरेर लोक सेवा आयोगलाई उदाहरणीय संस्था बनाउनु पर्छ । यस अगाडिका पदाधिकारीले कसैले पद्धति नै स्थापित गरे भने कसैले नियम र नियमिततामा काम गरेर स्थापित प्रणाली भत्किन दिएनन् । त्यसैले त लोक सेवा सबैभन्दा विश्वसनीय संस्था बनेको छ । यहाँ बुझ्न के जरुरी छ भने 'सही संस्था' भएर मात्र न्यायको प्रत्याभूति हुँदैन । सही नेतृत्व र सही विधि प्रक्रिया पनि हुन जरुरी छ ।

आयोगले सही नेतृत्व पाउँदै आएको छ र अनुकरणीय विधि प्रक्रियाका लागि प्रख्यात पनि छ । गौरवपूर्ण अतीतले मात्र अगाडि बढ्न सकिँदैन, भविष्य अझ गौरवपूर्ण हुनु पर्छ । सुनको परख यसलाई घोटेर, तताएर, पिटेर र काटेर गरिन्छ । व्यक्तिको परीक्षण उसले कति त्याग गर्छ, आचरण कस्तो छ, उसको गुण र व्यवहार कस्तो छ भन्ने आधारमा गरिन्छ । यी गुणको परीक्षण संज्ञानात्मक परीक्षाबाट मात्र सम्भव हुँदैन, यसका लागि नवीन परीक्षण विधि अवलम्बन गर्न सक्नु पर्छ । लोक सेवा आयोगका लागि यही नै अबको चुनौती हो ।

**२०८३ साल जेठ ३१ गते, गोरखापत्र**

# निष्पक्षताको धरोहर लोक सेवा




विश्वमा कर्मचारी छनोट प्रणालीको प्रसङ्ग जोड्नु पर्दा लिखित परीक्षाको प्रारम्भ चीनको सू—राजतन्त्रकालको इसं ६०५ मा सुरु भई १३०० वर्षपछि क्विन राजतन्त्रको काल सन् १९०५ सम्म पनि रहयो । राज्यको उत्पत्ति र विकास हुँदै गर्दा अहिलेको जस्तो राजनीतिक सिमाना कोरिएको थिएन । लुटपाटबाट जोगाइ, धनजनको सुरक्षा गरी आफ्नो क्षेत्रको संरक्षण गर्नु नै राजाको र त्यसको संयन्त्रको मूल अभिभारा हुन्थ्यो । त्यसबेला राजाले कामकारबाहीका लागि मन्त्री छान्दा कस्तो छान्ने भन्ने विषयमा चाणक्यले भनेका छन्, "जो आफ्नै देशको होस्, घराना परिवारमा जन्मिएको होस् र राजाको नियन्त्रणमा काम गर्ने होस् । उक्त व्यक्ति बुद्धिमान, अरूलाई कुरा बुझाउन सक्ने क्षमता भएको, बोल्न, लेख्न सिपालु, कार्य तत्परता भएको, साहसी, बहादुर, दुःखपूर्ण अवस्थामा पनि अविचलित भई समस्याको सामना गर्न सक्ने, वफादार हुनु पर्छ । ऊ न हठ स्वभावको न त साह्रै हल्का, मध्यम प्रकृतिको हुनु पर्छ । उक्त उच्च तहको मन्त्री जनताको मन सजिलै जित्न सक्ने, जनताको माझ रमाउन सक्ने, अरूको मन नदुखाउने प्रकृतिको हुनु पर्छ ।" चाणक्यले उच्च तहमा राज्यको तर्फबाट काम गर्ने मन्त्री हुन र उच्च तहका अन्य पदाधिकारी छनोटमा माथि उल्लेख गरिएको पृष्ठभूमि र गुण भएमा उक्त व्यक्तिले राज्यको अपेक्षा पूरा गर्न सक्छ भन्ने थियो ।

आधुनिक नेपालको सन्दर्भमा तत्कालीन राजा पृथ्वीनारायण शाहले राज्य एकीकरणका क्रममा लडाकुको तयारी गरेका थिए । उनले भाइभारदारलाई दिव्योपदेश दिँदा लडाकु (सेना) छनोटका लागि केही जातलाई सिफारिस गरेको पाइन्छ, जसमा लडाका जातका रूपमा 'खस, मगर, गुरुङ र ठकुरी मिलाएर सेनामा भर्ना गर्नु यी चार जातबाट बैरी (शत्रु) त के इन्द्रको आसन पनि डगमगाउँछ' भनेका छन् । अन्जानलाई ठुलो पद नदिनु, पुराना सेवकलाई आफ्नो निकटमा राख्नु, पाँडे, बस्नेत, पन्त, मैयाद, मगरलाई आलोपालो गरी पद दिनु भनी त्यसबेलाको समयमा जात र थर हुनु भनेको तिनीहरूको विशेष गुण एवं स्वभाव बोकेको पहिचान हुने गर्दथ्यो र सोही पृष्ठभूमिलाई आधार मानेर प्राथमिकतामा राखेको पाइन्छ । अन्जानलाई ठुलो अधिकार नदिनु भन्नु नै उसको गुण र स्वभावको पुष्ट्याइँ भई सुनिश्चित नहुन्जेल सतर्क रहने र निगरानीमा राखिरहने भनेको हो । यसरी राज्यको आवश्यकतासँग उसको गुण मिलाएर छनोट गर्ने पद्धति अपनाएको पाइन्छ । त्यसै गरी जब राणा शासनको उदय विसं १९०३ मा भयो, त्यसपछि प्रधानमन्त्री पनि एउटा परिवारभित्रकै

रहनका लागि राजाका पनि अधिकार आफूले लिने र आफ्नो सत्तालाई निरन्तरता दिलाउने उद्देश्यको कारण कर्मचारी छनोटमा सत्तालाई सहयोग र चाकरी गरिरहने जे भन्यो त्यही मान्ने परिवारको व्यक्तिलाई र आफ्ना स्वार्थ पूरा गर्ने चाकरी र हुकुम (बोली) बिनासङ्कोच स्विकार्ने गुण बोकेका व्यक्तिले पद पाउने गर्थे । आफ्ना लागि भरपर्दो नजिकका व्यक्ति छनोट गर्ने र शङ्का लाग्नासाथ जागिरबाट हटाउने/निकाल्ने र चाकडी पु¥याएकालाई म्याद थप्ने खालको पद्धति अपनायो । जसको कारण सरकारी जागिर सत्तानिकट चाकडी, चाप्लुसी गर्ने गुण भएकाले मात्र पाउने गर्दथे ।

सर्वसाधारण नागरिकको पहुँच सरकारी सेवामा थिएन । आफ्ना चिनेजानेका र आफन्त राज्यको पहँुचमा नहुँदा क्षमता भएका पनि जागिर गर्ने अवसरबाट वञ्चित थिए । यसरी सर्वसाधारण नागरिक जसले कोही नचिनेको भए पनि चाकरी, चाप्लुसी र मोलाहिजा नगरी खुला विज्ञापनमा प्रतिस्पर्धामा आएर आफ्नो योग्यता र क्षमताका आधारमा कुनै पनि तोकिएको पदमा काम गर्ने वातावरण सिर्जना हुनु पर्छ भन्ने आमचाहना पूरा गर्न नेपालको अन्तरिम शासन विधान, २००७ को संवैधानिक प्रावधान अनुसार विसं २००८ असार १ गते पब्लिक सर्भिस कमिसन स्थापना भयो । लोक सेवा आयोग स्थापना भएको ७५ औं वर्षगाँठ पुगेको छ । आयोगले विसं २०८२ असार १ देखि २०८३ असार १ गते ७६ वर्ष प्रारम्भसम्म बर्सैभरि हीरक जयन्ती वर्षका रूपमा विभिन्न कार्यक्रम गरी मनाइरहेको छ ।

राज्यमा विसं २००७ सालभन्दा अगाडिसम्म कर्मचारी छनोटमा व्यवस्थित पद्धति नभएको पक्षपातपूर्ण व्यवहारको पृष्ठभूमिमा अबको आवश्यकता निष्पक्षताको कडी नै प्रमुख ओखती भएकाले आफ्नो एजेन्डालाई लोक सेवा आयोगले परीक्षणको मुख्य औजार बनाई अगाडि बढायो । आजसम्म बनेका सबै संविधानमा लोक सेवा आयोगको निरन्तर प्रावधान रहेको छ । आयोगले तत्कालीन अवस्थामा देशभित्र उपलब्ध जनशक्तिलाई ध्यानमा राखी स्थापनाकालका बखतमा अप्राविधिकतर्फका जनशक्ति छनोटमा लिखित परीक्षा लिए पनि कतिपय प्राविधिक पदमा उम्मेदवार नै नपाइने हुँदा अन्तर्वार्ताबाट मात्र पनि छनोट गर्ने गरेको पाइन्छ । विसं २००७ को हुकुमी शासनको विरुद्धको र परिवारवादको निरन्तरतामा प्रधानमन्त्री बन्ने परम्पराको विरुद्धको क्रान्तिपश्चात् सर्वसाधारणलाई पढ्न पाउने, जनताको प्रतिनिधि चुनावमार्फत छान्न पाउने, कानूनी शासनको व्यवस्था एवं नागरिकमा समान हकको व्यवस्था प्रारम्भ हुँदाकै बखतमा नेपालमा औंलामा गनिन सक्ने स्नातक रहेको र सबैलाई लिखित परीक्षा पनि कति सम्भव थियो र ? तत्कालीन समयमा कामकाजका लागि आवश्यक पर्ने ज्ञानमा गणित, इतिहास, भूगोल र प्रशासनिक व्यवस्थाको बोधको आवश्यक थियो । उक्त विषयबाहेकको विकल्प थिएन ।

कर्मचारी छनोट प्रणालीमा छिमेकी देश भारतमा बेलायतको प्रभाव र अभ्यास रहेको थियो । नेपालमा पनि स्वाभाविक रूपमा ती विधिको उपयोग सहज र सरल हुने भएकाले संयुक्त अधिराज्यको प्रभाव अनुसारका छनोटका पद्धति अपनाइए । सेनामा भर्ना गर्ने विधि अन्तर्राष्ट्रियस्तरको स्थापित भए पनि निजामतीतर्फ त्यस्तो अभ्यास भएको थिएन । प्रारम्भिक बखतमा आयोगको कर्मचारी छनोटका लागि प्रमुख ध्येय विषयको ज्ञान र निष्पक्षता तथा तटस्थता नै बन्यो । विषयगत परीक्षा प्रणाली प्रारम्भमा सुरु भए पनि विसं २०२४ देखि आयोगमा मनोविज्ञानका विशेषज्ञ (स्व. माधवबहादुर सिंह कार्की) प्रवेश गराएपछि वस्तुगत परीक्षा प्रणालीसमेतको आरम्भ भई विषयगत र वस्तुगत दुवै परीक्षा प्रणाली अवलम्बन हुन पुगे । विसं २०२४ सालमा परीक्षण प्रविधि शाखामा मनोवैज्ञानिकलाई स्थापित गराएपछि आइक्यु परीक्षा, समूह योजना, सामूहिक छलफल, मौजुदा लेखन जस्ता विषय माधवबहादुर सिंह (मनोवैज्ञानिक) को परामर्श र सक्रिय सहयोगमा एवं तत्कालीन सचिव भुवनमानसिंह प्रधान जस्ता आयोगको साख र निष्पक्षतालाई उचो बनाउन विभिन्न कोडिङ,

डिकोडिङका प्रवर्धनकर्ता दूरदर्शी सचिवालय प्रमुख र उच्च छवि भएका आयोगका पदाधिकारीको कर्मयोगले वस्तुगत परीक्षा प्रणाली प्राविधिक पदतर्फ एवं तत्कालीन शैक्षिक परीक्षा प्रणाली अनुरूप आयोगको परीक्षा पद्धतिमा अभियोजन भयो ।

लिखित परीक्षा (विषयगत वा वस्तुगत) सबै ज्ञानको तहमा मात्र परीक्षणका रूपमा रहे पनि आयोगको मुख्य ध्येय निष्पक्षता कायम गरी योग्यता प्रणालीको विकास गर्नु थियो । विशेष गरी छनोट प्रणालीलाई वस्तुनिष्ठ र निष्पक्ष बनाउने गरी पाठ्यक्रम निर्माण भए । उक्त पाठ्यक्रमले नेपालको शैक्षिक पाठ्यक्रम र त्यसका खास विषय वस्तुलाई जस्तै भूगोल, इतिहास, संस्कृति, नेपालको परिचय, सामान्य अङ्क गणितीय ज्ञान र पेसासँग सम्बन्धित विषय वस्तुबाट प्रारम्भ भएको कर्मचारी छनोटको पाठ्यक्रममा क्रमिक सुधार भए पनि त्यही सेरोफेरोमा परिवर्तन भइरहे । आजसम्म आउँदा केही सुधार देखिए पनि त्यसले उम्मेदवारको ज्ञानको परीक्षण गर्दै निष्पक्षताको काम गरेको छ । सुधारका पहल निरन्तर भएको छ ।

लोक सेवा आयोगमा डिग्री, डिप्लोमाको मान्यता पुस्तिका (लिथोबाट र टाइपराइटरबाट गरिएको पुस्तिका) जो अझैसम्म पनि परीक्षण प्रविधि शाखामा सुरक्षित छ । तत्कालीन विसं २०१८ सालमा वैदेशिक सेवाका लागि अनिबार्यमा निबन्ध, मजबुन— १५० र साधारण ज्ञान—१५० पूर्णाङ्क एवं इच्छाधीनमा अङ्ग्रेजी भाषा वा साहित्यमा कुनै एक र अन्य विभिन्न विषय कुनै दुई गरी ६०० पूर्णाङ्कको रहेको पाइन्छ । व्यक्तित्व जाँचको निमित्त अन्तर्वार्तामा सामेल हुन पाउने उम्मेदवारको अन्तर्वार्ता गर्दा नेपाल प्रशासन सेवा र नेपाल वैदेशिक सेवाबाहेक अरू सबै सेवाका निमित पूर्णाङ्क २०० राखिएको पाइन्छ । नेपाल प्रशासन सेवा र वैदेशिक सेवाको निमित्त व्यक्तित्व जाँचको पूर्णाङ्क २०० भन्दा पनि बढी हुन सक्ने गराइएको छ । सम्बन्धित भाषा विषयबाहेक सबै इच्छाधीन तथा अतिरिक्त विषय उत्तर दिँदा विसं २०१८ सालमा नै नेपाली वा अङ्ग्रेजी भाषामै उत्तर दिनु पर्छ भनिएको छ ।

यसै गरी विसं २०२२/२०२३ सालतिर आयोगले अनिवार्य विषयतर्फ जम्मा पूर्णाङ्क ४५० हुने व्यवस्था गर्‍यो । जसमा निबन्ध र मजबुन, सामान्य ज्ञान र बौद्धिक जाँच विषय रहेका र सबैको पूर्णाङ्क बराबर रहेको थियो । बौद्धिक जाँचमा आइक्यु जाँच, सामूहिक छलफल र सामूहिक योजना रहेको पाइन्छ । आयोगले विभिन्न समयमा आफ्ना परीक्षण प्रणालीलाई समयमा आएको परिवर्तित प्रविधि र परीक्षण सामग्रीलाई लिथो मेसिन, टाइपराइटर, प्रिन्टिङ प्रेस हुँदै कम्प्युटर प्रणालीमा रूपान्तरित हुँदै आएको इतिहास छ । समयकालका कतिपय कमजोरीलाई सिकाइमा रूपान्तरित गर्दै कुनै पनि व्यक्तिको लोभ र नितान्त व्यक्तिगत रुचिलाई निरुत्साहित गर्न शाखा, शाखालाई कार्य विभाजन र अधिकार सुनिश्चित गरिए । कतिपय विषयमा आफ्नै महाशाखा प्रमुख र सचिवलाई समेत प्रक्रियामा संलग्न नगराउने र कर्मचारीको खटनपटनका विषयमा आयोगका पदाधिकारीको कुनै भूमिका नरहने तर सचिव छनोटमा भने आयोगले छान्न पाउने जस्ता नैतिक परम्परा नियम राखिएको छ । किनकि गोप्य कतिपय काममा सहसचिव र सचिवको असंलग्नता रहन्छ । सिधै आयोगको पदाधिकारीसँग मात्र सम्बन्ध रहन्छ ।

आयोगका पदाधिकारीले शाखा, महाशाखामा कर्मचारी छान्ने, पदस्थापन गराउन आदेश/निर्देश गर्ने विषयमा व्यक्तिगत रुचि नहोस् भन्ने भएकाले अलग रहनुपर्ने परम्परा छ । निष्पक्षताका लागि आन्तरिक आपसी शक्ति सन्तुलन यसको अर्थ रहन्छ, त्यसैले आयोगका आन्तरिक प्रणालीका कतिपय विषयमा अन्य संस्थाको भन्दा यसको कार्यप्रकृति पनि फरक हुन्छ, जुन तटस्थताका लागि आवश्यक पनि छ ।

आयोगले विभिन्न श्रेणीमा कुन स्तरका प्रश्न सोध्ने भन्ने विषयमा विसं २०६३/६४ मा ज्ञानका तहलाई तीन वटा क्षेत्रमा जस्तै अवधारणात्मक ज्ञान, प्रक्रियात्मक ज्ञान र उच्च संज्ञानात्मक ज्ञान भनी वर्गीकरण गऱ्यो । उक्त तीन वटै तहमा प्रयोग हुने क्रियापदसमेत उल्लेख भएका छन् । त्यसको परिपालानाले प्रश्नको स्तरलाई थप स्तरीय कायम गर्न मद्दत पुगेको छ । परीक्षण विधिको आधुनिक सुधारस्वरूप विसं २०७३ सालदेखि आयोगले निजामती सेवाका लागि आधुनिक परीक्षाका रूपमा राप प्रथम श्रेणीका अधिकृतका लागि मामिला प्रस्तुतीकरण र विसं ०७५ साल देखि राप द्वितीय श्रेणीका अधिकृतका लागि 'इन बास्केट' अभ्यासलाई सुरु गरिसकेको छ ।

आयोगले हीरक जयन्ती मनाइरहँदासम्म धेरै आफ्नै कार्य अनुभवको आधार र विश्वमा प्रचलित संज्ञानात्मक ज्ञानको परीक्षणको अलावा व्यावहारिक परीक्षणका सामग्रीलाई आफ्नै सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक व्यवस्थाको मौलिक कसीमा जाँचेर, परीक्षण, पुनः परीक्षण गरी एउटा सामान्यीकरण मापदण्ड बनाई प्रशासनिक निर्देशन र मूल्याङ्कनका वैज्ञानिक मापदण्ड तयार गरी परीक्षणलाई आधुनिकरण सँगसँगै हाम्रो आर्थिक पहँुच अनुसार हिँडाउने प्रयासमा छ, हिँडिरहेको छ । तथापि प्रत्येक सेवा, श्रेणी, तह र पदका परीक्षणका लागि मापिने गुण र मापन गर्ने साधन, उक्त साधनको प्रत्येकको भारको औचित्य साथै मापन गर्ने विधि प्रक्रिया एवं महत्वपूर्ण कुरा जनशक्ति (विज्ञ/दक्ष) का क्षेत्रमा आयोगले गर्नुपर्ने कार्यलाई कम्तीमा घोडाको गतिमा दौडाउनुपर्ने छ । सर्वसाधारणले सोच्नुभन्दा अगाडि नै आफ्नो सुधार जहिल्यै पहिलो हुनु अपेक्षित रहन्छ, रहनु पर्छ । आयोगको उत्तरोत्तर प्रगतिको कामनासहित आमयुवा जनशक्ति र राज्य संयन्त्रको भलो होस् ।

<u>**२०८३ साल असार ३ गते, गोरखापत्र**</u>

# लोक सेवाको साख

- शिवराम न्यौपाने

लोक सेवा आयोग विगत सात दशकदेखिकै विश्वसनीय र प्रतिष्ठित संवैधानिक निकाय हो । विगत, वर्तमान र भविष्यको समेत जनभरोसाको आधार बनेको यो संस्थाले स्थापनाकालदेखि निरन्तर प्रशासनिक संयन्त्रका लागि आवश्यक योग्य, दक्ष र सक्षम जनशक्ति निष्पक्ष रूपमा आपूर्ति गरी देशमा सुशासन कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

मुलुकमा सुशासन कायम गर्न सरकारका नीति, योजना र कार्यक्रम कार्यान्वयन गुणस्तरीय रूपमा हुनु अपरिहार्य हुन्छ । यसका लागि सरकारको प्रमुख कार्यकारिणी प्रशासनिक संयन्त्रलाई प्रभावकारी रूपमा क्रियाशील गराइराख्न जरुरी हुन्छ । लोक सेवा आयोगबाट नियमित आपूर्ति हुने गरेको योग्य, सक्षम र गुणस्तरीय जनशक्ति परिचालनले प्रशासनिक संयन्त्रलाई सरकारको बलियो र विश्वसनीय निकायका रूपमा स्थापित गरेको छ । आयोगले मुलुकको प्रशासनिक संयन्त्रलाई आवश्यक योग्य जनशक्ति नियमित आपूर्ति गर्न आफ्नो लामो र भरपर्दो अनुभव, बलिया र पारदर्शी कानूनी एवं विधिगत आधार, इमानदार र लगनशील कर्मचारीका साथै वैज्ञानिक र विश्वसनीय छनोट प्रक्रियालाई आधार बनाएको छ । आयोगले उम्मेदवार छनोटका लागि आधार बनाउने गरेका विद्यमान विधि एवं प्रक्रिया प्रणालीबद्ध र वैज्ञानिक भएका कारण व्यक्ति वा समूहको मनोगत प्रभाव शून्य छ । विगत सात दशकयता आयोगले आफूलाई जनता एवं सरकारको निष्पक्ष, विश्वसनीय र भरपर्दो संस्थाका रूपमा चिनाइराख्न सफल भएको छ ।

सरकार वा राजनीतिक नेतृत्वको प्रभावबाट मुक्त रहेको लोक सेवा मुलुकको निष्पक्ष र विवादरहित संवैधानिक निकाय हो । आयोगले संस्थालाई राजनीतिक वा सरकारको हस्तक्षेपबाट मुक्त राख्न आफ्ना कार्य प्रक्रियालाई कानूनी एवं विधिगत रूपमा बलियो बनाएको छ । आफ्ना हरेक कार्यलाई स्पष्ट कार्यविधि र निर्देशिकाका आधारमा सञ्चालन गर्ने भएका कारण आयोगको कुनै पनि प्रक्रियागत कार्यमा आयोगको नेतृत्व वा अन्य बाह्य नेतृत्वको हस्तक्षेप हुन सक्दैन । लोक सेवाबाट प्रतिपादित विभिन्न सिद्धान्त, ऐन तथा नियमावली, आयोग (कार्य सञ्चालन) निर्देशिका, आयोगका पदाधिकारी एवं दक्ष÷विज्ञ र कर्मचारीको आचारसंहिता कार्यान्वयनमा छन् । सङ्गठित संस्थाका कर्मचारीका सेवाका सर्तसम्बन्धी कानुन, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, सुरक्षा निकाय, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रमसम्बन्धी मापदण्ड कार्यान्वयनमा छन् । आयोगबाट सञ्चालन गरिने प्रयोगात्मक तथा सिप परीक्षण परीक्षा (सञ्चालन र व्यवस्थापन) मापदण्ड, जारी विभिन्न निर्देशिका/कार्यविधि तथा आयोगका निर्णयबाट लोक सेवाका कामकारबाहीलाई बलियो गराइएको छ । कार्यसम्पादनसँग सम्बन्धित अन्य ऐन, नियम तथा निर्देशिका अद्यावधिक, पारदर्शी र व्यावहारिक भएका कारण आयोगको कार्यलाई गुणस्तरीय बनाउन र कार्यप्रति जनविश्वास मजबुत गराइराख्न टेवा पुगेको छ ।

आयोगले हरेक आर्थिक वर्षमा घोषणा गर्ने आफ्नो वार्षिक कार्यतालिका र कार्यतालिका अनुरूप कार्यसम्पादन गर्न सक्ने सक्षम, प्रतिबद्ध, उत्प्रेरित र इमानदार कर्मचारीका कारण आयोग मुलुकको बलियो र सक्षम निकायका रूपमा जनताको मानसपटलमा रहेको छ ।

सङ्घीय निजामती सेवा, सुरक्षा निकाय, अन्य सङ्घीय सरकारी सेवाका साथै सङ्गठित संस्थाको सेवामा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई प्रवर्धन गरी मुलुकको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन कर्तव्यनिष्ठ रहेको लोक सेवाले आफ्ना सिद्धान्त, उद्देश्य र कार्य प्रक्रियालाई पारदर्शी गराउँदै आएको छ । आयोगले मूलतः योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, द्विअन्ध, परिचय-शून्यता, असंलग्नता र गोपनीयताको सिद्धान्तका आधारमा आफ्ना कार्य सञ्चालन गर्ने गरेको छ । आयोगबाट सञ्चालन हुने परीक्षामा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई योग्य मानेर नियुक्तिका लागि सिफारिस गर्ने, सबै उम्मेदवारलाई छनोट प्रक्रियामा समान व्यवहार गर्ने, कुनै पनि उम्मेदवारलाई निजको व्यक्तिगत गुण र सम्बद्धताका आधारमा नभई निजको योग्यता र सक्षमताका आधारमा छनोट गर्ने गरिएको छ । आयोगबाट हुने विज्ञापनमा तोकिएको योग्यता पुगेका प्रत्येक नेपाली नागरिकलाई दरखास्त पेस गर्ने र परीक्षाको माध्यमबाट छनोट हुने समान अवसरको सुनिश्चितता गरिएको छ ।

मुलुकको विद्यमान कानुन एवं सरकारको नीतिबमोजिम समावेशी समूहका लागि प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने र परीक्षाको माध्यमबाट समावेशी समूहका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्ने गरिएको छ । आयोगले आफ्नो पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न नगराउने र सोको जानकारीसमेत दिन नपाउने व्यवस्था छ । उत्तरपुस्तिका परीक्षण गर्नुअघि दोहोरो सङ्केतीकरण गरिने कारण परीक्षकले उत्तरपुस्तिकाबाट उम्मेदवारको परिचय थाहा नपाउने कारण निष्पक्ष परीक्षण हुने तथ्यमा विश्वस्त हुन सकिन्छ । आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विषयविज्ञ/दक्षका नातेदार उम्मेदवार रहेमा त्यस्ता पदाधिकारी, कर्मचारी वा विषय विज्ञ/दक्षलाई उक्त परीक्षाको सुरुदेखि नतिजा प्रकाशनसम्मको सबै चरणको प्रक्रियाबाट अलग हुनुपर्ने र आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रको निर्माण, परिमार्जन र छनोटको कार्य पूर्ण गोप्य हुने बलियो विधिगत आधारलाई कडाइसाथ अवलम्बन गरिएको छ ।

लोक सेवाको उम्मेदवार छनोटको सिद्धान्त, स्वच्छ एवं निष्पक्ष कार्यशैली, कार्यसम्पादन क्षमता साथै संस्थागत विश्वसनीयताका कारण कार्यक्षेत्र विस्तार हुँदै गएको छ । आयोगले संवैधानिक व्यवस्था अनुरूप तोकिएको काम, कर्तव्य र अधिकारको जिम्मेवारीका अतिरिक्त विभिन्न विश्वविद्यालयका साथै न्याय सेवा आयोगको कार्यमा समेत सहयोग गर्दै आएको छ । आफ्नो कार्यका विरुद्ध पर्ने उजुरी, विभिन्न बढुवा समितिले गर्ने कार्यका विरुद्ध पर्ने उजुरी, विभिन्न अदालतसँग सम्बन्धित कार्यको सङ्ख्या बढ्दो भएका कारण आयोगका चुनौतीसमेत थपिँदै गएका छन् । जनताको अपेक्षा अनुरूप छिटो, छरितो र गुणस्तरीय कार्यसम्पादन गर्नुपर्ने अवस्थाका कारण आयोगले आफ्ना मौजुदा समस्या एवं कार्य सञ्चालनका कठिनाइको समाधानका लागि सरकारसँग नतिजामुखी समन्वय र सहकार्य गर्नु जरुरी छ । कार्यक्षेत्र विस्तारका साथै वार्षिक कार्यतालिका अनुरूप गुणस्तरीय एवं छरितो कार्यसम्पादनका लागि आयोगले संस्थागत भौतिक पूर्वाधारको आधुनिकीकरण र विस्तार गर्नु जरुरी छ ।

सरकारी प्रशासनिक संयन्त्रका लागि योग्य जनशक्ति आपूर्ति गर्ने महत्वपूर्ण कार्यमा अतुलनीय भूमिकामा रहेको लोक सेवालाई निरन्तर सुदृढ र सक्षम गराइराख्न जरुरी भएको छ । बढ्दो कार्य जिम्मेवारी निर्वाहका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन गर्न आयोगसँग वित्तीय एवं व्यवस्थापकीय स्वायत्तता कायम हुन नसक्नु, आयोगको परामर्श एवं सुझाव कार्यान्वयनमा उदासीनता हुनु, आयोगको अधिकारभित्रका विषयमा आयोगको राय परामर्शबिना निर्णय हुनु, आयोगको जनशक्ति व्यवस्थापनमा हस्तक्षेप हुनुलगायतका

विषय कायमै छन् । यस्ता विषयको उपयुक्त व्यवस्थापनका लागि सरकार, आयोग र सरोकारवाला निकायका बिच आवश्यक समन्वय एवं सहकार्य हुनु जरुरी छ ।

आयोगले परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन गर्ने कार्यमा समयानुकूल सुधार एवं गुणस्तरीयता कायम गर्ने कार्यलाई प्राथमिकता दिनु जरुरी छ । पछिल्ला दुई वर्षमा आयोगमा दरखास्त दिने उम्मेदवारको सङ्ख्या ऋणात्मक हुँदै गएको, विभिन्न सेवा, समूहका आन्तरिक, खुला र समावेशी प्रतियोगिताका केही पद माग भएको सङ्ख्यामा लिखित परीक्षाबाट छनोट नै नहुने, तोकिएको आवश्यक सङ्ख्यामा छनोट नहुने, प्रयोगात्मक परीक्षामा अनुपस्थित र अनुत्तीर्ण हुनेलगायतका विषय छन् । पद रिक्त भएको लामो समयसम्म लोक सेवामा माग नपठाउने, रिक्त पदमा अस्थायी वा करारमा भर्ना गरी पद खाली राखिराख्नेलगायतका विषय पनि छन्। यस्ता विषयमा लोक सेवा र सरोकारवाला निकायका बिच समन्वय भई उपयुक्त व्यवस्थापन हुनु आवश्यक छ ।

सरकार नवीन सोच, नीति, योजना र कार्यक्रमका साथ मुलुकमा सुशासनको अनुभूति गराउने अभियानमा लागेको छ । सरकारको यस अभियानलाई प्रशासनिक संयन्त्रको दक्षता, लगनशीलता र नतिजाले मूर्तरूप दिन सक्छ । प्रशासनिक संयन्त्रका लागि आवश्यक योग्य जनशक्ति निरन्तर आपूर्ति गर्ने कार्यमा प्रतिबद्ध र लगनशील रहेको लोक सेवालाई सरकारले राज्यको महत्वपूर्ण निकायका रूपमा बलियो बनाउन आयोगसँगको समन्वय एवं सहकार्यलाई प्रगाढ गराउनु पर्छ । आयोगका भौतिक एवं व्यवस्थापकीय पुराना पूर्वाधारले नयाँ सोच र आवश्यकतालाई सम्बोधन गर्न नसक्ने भएकाले आधुनिक पूर्वाधार, प्रविधि र औजारबाट आयोगलाई बलियो गराउन सरकार र आयोगबिच निरन्तर सहकार्य हुनु जरुरी छ । आयोगले मुलुक एवं सरकारका लागि आगामी दिनमा निर्वाह गर्नुपर्ने भूमिकाको लेखाजोखा गरी दिशानिर्देश गर्न आवश्यक अध्ययन अनुसन्धानसमेत गरिनु पर्छ । लोक सेवाबाट भएगरेका कार्यको मूल्याङ्कन आयोगको प्रतिवेदनका आधारमा मात्र नगरी समग्र कामको गुणस्तर, आयोगको भूमिका र उपलब्धिबाट गरी सुधारका लागि नियमित रूपमा सुझाव दिन एक स्वायत्त संयन्त्र खडा गर्नु उपयुक्त हुन्छ । यसबाट आयोगको क्षमता र साख निरन्तर वृद्धि भई सुशासन कायम गर्न टेवा पुग्ने छ ।

# कार्यक्षमता जाँच्ने योग्यता प्रणाली



तीव्र गतिमा परिवर्तन भइरहेको विश्वव्यापी परिवेश र प्राविधिक जटिलतालाई सम्बोधन गर्न सिङ्गापुर र भारतको सफल अभ्यास अनुरूप डिजिटल गभर्नेन्स, आर्थिक कूटनीति र साइबर सुरक्षा जस्ता विशिष्टीकृत पदमा बजारका उत्कृष्ट प्रतिभालाई 'पार्श्व प्रवेश' मार्फत भित्र्याउन सक्ने लचिलो नीतिगत बाटो खोल्नु उपयुक्त हुन्छ ।

देवीप्रसाद सुवेदी

जनशक्ति छनोट प्रणालीको सक्षमतासँग शासकीय वैधता र प्रभावकारिताको प्रत्यक्ष सम्बन्ध रहन्छ । यस सन्दर्भमा म्याक्स वेबरले राजनीतिक प्रभावमुक्त, वस्तुनिष्ठ मापदण्ड र प्राविधिक सक्षमतामा आधारित तटस्थ कर्मचारीतन्त्रको वकालत गरेका छन् । यसकै परिपूरक 'सार्वजनिक छनोट सिद्धान्त' ले प्रशासकलाई आफ्नै हित चाहने 'तार्किक कर्ता' मान्दै छनोट प्रक्रियाले संस्थागत उद्देश्य र व्यक्तिगत सक्षमताबिच तादात्म्य मिलाएर स्वार्थको द्वन्द्व न्यूनीकरण गर्नुपर्नेमा जोड दिन्छ । सन् १९८० को दशकपछि प्रादुर्भाव भएको 'नयाँ सार्वजनिक व्यवस्थापन' दृष्टिकोणले निजी क्षेत्रका कुशल अभ्यास भित्र्याँदै नतिजामुखी सक्षमता, लचिलोपना र कार्यसम्पादन क्षमतालाई केन्द्रमा राख्यो । कर्मचारीलाई लागत नभई लगानी ठान्ने 'मानव पुँजी सिद्धान्त' ले उम्मेदवार छनोट गर्दा वर्तमान ज्ञान मात्र नभई भविष्यको सम्भावना, सिकाइ र अनुकूलनशीलता समेत मापनको वकालत गर्छ । यसै गरी 'प्रिन्सिपल-एजेन्ट' सिद्धान्तले बहु-तह र पारदर्शी विधिको अपरिहार्यता औंल्याउँदै असल छनोट प्रणालीले उम्मेदवारको वास्तविक क्षमताका साथसाथै लुकेको नियतसमेत पहिचान गर्न सक्षम हुनुपर्ने तर्क गर्छ । यिनै शास्त्रीय तथा आधुनिक सिद्धान्तले परिकल्पना गरेका बहुआयामिकतालाई व्यावहारिक रूप दिन नै 'योग्यता' को परम्परागत अर्थलाई बदलेर नयाँ ढङ्गले परिभाषित गर्दै लगिएको पाइन्छ ।

## योग्यताको पुनः परिभाषा

परम्परागत रूपमा योग्यतालाई लिखित परीक्षाको प्राप्ताङ्कसँग मात्र तुलना गरेर सङ्कुचित दायरामा बुझिँदै आएको छ । आधुनिक अवधारणा अनुसार योग्यता केवल परीक्षाको उच्चतम अङ्क मात्र नभएर पदको कार्यविवरण, न्यूनतम योग्यता र समग्र चयन प्रक्रियाका बहुआयामिक मापदण्डबिचको वैज्ञानिक सन्तुलन हो । लिखित परीक्षाले स्मरण शक्ति वा प्राज्ञिक लेखनको क्षमता देखाए पनि कार्यस्थलको जटिलता, निर्णय क्षमता, नेतृत्व र सदाचारको ग्यारेन्टी गर्न सक्दैन । उदाहरणका लागि विपत् व्यवस्थापन अधिकारीले तत्काल लिनुपर्ने निर्णयको व्यावहारिक क्षमता परीक्षण गर्न निबन्धात्मक परीक्षाबाट मात्र सम्भव हुँदैन । पदको कार्यविवरण अनुसार उपयुक्त भूमिका निभाउन सक्ने उम्मेदवार नै वास्तविक रूपमा 'योग्य' हो, जसको निरूपण पद-अनुकूलता र सङ्गठन-अनुकूलताको कुल योगबाट मात्र सम्भव हुन्छ ।

यही दर्शनलाई व्यवहारिक स्वरूप दिन आधुनिक सार्वजनिक प्रशासनले ज्ञान, सिप, प्रवृत्ति र व्यवहारको सम्मिश्रण अर्थात् के-एस-ए-बी' मोडलमा आधारित क्षमता-ढाँचा निर्माण गर्नु पर्छ । यसका लागि पदका सम्भावित चुनौतीका आधारमा मापदण्ड तय गर्ने, तनाव व्यवस्थापन र नैतिक निष्ठा जस्ता व्यवहारजन्य सूचक समावेश गर्ने र बहुमूल्याङ्कन प्रणाली अपनाउन आवश्यक छ । यस प्रणाली अन्तर्गत तीन वटा पक्ष एकै पटक क्रियाशील रहन्छन्- पहिलो, पदको प्रकृति र पदले वहन गर्ने वस्तुगत जिम्मेवारीसहितको कार्यविवरण, दोस्रो, सङ्कटका बेला निर्णय लिने क्षमता र निष्ठा जस्ता व्यवहारजन्य सूचकको परीक्षण र तेस्रो, समान अवसरसहित बहुप्रतिभाको पहिचान । यी सबै पक्षको एकीकृत प्रयोगबाट मात्रै सार्वजनिक निकायले परीक्षा कोठाको प्रदर्शनभन्दा माथि उठेर कार्यस्थलका लागि वास्तविक रूपमा सक्षम जनशक्ति प्राप्त गर्न सक्छन् ।

**विश्वव्यापी असल अभ्यास**

युरोपेली मुलुकको जनशक्ति चयन प्रक्रिया संस्थागत, व्यावसायिक र राजनीतिक हस्तक्षेपमुक्त देखिन्छ । संयुक्त अधिराज्यको 'सिभिल सेवा आयोग' ले प्रयोगमा ल्याएको 'सफलता रूपरेखा' ले व्यवहार, सबलता, अनुभव, क्षमता र प्राविधिक ज्ञान गरी पाँच पक्ष हेर्दै वास्तविक कार्यसम्पादनलाई जोड दिन्छ । फ्रान्सको प्रशासनिक मोडेलमा 'इन्स्टिच्युट नेसनल डु सर्भिस पब्लिक' मार्फत उच्चस्तरको प्राविधिक र कानूनी ज्ञानको कठोर परीक्षा लिइन्छ । युरोपेली युनियनको युरोपेली जनशक्ति चयन कार्यालयले पनि 'क्षमतामा आधारित मूल्याङ्कन केन्द्र मोडेलमार्फत सामूहिक अभ्यास र मामिला अध्ययन गराएर मात्र उम्मेदवार छनोट गर्छ ।

अमेरिकी मुलुकमध्ये संयुक्त राज्य अमेरिकामा सन् १८८३ को 'पेन्डल्टन एक्ट' ले राजनीतिक नियुक्ति प्रणाली अन्त्य गरी योग्यताको जग बसाल्यो । त्यहाँ हाल कार्यालय जनशक्ति व्यवस्थापनमार्फत सङ्घीय सक्षमता मोडल र संरचनात्मक अन्तर्वार्तालाई प्राथमिकता दिइन्छ । क्यानडाले विविधता र समावेशीकरणलाई योग्यता प्रणालीकै अभिन्न अङ्ग बनाउँदै आदिवासी र महिलाको पहुँच बढाउन विशेष रणनीतिक उपाय अपनाएको छ । क्यानडाको यो व्यवस्थाले कोटा वा आरक्षणका नाममा न्यूनतम कार्यक्षमता र गुणस्तरसँग सम्झौता गर्दैन । यसका लागि पछाडि परेका वर्गलाई समान धरातलमा ल्याउन राज्यले विशेष तयारी, तालिम र स्रोत उपलब्ध गराउँछ; परिणामस्वरूप उम्मेदवार खुला बजार सरहकै कडा परीक्षा उत्तीर्ण गरेर मात्र सेवामा प्रवेश पाउँछन् । पश्चिमी जगत्भन्दा भिन्न परम्परा बसाल्दै एसियाली मुलुक सिङ्गापुरले 'छात्रवृत्ति मोडल' मार्फत विद्यालय तहकै शीर्ष प्रतिभा पहिचान गरी सरकारी खर्चमा विश्वका उत्कृष्ट विश्वविद्यालयमा अध्ययन गराई सोझै सेवामा भर्ना गर्छ भने जापानमा राष्ट्रिय जनशक्ति प्राधिकरणमार्फत लिखित परीक्षाका साथै सङ्गठनप्रतिको वफादारिता र नैतिक मापदण्डको कठोर परीक्षण गर्ने पारदर्शी प्रणाली क्रियाशील रहेको छ ।

**सार्क मुलुकको तुलना**

सार्क मुलुकका सार्वजनिक जनशक्ति छनोट प्रक्रियामा ब्रिटिस औपनिवेशिक विरासतको गहिरो प्रभाव छ । भारतको सङ्घीय लोक सेवा आयोगले प्रारम्भिक, मुख्य लिखित र व्यक्तित्व परीक्षणसहित तीन तहको प्रतिस्पर्धी प्रणालीमार्फत आरक्षित र खुला योग्यताको सन्तुलन मिलाउने प्रयत्न गरेको छ । पाकिस्तानमा 'केन्द्रीय सुपिरियर सेवा' परीक्षा रहे पनि प्रान्तीय र क्षेत्रीय कोटा अत्यधिक बलियो हुँदा शीर्ष प्रतिभा पाखा पर्ने जोखिम उच्च रहेको भनिन्छ । बङ्गलादेशले व्यापक जनदबाब र विद्यार्थी आन्दोलनपछि साबिकको

कोटामा केही सुधार गरे पनि परीक्षा सञ्चालनमा हुने प्रशासनिक सुस्तता कायमै छ । भुटानको 'शाही सिभिल सेवा आयोग' ले भने देशको सानो आकारका कारण आरक्षणभन्दा 'कुल राष्ट्रिय खुसी' का सूचक र योग्यतामा जोड दिएको छ ।

सार्क क्षेत्रको औपनिवेशिक छायाका बिच नेपालको लोक सेवा आयोगले स्थापनाकालदेखि नै राजनीतिक प्रभावमुक्त रही निष्पक्षता र संवैधानिक स्वायत्तताको साख जोगाउन सक्नु उदाहरणीय पक्ष छ । यद्यपि विभिन्न पत्र र चरणमा लिइने नेपालको परीक्षा प्रणाली अझै पनि ज्ञानकेन्द्रित हुनु, प्रविधिको सीमित प्रयोग हुनु र पद अनुसारका क्षमता—ढाँचाको अभाव देखिनु मुख्य कमजोरी हुन् । प्रथम चरणको परीक्षाले उम्मेदवारको संस्मरण-क्षमता मात्र परीक्षण गर्ने एवं सामान्य ज्ञान शीर्षकले असामान्य विषयवस्तु समेट्ने गरेको गुनासो व्याप्त छ । सार्क क्षेत्रमा सामाजिक न्यायका लागि सकारात्मक विभेद लागु गरिए पनि आरक्षित कोटाभित्र उत्कृष्टता सुनिश्चित गर्ने नीतिमा भने अलमल देखिन्छ । पश्चिमा मुलुकले मनोवैज्ञानिक र व्यावहारिक कार्यसम्पादन परीक्षणलाई जोड दिइरहँदा दक्षिण एसियाली क्षेत्र भने स्मरण शक्ति र निबन्धात्मक लिखित परीक्षामा अत्यधिक निर्भर रहनु हाम्रो साझा संरचनात्मक समस्याका रूपमा रहेको छ ।

## परीक्षणका आधुनिक प्रवृत्ति

परम्परागत संरचनात्मक समस्या तोड्न प्रविधिको द्रुत विकास र नवीन कार्यसंस्कृति अनुकूल हुने गरी विश्वभर नयाँ आयाम थपिँदै गएका छन् । उम्मेदवारको संवेगात्मक बुद्धिमत्ता, नेतृत्व कौशल र सङ्कट व्यवस्थापन मापन गर्न मनोवैज्ञानिक तथा व्यवहारजन्य परीक्षण विधि अनिवार्य गरिँदै छ, जसले उम्मेदवारको बौद्धिकस्तर मात्र नभई 'मानसिक स्थिरता' को समेत चित्रण गर्छ । प्रारम्भिक स्क्रिनिङका लागि एआई फिचरसहितका 'एप्लिकेसन ट्र्याकिङ सिस्टम' को प्रयोगले लाखौं आवेदनबाट तोकिएको योग्यता र सिपका आधारमा सङ्क्षिप्त सूची स्वचालित रूपमा तयार गरी समय र लागत उल्लेख्य घटाएको छ । यद्यपि एआई अल्गोरिदममा हुन सक्ने पूर्वाग्रहप्रति सचेत रहन र मानवीय संवेदनशीलता उपेक्षा नगर्न नीतिगत सचेतता आवश्यक मानिन्छ ।

भौगोलिक सीमा भत्किएको वर्तमान अवस्थामा दूर-कार्य र दूर-प्रशासन क्षमता परीक्षणका लागि भर्चुअल अन्तर्वार्ता, अनलाइन केस स्टडी र 'गेमिफाइड एसेसमेन्ट' जस्ता विधि अपरिहार्य बनेका छन् । यस्ता भर्चुअल सिमुलेसनले उम्मेदवारलाई कृत्रिम प्रशासनिक समस्या समाधान गर्न लगाई निजको व्यावहारिक क्षमता तत्कालै मापन गर्छन्, जसले परम्परागत मौखिक अन्तर्वार्तामा हुन सक्ने व्यक्तिगत पूर्वाग्रह वा भनसुनको सम्भावनालाई समेत न्यूनीकरण गर्छ ।

## नेपालका लागि भावी मार्गचित्र

आधुनिक प्रवृत्ति र असल अभ्यासलाई आत्मसात् गर्दै नेपालको प्रशासनिक संरचनालाई सुदृढ र नतिजामुखी बनाउन व्यापक नीतिगत सुधार अपरिहार्य छ । सर्वप्रथम, प्रस्तावित सङ्घीय निजामती सेवा ऐन तथा अन्य सार्वजनिक निकायका कर्मचारी नियमावलीमा पदको कार्यविवरणसँगै 'सक्षमता-प्रोफाइल' अनिवार्य गर्ने कानूनी प्रावधान राखिनु पर्छ । लोक सेवा आयोगको परीक्षा प्रणालीलाई सूचना र ज्ञानको परीक्षणबाट समस्या समाधान र नीतिगत नवप्रवर्तनकेन्द्रित बनाउन मूल्याङ्कन केन्द्र विधि (एसिएम) अन्तर्गत काल्पनिक समस्याको व्यावहारिक सिमुलेसन अभ्यासलगायत अन्य विधिलाई व्यापक रूपमा उपयोगमा ल्याउनु आवश्यक

छ । नेतृत्वदायी पदमा नैतिकवान कर्मचारीको प्रवेश सुनिश्चित गर्न मनोवैज्ञानिक परीक्षण तथा सदाचार मूल्याङ्कनलाई परीक्षा योजनाको अनिवार्य अङ्ग बनाउनु पर्छ । समावेशीकरण नीतिलाई न्यायोचित र परिणाममुखी बनाउन मौजुदा आरक्षण प्रणालीको वस्तुनिष्ठ समीक्षा गरी लक्षित वर्गभित्रका वास्तविक विपन्न र पिछडिएका प्रतिभाले मात्र अवसर पाउने गरी योग्यतामा आधारित समावेशीकरणलाई बढावा दिनु पर्छ ।

राज्यको ठुलो लगानी रहेका सार्वजनिक संस्थान तथा सङ्गठित संस्थाको भर्ना प्रणालीलाई एकल योग्यता प्रणालीमा आबद्ध गर्ने गरी पुनर्संरचना गर्नु आवश्यक भइसकेको छ । हाल छुट्टाछुट्टै सेवा, सर्तसम्बन्धी कानुनबमोजिम लिखित परीक्षा आयोगले लिने र अन्तर्वार्ता सम्बन्धित संस्थाकै पदपूर्ति समितिमार्फत गरिने व्यवस्था खर्चिलो र प्रक्रियामुखी छ । यसको दिगो समाधानका लागि सम्पूर्ण सरकारी स्वामित्वका सङ्गठित संस्थालाई समेट्ने गरी एउटा एकीकृत 'छाता कानुन' तर्जुमा गरी पदपूर्तिको पूर्ण अधिकार लोक सेवा आयोगलाई सुम्पिनु पर्छ । यस कानुनमा सङ्गठित संस्थाको एक मात्र 'केन्द्रीय कर्मचारी निकाय' गठन गरी सो निकायले सबै संस्थाको रिक्त पदको एकीकृत माग आयोगमा पठाउने र आयोगले एकीकृत परीक्षामार्फत सिधै नियुक्तिको सिफारिस गर्ने व्यवस्था गर्नु पर्छ । यसले उम्मेदवारको निकायपिच्छे बहुआवेदनको सास्ती अन्त्य गर्ने, पदपूर्तिको प्रशासनिक खर्चमा ठुलो कटौती गर्ने र सङ्गठित संस्थामा रहेको कर्मचारी पलायनको गम्भीर समस्यासमेत उल्लेखनीय रूपमा न्यूनीकरण गर्ने छ ।

सङ्गठित संस्थामा माथि सुझाइए जस्तै विश्वविद्यालय तथा शिक्षण संस्थाको जनशक्ति छनोटमा समेत नीतिगत 'डिपार्चर' को टड्कारो आवश्यकता देखिएको छ । सम्पूर्ण शैक्षिक तथा प्राज्ञिक संस्थाको भर्नाको केन्द्रीय जिम्मेवारी लोक सेवा आयोगलाई नै सुम्पिनु उपयुक्त हुन्छ । संवैधानिक व्यवस्थाले विश्वविद्यालयको पदपूर्तिमा आयोगको क्षेत्राधिकारलाई पूर्ण रूपमा नसमेटेकाले आवश्यक कानूनी र संवैधानिक जटिलतालाई सम्बोधन गरिनु पर्छ । हालैका दिनमा विश्वविद्यालय सेवा आयोगले आफ्ना परीक्षा सञ्चालनलगायतका कार्यमा आयोगलाई नै अनुरोध गरिरहेको यथार्थले यो नीतिगत रूपान्तरणको औचित्यलाई पुष्टि गर्छ ।

अन्त्यमा तीव्र गतिमा परिवर्तन भइरहेको विश्वव्यापी परिवेश र प्राविधिक जटिलतालाई सम्बोधन गर्न सिङ्गापुर र भारतको सफल अभ्यास अनुरूप डिजिटल गभर्नेन्स, आर्थिक कूटनीति र साइबर सुरक्षा जस्ता विशिष्टीकृत पदमा बजारका उत्कृष्ट प्रतिभालाई पार्श्व प्रवेशमार्फत भित्र्याउन सक्ने लचिलो नीतिगत बाटो खोल्नु उपयुक्त हुन्छ । उल्लिखित बहुआयामिक र एकीकृत दृष्टिकोण अवलम्बन गरी सार्वजनिक क्षेत्रको प्रशासनिक रूपान्तरणको मार्ग प्रशस्त गर्न अब ढिलाइ गर्नुहुँदैन ।

# प्रकाशित समाचार

**१ असार २०८३, सोमबार, गोरखापत्र**

# पहुँच अभिवृद्धि गर्दै लोक सेवा

नेपालको सबैभन्दा जेठो संवैधानिक अङ्ग लोक सेवा आयोगले सार्वजनिक प्रशासनतर्फको पदपूर्तिलाई थप सुदृढ बनाउने तथा पहुँच अभिवृद्धि गर्ने रणनीतिका साथ अगाडि बढेको छ । आयोगले युवालाई सम्बोधन गर्ने गरी चालु आवमा छ वटा प्रदेशको सबै जिल्लाका युवाको साङ्केतिक प्रतिनिधित्व हुने गरी पहुँच अभिवृद्धि कार्यक्रम सञ्चालन ग¥यो ।

आयोगले असार १ गते सोमबार आफ्नो स्थापनाको ७६ औं वार्षिकोत्सव मनाउँदै गर्दा पदपूर्तिलाई थप स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउने गरी अगाडि बढ्दै छ । नेपालको सार्वजनिक प्रशासनमा पदपूर्तिका लागि स्वच्छता र निष्पक्षतामा मानक स्थापना गरेको आयोगले सो विश्वसनीयतालाई जोगाउन तथा थप सुदृढ बनाउन परीक्षा प्रणाली, पाठ्यक्रम परिमार्जन, समयसापेक्ष प्रविधिको अनुकूलन र पहुँच अभिवृद्धिलाई प्राथमिकतामा राखेको छ ।

आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले गोरखापत्रसँगको अन्तर्वार्तामा उत्तरपुस्तिका परीक्षणमा दोहोरो कोडिङ गरेर उम्मेदवारको पहिचान समाप्त गर्दा छनोट प्रक्रिया निष्पक्ष भएको तथा अन्य विधामा प्रविधिको साक्षात्कारले विश्वसनीयता बढाएको बताउनुभयो ।

आयोगले राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका सबै सेवाका उत्तरपुस्तिका दुई जना विज्ञबाट परीक्षण गराउँदै आएको छ । परीक्षणको प्राप्ताङ्कमा ठुलो अन्तर देखिएमा तेस्रो विज्ञबाट परीक्षण गराउने पद्धति विकास गरिएको छ । अध्यक्ष रेग्मीले यसले आयोगको विगतको निष्पक्षता र विश्वसनीयतालाई थप सुदृढ बनाउन सहयोग पुगेको उल्लेख गर्नुभयो ।

आयोगका सदस्य वीरबहादुर राईले बागमतीबाहेकका चार वटा प्रदेशको राजधानी र सुदूरपश्चिमको धनगढी तथा लुम्बिनीको बुटवलमा युवा र विद्यार्थीसँग पहुँच अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको बताउनुभयो । सो कार्यक्रममा करिब छ सय युवा सहभागी भए । उहाँले भन्नुभयो, “लोक सेवा आयोगको उद्देश्य, आयोगको निष्पक्षता र स्वच्छता, सार्वजनिक प्रशासनबारे जनचेतना दिने कार्यक्रम भयो । यसले सार्वजनिक प्रशासन सेवाप्रति युवाको आकर्षण बढाउन सहयोग पुग्ने छ ।” यसै वर्ष आयोगले ’सङ्घीय कानुनबमोजिम अपनाएको सिद्धान्त र मापदण्ड’, युवासँग पहुँच कार्यक्रम, सङ्गठित संस्थाहरूको एकीकृत (पूर्वयोग्यता) परीक्षा, हीरक जयन्ती स्मारिका तयार गरेको छ ।

एकीकृत पूर्वयोग्यता परीक्षाका लागि ९० हजारले दरखास्त पेस गरेकोमा ६६ हजार परीक्षामा उपस्थित भएको र करिब ३० प्रतिशत उत्तीर्ण भएको जानकारी उहाँले दिनुभयो । आयोगले चौथो तहका लागि एकीकृत पूर्वयोग्यता परीक्षा यसै वर्षदेखि लागु गरेको हो । पूर्वयोग्यता परीक्षामा उत्तीर्ण भएकाहरू मात्रै सम्बन्धित सङ्गठित संस्थाको मूल परीक्षामा सहभागी हुन पाउने व्यवस्था गरिएको छ ।

आयोगका प्रवक्तासमेत रहनुभएका सहसचिव पुरुषोत्तम शर्माले संस्थापिच्छे पटक पटक परीक्षा दिनुपर्ने परीक्षार्थीको बाध्यता अन्त्य गरेको, सङ्गठित संस्थाहरूको परीक्षालाई व्यवस्थित बनाएको तथा संस्थाहरूको

परीक्षा सञ्चालन खर्चसमेत घटाएको बताउनुभयो । उहाँले एकीकृत पूर्वयोग्यता परीक्षा पाँचौं र छैटौंसहितका अन्य तहमा समेत सञ्चालनमा ल्याउने तयारी भइरहेको जानकारी दिनुभयो ।

**समावेशी प्रतिनिधित्वको स्थिति**

नेपालको संविधानले निजामती प्रशासन र सङ्गठित संस्थामा पदपूर्ति प्रक्रियालाई समावेशी बनाउने नीति अख्तियार गरेको छ । पछिल्लो दस वर्षमा समावेशी प्रतिस्पर्धाबाट विभिन्न समावेशी समूहका करिब २६ हजार पदपूर्ति भएका छन् । आयोगका अनुसार महिलातर्फ आठ हजार ९६५, आदिवासी जनजातितर्फ सात हजार ३०, मधेशीतर्फ पाँच हजार ७२९, दलिततर्फ दुई हजार ३८६, अपाङ्गतर्फ एक हजार २०७ र पिछडिएको क्षेत्रबाट ९५७ जना सिफारिस भएका छन् ।

सार्वजनिक प्रशासनलाई संवैधानिक व्यवस्थाले समावेशी बनाउँदै लग्दा समूहभित्रै पनि असमानता चुलिएको छ । महिला, मधेशी, आदिवासी-जनजाति र दलितभित्रै समेत असमानता देखिएको छ । आयोगका प्रवक्ता शर्माले ऐनले निर्दिष्ट गरेबमोजिम आयोगले पदपूर्ति गर्दै आएको प्रस्ट्याउनुभयो । उहाँले भन्नुभयो, "समूहभित्रैको असमानताको दुरीलाई कम गर्न ऐनमै सो किसिमको व्यवस्था आउनुपर्‍यो ।"

आयोगको पदपूर्तिसम्बन्धी विज्ञापनमा दरखास्त दिने आवेदकको सङ्ख्यासमेत बढ्दो छ । गत आर्थिक वर्षमा तीन हजार १८१ विज्ञापित पदका लागि चार लाख ५९ हजार ८३४ जनाले दरखास्त दिँदा दुई हजार ५९२ जना सिफारिस भए । आव २०८०/८१ मा तीन हजार ६६० विज्ञापित पदका लागि चार लाख ७३ हजार ४९० दरखास्त पर्‍यो । दुई हजार ६८८ जना सिफारिस भए । गत आवमा विज्ञापित पदको सङ्ख्या २०८०/८१ को अपेक्षा कम हुँदा दरखास्तसमेत कम पर्‍यो।

आयोगले आफ्नो वार्षिकोत्सवका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा स्मारिका प्रकाशन तथा वृक्षरोपण कार्यक्रम गर्दै छ । सो कार्यक्रम आयोगको काठमाडौं कमलपोखरीस्थित केन्द्रीय कार्यालय परिसरमा हुँदै छ ।

## "योग्यता, निष्पक्षता र स्वच्छताको विरासत जोगाउँदै प्रविधिमैत्री रूपान्तरणमा अघि बढ्छौं" : अध्यक्ष रेग्मी

लोक सेवा आयोगको ७६औं वार्षिकोत्सवमा अध्यक्ष माधव प्रसाद रेग्मीले आयोगले सात दशकभन्दा बढी समयदेखि निर्माण गरेको योग्यता प्रणालीको साख र स्वच्छतालाई अक्षुण्ण राख्दै भर्ती, परीक्षा तथा छनोट प्रक्रियालाई थप आधुनिक, छिटोछरितो र प्रविधिमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले सङ्घीय निजामती सेवा ऐन तत्काल जारी गर्न, प्रदेश लोक सेवा आयोगका कार्यमा एकरूपता कायम गर्न तथा विश्वविद्यालयहरूको पदपूर्ति प्रणालीलाई समेत थप प्रतिस्पर्धी र योग्यता आधारित बनाउनुपर्ने आवश्यकता औँल्याएका छन्।

काठमाडौं । लोक सेवा आयोगका अध्यक्ष माधव प्रसाद रेग्मीले सार्वजनिक सेवामा योग्यता, निष्पक्षता र स्वच्छताको मूल्यलाई थप सुदृढ बनाउँदै आयोगलाई प्रविधिमैत्री र आधुनिक संस्थाका रूपमा रूपान्तरण गर्ने दिशामा अघि बढिरहेको बताएका छन्।

लोक सेवा आयोगको ७६औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै अध्यक्ष रेग्मीले सात दशकभन्दा बढी समयदेखि आयोगले निर्माण गरेको योग्यता प्रणाली नेपालको सार्वजनिक प्रशासनको आधारस्तम्भका रूपमा स्थापित भएको उल्लेख गरे। बदलिँदो प्रशासनिक, प्राविधिक र सामाजिक परिवेशअनुसार यही प्रणालीलाई थप परिष्कृत गर्दै नयाँ पुस्ताको अपेक्षा र राज्यका आवश्यकतासँग अनुकूल बनाउनु आजको आवश्यकता भएको उनको भनाइ थियो।

आयोगले स्थापना कालदेखि नै योग्यता, निष्पक्षता र स्वच्छताका मूल्यप्रति प्रतिबद्ध रहँदै समान अवसर, समावेशिता, द्वन्द्वरहितता, परिचय शून्यता, असंलग्नता तथा गोपनीयतालाई आफ्नो कार्यसम्पादनका आधारभूत सिद्धान्तका रूपमा स्थापित गरेको उनले बताए। आयोगले विकास गरेको कानूनी मर्यादा, कार्यविधिगत शुद्धता र प्रणालीगत स्थिरता नै सार्वजनिक प्रशासनको मजबुत आधार भएको उल्लेख गर्दै उनले यही प्रणालीका कारण देशभरका प्रतिभाशाली युवाले सार्वजनिक सेवामा आफ्नो भविष्य देख्न सकेको धारणा राखे।

विक्रम सम्वत् २००८ साल असार १ गते स्थापना भएको लोक सेवा आयोग नेपालको सबैभन्दा पुरानो संवैधानिक निकाय भएको स्मरण गराउँदै अध्यक्ष रेग्मीले विभिन्न राजनीतिक र संवैधानिक परिवर्तनका बीच पनि आयोगले योग्यता प्रणालीको रक्षा र संस्थागत विकासमा निरन्तर भूमिका निर्वाह गरेको बताए। अन्तरिम शासन विधान २००७ बाट सुरु भएको आयोगको संवैधानिक यात्रा पछिल्ला संविधानहरूमार्फत थप सुदृढ बन्दै आएको उल्लेख गर्दै उनले वर्तमान संविधानले सङ्गठित संस्था र सुरक्षा निकायको पदपूर्तिलाई समेत आयोगको अनिवार्य क्षेत्राधिकारभित्र समेटेको बताए।

आयोगले विगतका अनुभव र वर्तमान आवश्यकता दुवैलाई आत्मसात् गर्दै परीक्षा प्रणालीमा क्रमिक सुधार गरिरहेको जानकारी दिँदै उनले सैद्धान्तिक ज्ञान परीक्षणबाट व्यवहारिक क्षमता मूल्याङ्कनतर्फ अग्रसर भएको बताए। यसका लागि 'एसेसमेन्ट सेन्टर मेथोडोलोजी' अन्तर्गतका विभिन्न विधि अवलम्बन गर्न थालिएको र उम्मेदवारको व्यवहारिक ज्ञान, विश्लेषणात्मक क्षमता तथा नेतृत्व सम्भावनालाई समेत मूल्याङ्कन गर्ने प्रणाली विकास भइरहेको जानकारी उनले दिए।

भर्ना तथा परीक्षा प्रक्रियामा सूचना प्रविधिको प्रयोग विस्तार गर्दै आयोगले अनलाइन दरखास्त प्रणालीलाई थप परिष्कृत बनाएको, अनलाइन भुक्तानी प्रणालीसँग आबद्ध गरेको तथा परीक्षार्थीले मोबाइलमार्फत परीक्षा केन्द्रसम्बन्धी जानकारी प्राप्त गर्न सक्ने व्यवस्था कार्यान्वयनमा ल्याएको उनले बताए। डिजिटल

रूपान्तरणका यिनै प्रयासका कारण आयोगले सूचना तथा सञ्चार प्रविधिसम्बन्धी राष्ट्रिय स्तरका सम्मानसमेत प्राप्त गरिसकेको उनले उल्लेख गरे।

सङ्गठित संस्थाहरूको पदपूर्ति प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र कम खर्चिलो बनाउन आयोगले महत्वपूर्ण सुधारका कार्यक्रम अघि बढाएको पनि अध्यक्ष रेग्मीले बताए। उम्मेदवारले एउटै प्रकृतिका पदका लागि विभिन्न संस्थामा छुट्टाछुट्टै परीक्षा दिनुपर्ने बाध्यता अन्त्य गर्न समूहगत एकीकृत परीक्षा प्रणाली सुरु गरिएको उल्लेख गर्दै उनले यस आर्थिक वर्षमा सहायक चौथो तहका पदका लागि पूर्वयोग्यता परीक्षा सञ्चालन गरिएको र आगामी वर्षदेखि सहायक पाँचौं तथा अधिकृतस्तरका पदमा समेत यो व्यवस्था विस्तार गरिने जानकारी दिए।

परीक्षार्थीले परीक्षा दिनका लागि काठमाडौं धाउनुपर्ने अवस्थाको अन्त्य गर्न आयोगका देशभर रहेका १४ वटै कार्यालयबाट परीक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको उल्लेख गर्दै उनले यसबाट परीक्षार्थीको आर्थिक भार र अनावश्यक झन्झट कम हुने विश्वास व्यक्त गरे।

सार्वजनिक प्रशासन सुधारका विषयमा आयोगले निरन्तर रूपमा सरकारलाई सुझाव दिँदै आएको उल्लेख गर्दै अध्यक्ष रेग्मीले सङ्घीय शासन प्रणाली कार्यान्वयन भएको लामो समय बितिसक्दा पनि सङ्घीय निजामती सेवा ऐन जारी हुन नसक्नु चिन्ताको विषय भएको बताए। उक्त ऐनको अभावमा प्रदेशस्तरीय कानुन तथा पदपूर्ति प्रक्रियामा एकरूपता कायम गर्न कठिनाइ भइरहेको उल्लेख गर्दै उनले ऐन अविलम्ब जारी हुनुपर्ने धारणा राखे।

प्रदेश लोक सेवा आयोगहरूले सङ्घीय कानुन र सङ्घीय लोक सेवा आयोगले निर्धारण गरेका आधार तथा मापदण्डको पूर्ण पालना गर्नुपर्नेमा उनले जोड दिए। आयोगले हालै सार्वजनिक गरेको मापदण्डले प्रदेश आयोगहरूबीच एकरूपता कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको उनको भनाइ थियो।

विश्वविद्यालयहरूमा हुने पदपूर्तिलाई पनि थप प्रतिस्पर्धी, निष्पक्ष र योग्यता आधारित बनाउन आवश्यक रहेको अध्यक्ष रेग्मीले बताए। हाल केही विश्वविद्यालयको अनुरोधमा आयोगले लिखित परीक्षा सञ्चालन गरिरहेको उल्लेख गर्दै उनले पदपूर्तिको सम्पूर्ण जिम्मेवारी लोक सेवा आयोगलाई दिने वा सबै विश्वविद्यालयका लागि एकल विश्वविद्यालय सेवा आयोग गठन गर्ने विषयमा गम्भीर छलफल आवश्यक रहेको बताए।

आयोगको हिरक जयन्ती वर्षका अवसरमा प्रकाशित 'हिरक जयन्ती स्मारिका-२०८३ लाई सार्वजनिक प्रशासन, नीति निर्माण तथा संस्थागत सुधारका लागि महत्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा प्रस्तुत गर्दै उनले विगतका अनुभव र भविष्यका चुनौतीबीच सेतु निर्माण गर्ने दस्तावेजका रूपमा यसको उपयोगिता रहने विश्वास व्यक्त गरे।

सम्बोधनको अन्त्यमा अध्यक्ष रेग्मीले आफ्नो व्यक्तिगत जीवनयात्रालाई समेत योग्यता प्रणालीको सफल उदाहरणका रूपमा प्रस्तुत गरे। खोटाङको दुर्गम गाउँबाट सार्वजनिक सेवामा प्रवेश गरी खरिदारदेखि विशिष्ट श्रेणीको सचिव हुँदै लोक सेवा आयोगको अध्यक्षसम्म पुग्न सकेको अनुभव सुनाउँदै उनले यो व्यक्तिगत उपलब्धिभन्दा बढी नेपालको योग्यता प्रणालीको सफलता भएको बताए।

लोक सेवा आयोगले ७५ वर्षको यात्रामा निर्माण गरेको निष्पक्षता, स्वच्छता र जनविश्वासको विरासतलाई अक्षुण्ण राख्दै बदलिँदो प्रविधि, सूचना र नागरिक अपेक्षाअनुसार संस्थालाई थप आधुनिक, सक्षम र विश्वसनीय बनाउने दिशामा आयोग प्रतिबद्ध रहेको उनको निष्कर्ष थियो।

## "अब्बल कर्मचारी छनोट भइरहेका छन्, तर सार्वजनिक सेवा किन उत्कृष्ट हुन सकेन ?" : सभापति ढकाल

*लोक सेवा आयोगले योग्यता प्रणालीको संरक्षण र सार्वजनिक सेवामा सक्षम जनशक्ति छनोटमा महत्वपूर्ण भूमिका खेले पनि कर्मचारी छनोट प्रक्रियामा नैतिकता, सदाचारिता र व्यवहारिक क्षमताको परीक्षणलाई थप प्रभावकारी बनाउनुपर्नेमा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकालले जोड दिएका छन्। उनले प्रतिस्पर्धात्मक परीक्षाबाट उत्कृष्ट कर्मचारी छनोट भइरहे पनि त्यसको प्रतिफल सार्वजनिक सेवा र विकासमा अपेक्षाअनुसार देखिन नसकेको विषय गम्भीर समीक्षा र बहसको विषय भएको बताएका छन्।*

काठमाडौं । प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकालले लोक सेवा आयोगको परीक्षा प्रणालीबाट बृहत् प्रतिस्पर्धाका बीच छनोट भएका कर्मचारीहरूले सार्वजनिक सेवा र विकासका क्षेत्रमा अपेक्षित परिणाम दिन नसकेको विषयलाई सार्वजनिक प्रशासन सुधारको केन्द्रमा राखेर समीक्षा गर्नुपर्ने बताएका छन्।

लोक सेवा आयोगको ७६औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले "बृहत् प्रतिस्पर्धाबाट अब्बल भई छनोट भएका कर्मचारीहरूले किन सार्वजनिक सेवा र विकासलाई उत्कृष्ट बनाउन सकेका छैनन् ?" भन्ने प्रश्न अहिलेको प्रशासनिक बहसको महत्वपूर्ण विषय भएको बताए। योग्यता र निष्पक्षताका आधारमा कर्मचारी छनोट हुनु मात्र पर्याप्त नभई त्यसले राज्यको सेवा प्रवाह, सुशासन र विकासमा कस्तो परिणाम दियो भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण भएको उनको भनाइ थियो।

सार्वजनिक सेवामा योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धनमा लोक सेवा आयोगले सात दशकभन्दा बढी समयदेखि निर्वाह गरेको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै सभापति ढकालले योग्यता, निष्पक्षता र स्वच्छतालाई आधार बनाएर आयोगले सक्षम, व्यावसायिक, अनुशासित तथा राष्ट्रप्रति उत्तरदायी जनशक्ति छनोट गर्दै आएको बताए। यही कारण आयोग सार्वजनिक रोजगारी क्षेत्रको विश्वासिलो संस्थाका रूपमा स्थापित हुन सकेको र लाखौं युवाको आस्थाको केन्द्र बनेको उनको भनाइ थियो।

### 'योग्यता र निष्पक्षता मात्र पर्याप्त छैन, कर्मचारी छनोटमा नैतिकता र आचरण पनि परीक्षण हुनुपर्छ'

सभापति ढकालले लोक सेवा आयोगको भूमिकालाई परीक्षा सञ्चालन र नियुक्तिका लागि सिफारिस गर्ने निकायका रूपमा मात्र बुझ्न नहुने बताए। सुशासन, विधिको शासन, सार्वजनिक प्रशासनको व्यावसायिकता तथा लोकतान्त्रिक शासन व्यवस्थाको संस्थागत सुदृढीकरणमा आयोगको भूमिका अझ व्यापक र महत्वपूर्ण रहेको उनको धारणा थियो।

परिवर्तित प्रशासनिक परिवेशमा कर्मचारी छनोटका लागि योग्यता र निष्पक्षता मात्र पर्याप्त आधार नहुने उल्लेख गर्दै उनले नैतिकता, इमान्दारिता, सार्वजनिक उत्तरदायित्व र आचरणलाई पनि छनोट प्रक्रियाको अभिन्न अङ्ग बनाउनुपर्ने बताए। सार्वजनिक सेवामा देखिने धेरै चुनौतीको सम्बन्ध कर्मचारीको ज्ञान र क्षमताभन्दा पनि कार्यसंस्कृति, जिम्मेवारीबोध र नैतिक आचरणसँग जोडिएको उनको संकेत थियो।

उच्च तहका कर्मचारी छनोटमा नैतिकता र सदाचारितासम्बन्धी पाठ्यक्रम समावेश गरिए पनि त्यसको प्रभावकारिताबारे थप मूल्याङ्कन आवश्यक रहेको उनले बताए। अधिकांश उम्मेदवार सेवा प्रवेशपछि

क्रमशः उच्च पदमा पुग्ने भएकाले सुशासन, निष्ठा, नैतिकता र सदाचारितासम्बन्धी परीक्षण खरिदार, नायब सुब्बा र अधिकृतस्तरबाटै संस्थागत गर्नुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो।

नैतिकताको मूल्याङ्कन केवल लिखित उत्तरमा सीमित नराखी उम्मेदवारको व्यवहार, निर्णय क्षमता, सार्वजनिक उत्तरदायित्व र आचरणसम्बन्धी पक्षलाई समेत परीक्षण गर्न सकिने प्रणाली विकास गर्नुपर्नेमा उनले जोड दिए। यसले आयोगको ऐतिहासिक साख, विश्वसनीयता र योग्यता प्रणालीप्रतिको जनविश्वासलाई थप बलियो बनाउन सहयोग पुग्ने उनले बताए।

समावेशी लोकतन्त्रको सफल कार्यान्वयनका लागि राज्यका सबै वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने उल्लेख गर्दै सभापति ढकालले महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्रका नागरिकलाई सार्वजनिक सेवामा अवसर प्रदान गरेर आयोगले सामाजिक न्याय र समावेशितालाई संस्थागत गर्न योगदान पुऱ्याएको बताए।

यद्यपि आरक्षण प्रणालीलाई थप प्रभावकारी बनाउन अवसरको व्यवस्था मात्र पर्याप्त नहुने उनको भनाइ थियो। लक्षित वर्गको क्षमता विकास, प्रतिस्पर्धात्मक तयारी र सशक्तीकरणमा लोक सेवा आयोगसँगै राज्यका अन्य निकायले पनि समान रूपमा ध्यान दिनुपर्ने आवश्यकता रहेको उनले औँल्याए।

सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै लोक सेवा आयोगको भूमिका थप गहन भएको उल्लेख गर्दै सभापति ढकालले प्रदेश लोक सेवा आयोगहरूमा पनि समान मापदण्ड, प्रक्रिया र प्रणाली संस्थागत गर्न सङ्घीय लोक सेवा आयोगले समन्वयकारी तथा सहजीकरणकारी भूमिका निर्वाह गर्नुपर्ने बताए।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा दक्ष, सक्षम र परिणाममुखी जनशक्तिको आवश्यकता बढिरहेका बेला परीक्षा प्रणालीको आधुनिकीकरण, सूचना प्रविधिको प्रयोग, परीक्षा विधिको परिष्करण तथा पारदर्शिताको प्रवर्द्धनमा आयोगले थप अग्रसरता देखाउनुपर्ने उनको धारणा थियो। उनले आयोगले आफ्नो विश्वसनीयता र संस्थागत साखलाई अझ बलियो बनाउँदै सार्वजनिक प्रशासन सुधार, सुशासन प्रवर्द्धन तथा योग्यता प्रणालीको सुदृढीकरणमा नेतृत्वदायी भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याए।

**लोकसेवा आयोगको ७६औँ स्थापना दिवस : सप्ताहव्यापी रचनात्मक कार्यक्रमसहित भव्य तयारी**
**असार १ गते विशेष कार्यक्रम आयोजना, भोलि प्रभातफेरि**

नेपालमा योग्यता, निष्पक्षता र स्वच्छ प्रतिस्पर्धाको विश्वसनीय संस्थाका रूपमा स्थापित लोक सेवा आयोग ले आफ्नो ७६औँ स्थापना दिवसका अवसरमा सप्ताहव्यापी रचनात्मक तथा सिर्जनात्मक कार्यक्रम सञ्चालन गरिरहेको छ।

वि.सं. २००८ साल असार १ गते 'नेपाल पब्लिक सर्भिस कमिशन'का रूपमा स्थापना भएको आयोगले हरेक वर्ष असार १ गते विशेष कार्यक्रम आयोजना गर्दै स्थापना दिवस मनाउँदै आएको छ। गत वर्ष हीरक जयन्ती सम्पन्न गरेको आयोगले यस वर्षलाई हीरक जयन्ती समापन वर्षकारूपमा मनाइरहेको जनाएको छ।

आयोगका अनुसार आगामी असार १ गते आयोजना हुने विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल को प्रमुख आतिथ्यता रहनेछ। कार्यक्रममा विभिन्न संवैधानिक निकायका प्रमुख, उच्चपदस्थ सरकारी अधिकारी तथा विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहने जनाइएको छ। विशेष समारोह आयोगको केन्द्रीय कार्यालय कमलपोखरीमा आयोजना हुनेछ।

स्थापना दिवसको पूर्वसन्ध्यामा आइतबार बिहान काठमाडौंमा प्रभातफेरि कार्यक्रमसमेत आयोजना गरिएको आयोगले जनाएको छ। प्रभातफेरि कमलपोखरीबाट सुरु भई डिल्लीबजार, अनामनगर, सिंहदरबार परिक्रमा गर्दै पुतलीसडक हुँदै पुनः कमलपोखरी पुगेर समापन हुने कार्यक्रम तय गरिएको छ।

सप्ताहव्यापी कार्यक्रमअन्तर्गत आयोगले जेठ २५ र २६ गते ब्याडमिन्टन प्रतियोगिता सम्पन्न गरिसकेको छ। त्यस्तै, जेठ २७ गते आयोग परिसरमा विशेषज्ञ चिकित्सकसहितको टोलीबाट आँखा शिविर सञ्चालन गरिएको थियो। सोही दिन अन्तर-संवैधानिक निकायस्तरीय हाजिरीजवाफ प्रतियोगिता पनि आयोजना गरिएको थियो।

यसैबीच, जेठ २९ गते रक्तदान कार्यक्रम सम्पन्न गरिएको आयोगले जनाएको छ। आयोगले स्थापना दिवसलाई केवल औपचारिक समारोहमा सीमित नराखी स्वास्थ्य, खेलकुद, जनचेतना र संस्थागत सहकार्यसँग जोडेर मनाउन थालेपछि कार्यक्रमले थप रचनात्मक स्वरूप पाएको टिप्पणी गरिएको छ।

गोरखापत्र अनलाईन, २०८३ जेठ ३१

# लोकसेवा आयोगको वार्षिकोत्सवको अवसरमा प्रभातफेरी (फोटो फिचर)




काठमाडौं, जेठ ३१ गते । लोक सेवा आयोगको ७६ औं वार्षिकोत्सव तथा हीरक जयन्ति वर्ष २०८३ को अवसरमा आज विहान प्रभातभरी आयोजना गरिएको छ । लोक सेवा आयोगको कार्यालयबाट सुरु भएको प्रभातफेरी केही स्थानको परिक्रममा गरिएको लोक सेवा आयोगका प्रवक्ता तथा सहसचिव पुरुषोत्तम शर्माले बताउनुभयो ।

प्रभातफेरीपछि आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले आयोगले योग्यता, दक्षताका आधारमा कर्मचारीको व्यवस्थापन गर्ने काम गरिरहेको बताउनुभयो । आयोगले निश्पक्षता, स्वच्छतालाई मूलमन्त्र बनाएर पारदर्शी काम गरिरहेको बताउनुभएको थियो ।

प्रभातफेरीमा सम्बद्ध सङ्घ संस्थाका कर्मचारीहरूको पनि सहभागिता थियो । प्रभातफेरी आयोगको कार्यालय कमलपोखरीबाट सुरु भएर अनामनगर, सिंहदरवार, सर्वोच्च अदालत, पुतलीसडक परिक्रममा गर्दै कमल पोखरी पुगेर समापन भएको प्रवक्ता शर्माले बताउनुभयो । आयोगले यस वर्ष लोकसेवा आयोगको प्रतिबद्धता, प्रतिस्पर्धात्मक छनौटको सुनिश्चित्ता नारा तय गरेको छ ।


ACHAAR GHAR
LAMINAR
VITRIFIED
N.S. CERTIFIED
NEW TOP PAAN PASAL
लोक सेवा आयोग
७६औं वार्षिकोत्सवको अवसरमा आयोजित
प्रभातफेरी कार्यक्रम
२०८३ जेठ ३१ गते


लोक सेवा आयोग
७६औं वार्षिकोत्सवको अवसरमा आयोजित
प्रभातफेरी कार्यक्रम
योग्यताको सम्मान,
राष्ट्रको उत्थान !
सबैलाई अवसर,
योग्यताको कदर !
निष्पक्ष परीक्षा,
विश्वसनीय नतिजा !


LOOKSCART
K.C. COLONY
"योग्यता, निष्पक्षता, स्वच्छता"
लोक सेवा आयोग
७६औं वार्षिकोत्सवको अवसरमा आयोजित
प्रभातफेरी कार्यक्रम
२०८३ जेठ ३१ गते


लोक सेवा आयोग
७६औं वार्षिकोत्सवको अवसरमा आयोजित
प्रभातफेरी कार्यक्रम

# ७६ औ वार्षिकोत्सव कार्यक्रमका केही झलक


लोक सेवा आयोग
योग्यता, निष्पक्षता स्वच्छता
Public Service Commission, Nepal
हीरक जयन्ती (२००८-२०८३)
Diamond Jubilee


“योग्यता, निष्पक्षता, स्वच्छता”
लोक सेवा आयोग
७६औं वार्षिकोत्सवको अवसरमा आयोजित
अन्तर संवैधानिक निकाय
हाजिरीजवाफ प्रतियोगिता
२०८३ जेठ २७ र २८ गते
PREMIUM
PREMIUM
PREMIUM








ब्याडमिन्टन कभर्ड हल
काठमाडौं-२९, घट्टेकुलो, रुद्रमती मार्ग,
लोक सेवा आयोग


स्थापना: २०५७
ब्याडमिन्टन कभर्ड हल
लोक सेवा आयोग
७६औं वार्षिकोत्सवको अवसरमा आयोजित


लोक सेवा आयोग


परीक्षा केन्द्र 'क'
कोठा नं:१,२,३२५
लोक सेवा आयोग
७६ औ वार्षिकोत्सव, २०८३
माध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता
असार १, २०८३
- पोखरा कार्यालय




लोक सेवा आयोगको
७६ औं वार्षिकोत्सवको अवसरमा आयोजित
माध्यमिक विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता


लोक सेवा आयोगको
७६ औं वार्षिकोत्सवको अवसरमा आयोजित
माध्यमिक विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता
कम्प्युटर सीप परीक्षण कक्ष


आयोग
कार्यालय


लोक सेवा आयोगको
७६ औं वार्षिकोत्सवको
हाजिरीजवाफ प्रतियोगिता


लोक सेवा आयोग
धनकुटा कार्यालय


लोक सेवा आयोग, हेटौंडा कार्यालय
सेवा आयोगको ७६ औं वार्षिकोत्सवका अवसरमा
माध्यमिक
प्रतियोगिता
८३/०३/०१ गते
११:०० बजे
सिद्धार्थ माध्यमिक
लोक सेवा
हेटौंडा कार्यालय


लोक सेवा आयोग
हेटौंडा कार्यालय
"लोक सेवा आयोगको प्रतिबद्धता : योग्यता निष्पक्षता र स्वच्छता"
लोक सेवा आयोग, हेटौडा कार्यालय
हेटौडा, मकवानपुर
लोक सेवा आयोगको ७६ औ बार्षिकोत्सवका अवसरमा आयोजित
माध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियागिता
मिति :- २०८३/०३/०१ गते
समय :- विहान ११:०० बजे
स्थान :- श्री सिद्धार्थ माध्यमिक विद्यालयको सभाहल, हेटौडा
आयोजक
लोक सेवा आयोग
हेटौडा कार्यालय, मकवानपुर


लोक सेवा आयोग
महेन्द्रनगर कार्यालय
महेन्द्रनगर ,कञ्चनपुर
फोन नं: ०९९-५२१२०९, ५२३९९२ फ्याक्स, ५२३९९२






"सौम्यता, निष्पक्षता, स्वच्छता"
लोक सेवा आयोग
जलेश्वर कार्यालय
लोक सेवा आयोगको ७६ औं वार्षिकोत्सवको अवसरमा आयोजि
जलेश्वर नगरपालिका स्थित माध्यमिक विद्यालयस्तरीय
हाजिरीजवाफ प्रतियोगिता
संवत् २०८३ साल असार १ गते, सोमबार


लोक सेवा आयोग


लोक




'योग्यता, निष्पक्षता, स्वच्छता'
लोक सेवा आयोग
७६ औं वार्षिकोत्सवको अवसरमा आयोजित
प्रतियोगिता


लोक सेवा आयोगको ७६औं वार्षिकोत्सव
एवम् हीरक जयन्ती समापनका अवसरमा आयोजित
माध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता
दिल्पेश्वर